Samriddhi Finance

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

# SAMRIDDHI FINANCE COMPANY LTD.

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था

# २४औं

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१।२०८२

## 24th ANNUAL REPORT

FY 2024-2025

समृद्धि फाइनान्स कम्पनी लिमिटेड
२४औं वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८१।२०८२

# सञ्चालक समिति



श्री अजय कुमार मिश्र
अध्यक्ष



श्री विनोद कुमार सुवेदी
सञ्चालक (सर्वसाधारण)



श्रीमती दुर्गा थापा
सञ्चालक (सर्वसाधारण)



श्री सुदिप घिमिरे
सञ्चालक (संस्थापक)



श्री दिनेश कुमार बर्तौला
सञ्चालक (संस्थापक)



श्री रोशन पन्त
सञ्चालक (संस्थापक)

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

**प्रधान कार्यालय : हेटौंडा-१, मकवानपुर**

## २४औं साधारण सभाको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने निवेदन फाराम

श्री सञ्चालक समिति,
समृद्धि फाइनान्स कम्पनी लिमिटेड
हेटौंडा, मकवानपुर ।

### विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

................प्रदेश..............जिल्ला.................... महा/उप-महानगर/नगरपालिका/गाउँपालिका वडा नं. ...... बस्ने म/हामी .................... ले त्यस संस्थाको शेयरवालाको हैसियतले २०८२/१०/१४ गतेका दिन हुने चौबिसौं वार्षिक साधारण-सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि.....................प्रदेश ................जिल्ला.................... महा/उप-महानगर/नगरपालिका/गाउँपालिका वडा नं. ........ बस्ने त्यस संस्थाका शेयरधनी सदस्य श्री ................... .................................... शेयरधनी नं./ हितग्राही खाता नं. ........ ................................ लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

**निवेदक,**
दस्तखत ......................................
नामः.....................................................................................................
ठेगानाः...................................................................................................
शेयरधनी नं./हितग्राही खाता नं. ..............................................शेयर कित्ता...........................
मितिः २०८२/..../....

**द्रष्टब्यः** यो निवेदन साधारण-सभा हुनुभन्दा ४८ घण्टा अगावै यस संस्थाको प्रधान कार्यालय हेटौंडा वा शाखा कार्यालय पुतलीसडक, काठमाण्डौंमा पेश गरिसक्नु पर्नेछ । एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि मुकरर गरेमा संस्थाको कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधिलाई मात्र मान्यता दिइने छ ।

.............................................................................................................

## प्रवेश-पत्र

शेयरधनीको नाम.........................................................................................
शेयरधनी नं./हितग्राही खाता नं.......................................................................
शेयरधनी परिचय नं. ................ कुल शेयर सङ्ख्या ...................... शेयरधनीको दस्तखत....................

**द्रष्टब्यः**
शेयरधनी आफैंले खाली ठाउँ भर्नु होला ।
साधारण-सभा हलमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ ।

...............................
**विनोद राज पौडेल**
**कम्पनी सचिव**

# विषयसूची

| | |
|---|---|
| प्रोक्सी फारम | १ |
| चौबिसौं वार्षिक साधारण-सभा सम्बन्धी सूचना | ४ |
| साधारण-सभा सम्बन्धी अन्य जानकारी | ६ |
| सञ्चालक समितिका अध्यक्षको मन्तव्य | ७ |
| प्रमुख कार्यकारी अधिकृतको मन्तव्य | ९ |
| सञ्चालक समितिको प्रतिवेदन | ११ |
| कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ अनुसारको विवरण | १६ |
| धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६(२) सँग सम्बन्धित अन्य विवरणहरु | २५ |
| कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण | २७ |
| संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन | २९ |
| लेखापरीक्षकको प्रतिवेदन | ३९ |
| वित्तीय अवस्थाको विवरण (वासलात) | ४४ |
| नाफा नोक्सान विवरण | ४६ |
| अन्य विस्तृत आम्दानीको विवरण | ४७ |
| इक्विटीमा भएको परिवर्तनको विवरण | ४८ |
| नगद प्रवाह विवरण | ५० |
| वितरण योग्य नाफा वा नोक्सान सम्बन्धी विवरण | ५२ |
| आधारभूत लेखा नीतिहरु | ५३ |
| अनुसूचीहरु | ७९ |
| प्रकटीकरण र थप जानकारी | ११४ |
| अपरिष्कृत र परिष्कृत वित्तीय विवरणको तुलना | १३३ |
| प्रमुख वित्तीय परिसूचकहरु | १३६ |
| नेपाल राष्ट्र बैंकको स्वीकृति | १३७ |
| नेपाल राष्ट्र बैंकको निर्देशनको कार्यान्वयन सम्बन्धमा | १३८ |
| प्रबन्धपत्र संशोधन सम्बन्धी तीन महले विवरण | १३९ |

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

## रजिष्टर्ड (केन्द्रिय) कार्यालय, हेटौंडा, मकवानपुर

## चौबिसौं वार्षिक साधारण-सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावज्यूहरू,**

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडको मिति २०८२/०९ /२० मा बसेको सञ्चालक समितिको ५३७ औं बैठकको निर्णयानुसार संस्थाको चौबिसौं वार्षिक साधारण-सभा देहायको मिति, समय र स्थानमा तपशिल बमोजिमका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ माघ १४ गते, बुधवार (तद्नुसार २०२६ जनवरी २८ तारिख)

समय : विहानको ११:०० बजे

स्थान : होटेल एभोकाडो "अर्किड रिसोर्ट" हेटौंडा मकवानपुर।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब, वित्तीय विवरण तथा नगद प्रवाह विवरण लगायतका अनुसूचीहरू माथि छलफल गरि पारित गर्ने।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. सञ्चालकको नियुक्ति सम्बन्धी जानकारी तथा सो को अनुमोदन गर्ने सम्बन्धमा।

५. विविध।

**(ख) विशेष प्रस्तावहरु :**

१. यस समृद्धि फाइनान्स कम्पनी लिमिटेड र पोखरा फाइनान्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रस्ताव पारित गर्ने।

२. यस वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु. ८१,८९,११,४००।- रहेको र पोखरा फाइनान्स लिमिटेडको जारी तथा चुक्ता पुँजी रु. १,०८,२५,५६,६०५।- रहेको र मर्जर पश्चात शेयर संरचनामा परिवर्तन हुने भएकोले प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा भएको व्यवस्था संसोधन गर्ने।

३. समृद्धि फाइनान्स कं. लि. र पोखरा फाइनान्स लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि मूल्यांकनकर्ता P.L.R.G Associates बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त गाभ्ने/गाभिने (मर्जर) समितिको सिफारिसमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम समृद्धि फाइनान्स कम्पनी लिमिटेडको १ कित्ता शेयर बराबर पोखरा फाइनान्स लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर कायम हुने गरी आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक कित्ताबराबर एक कित्ता) शेयर कायम गर्ने गरी दुबै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्न स्वीकृति प्रदान गर्ने।

४. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागी दुबै संस्थाको चलअचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) र उक्त प्रतिवेदन तयार गर्न नियुक्त गरेको लेखापरीक्षक/मुल्याङ्कनकर्ता P.L.R.G Associates को नियुक्ति, निजको पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

५. यस संस्थाको मिति २०८१ मंसिर ६ गते सम्पन्न २३ औं वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच मिति २०८२/०४/०४ गते (Memorandum of Understanding) समझदारीपत्रमा दस्तखत गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि सम्पन्न सम्झौतापत्र लगायत भए गरेका सम्पूर्ण कार्यको अनुमोदन गर्ने तथा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा बाँकी रहेका सम्पूर्ण आवश्यक कार्यहरु गर्न र सो सम्बन्धमा भएका सम्पूर्ण खर्चहरु अनुमोदन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) पश्चात नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति लिई पोखरा फाइनान्स लिमिटेडको नामबाट एकीकृत कारोबार गर्ने प्रस्ताव पारित गर्ने ।

७. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) पश्चात गठन हुने सञ्चालक समितिमा संस्थाबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको प्रस्तावित नाम पारित गर्ने ।

८. समृद्धि फाइनान्स कं. लिमिटेड र पोखरा फाइनान्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा यस संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा पूँजी, सञ्चालक समितिको संरचना लगायतका सम्बन्धित अन्य आवश्यक दफा तथा नियमहरु समेतमा संशोधन गर्ने, उक्त संशोधनलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने/गराउने सो क्रममा भए गरेका काम कारवाहीका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु तथा आवश्यकता अनुसार संस्था दर्ता, प्यान दर्ता, खारेजी लगायतका कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड
# वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी :

१. यस चौबिसौं वार्षिक साधारणसभा प्रयोजनको लागी संस्थाको शेयरधनी दर्ता पुस्तिका मिति २०८२/०९/३० गते एक दिन बन्द रहनेछ। शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०८२/०९/३० भन्दा अघिल्लो दिनसम्म कारोबार भई प्रचलित नियमबमोजिम यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि. काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त साधारणसभामा भाग लिन तथा मतदान गर्न पाउनेछन्।

२. संचालकको निर्वाचनमा मतदान गर्ने शेयरधनी वा निजको प्रतिनिधिले भौतिक रुपमा साधारण सभामा उपस्थित भई मतदान प्रक्रियामा सहभागी हुनुपर्नेछ।

३. वार्षिक साधारण सभामा भौतिक रुपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ। हाजिरी पुस्तिका बिहान ९ बजे देखि सभा चालु रहुन्जेल सम्म साधारण सभा हुने हलको बाहिर पट्टी खुल्ला रहनेछ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले यस संस्थाकै अर्को शेयरधनीलाई मात्र प्रतिनिधी नियुक्त गर्न सक्नुहुनेछ। प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा यस कम्पनीको कार्यालयमा उपलब्ध वा वेभसाइटमा उपलब्ध प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै (२०८२/१०/१२ गते विहान १० बजेसम्म) कम्पनीको प्रधान कार्यालय हेटौंडा वा शाखा कार्यालय पुतलीसडक, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ।

५. नाबालक वा असक्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्ति वा प्रतिनिधी (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न प्रतिनिधि तोक्न पाउनेछ।

६. संयुक्त रुपमा शेयर खरीद गरि लिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ।

७. एकै शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि मुकरर गरेमा संस्थाको कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधिलाई मात्र मान्यता दिइनेछ।

८. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्धारा मनोनित व्यक्तिले ल्याउने प्रोक्सी फाराममा संस्थाको छाप र संस्थाको आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ।

९. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफैं उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ।

१०. सभामा आफ्नो प्रश्नहरु सोध्न इच्छुक शेयरधनीले अध्यक्षले तोकेको समयमा आफ्नो प्रश्न संक्षेपमा सोध्नु पर्नेछ। यस्तो प्रश्न साधारण सभा अगावै वा साधारण सभाको समयमा लिखित रुपमा पनि सोध्न सकिनेछ। साधारण सभा अगावै सोधिने यस्ता प्रश्न संस्थाको प्रधान कार्यालय वा पुतलीसडक शाखा कार्यालयमा दर्ता गराउने वा इमेल info@sfcl.com.np मा पठाउन सकिने छ।

११. शेयरधनी महानुभावहरुले सोधेका प्रश्नहरुका सम्बन्धमा अध्यक्षले वा निजले तोकेको व्यक्तिले बेग्लाबेग्लै वा सामुहिकरुपमा उत्तर दिनु हुनेछ।

१२. सभाको दिन सभा सुरु हुने भनी तोकिएको समयमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ।

१३. साधारण-सभामा प्रस्तुत हुने प्रतिवेदन साधारण-सभा भन्दा अघि नै प्राप्त गर्न इच्छुक शेयरधनी महानुभावहरुले कम्पनीको प्रधान कार्यालय हेटौंडा वा शाखा कार्यालय पुतलीसडक, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन अनुरोध छ। साथै यो सुचना र यस संस्थाको २०८१/८२ को वार्षिक प्रतिवेदन तथा आर्थिक विवरण संस्थाको वेबसाइट www.sfcl.com.np मा हेर्न तथा डाउनलोड गर्न सक्नुहुनेछ।

# संचालक समितिका अध्यक्षको मन्तव्य

## समृद्धि फाइनान्स कम्पनी लिमिटेडको चौबिसौं वार्षिक साधारण-सभा (आर्थिक वर्ष २०८१/८२)



**आदरणीय शेयरधनी महानुभावहरु,**

समृद्धि फाइनान्स कम्पनी लिमिटेको २४ औं वार्षिक साधारण सभामा भाग लिन उपस्थित हुनु भएका सञ्चालक समितिका सदस्यहरु, संस्थापक शेयरधनीज्यूहरु पुर्व सञ्चालकहरु, साधारण शेयरधनीहरु, नियमनकारी निकायबाट पाल्नु भएका अतिथिहरु, पत्रकारहरु तथा अन्य समस्त अतिथि महानुभावहरुलाई यस संस्था र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दछु ।

बाग्मती प्रदेशको रमणीय राजधानी हेटौंडाका विभिन्न व्यवसायीहरुको अगुवाईमा २०५७ सालमा स्थापित नेपाल राष्ट्र बैंकबाट “ग” वर्गको राष्ट्रिय स्तरको संस्थाको रुपमा इजाजत प्राप्त गरी वर्ल्ड मर्चेण्ट बैकिङ एण्ड फाइनान्स कम्पनी लि.ले यस दौरानमा विभिन्न आरोह अवरोहहरु पार गरी नयाँ पूँजी र नयाँ लगानीकर्ताहरुको थप लगानी पश्चात् २०७६ कार्तिक २५ गते देखि समृद्धि फाइनान्सको नाममा विधिवत रुपमा सञ्चालनमा आएको हो । नेपाल राष्ट्र बैंकबाट पुन इजाजतपत्र प्राप्त गरी सञ्चालनमा आएको केही समय पश्चात् नै सुरु भएको कोरोना महामारीले देशकै अर्थतन्त्रमा गम्भीर धक्का दिंदा यो संस्था अछुतो रहने कुरै भएन । कोरोना महामारीकै बीचमा भएको अधिक तरलता एवं कोरोना महामारीको अन्त्यसँगै बजारको तरलतामा देखिएको संकटले निक्षेपको व्याजदरमा भएको अस्वाभाविक वृद्धिले संस्थालाई ठुलै प्रभाव पारेको यहाँहरुलाई अवगत नै छ । केही समयपश्चात् उच्च गतिमा निक्षेपको वृद्धि, शेयर कारोबार एवं घर जग्गा कारोबारमा आएको सुस्तता, नयाँ व्यवसाय स्थापनमा एवं विस्तारमा आएको कमीले संस्थाको व्यवसाय विस्तारमा समेत प्रतिकुल असर परेको छ । खासगरी यस अवधिमा संस्थाले उच्च तरलता, उच्च कर्जाको वृद्धिदर, तरलतामा संकुचन, व्याजदरमा उच्च वृद्धि, लगत्तै व्याजदरमा उच्च गिरावट, निष्कृय कर्जामा बढोत्तरी, बजारमा बैकिङ विरोधी गतिविधि लगायतका सबै दृश्यहरु पुनः इजाजत प्राप्त गरेको थोरै समयमा नै सामना गर्नु पर्‍यो । सानो पुँजी एवं थोरै व्यवसायबाट सञ्चालन खर्च धान्नु पर्ने, ठुलो मात्रामा रहेको संचिति नोक्सानीलाई पार गर्दै प्रतिष्पर्धी बजारमा व्यवसाय विस्तार गर्नु चुनौतीकै विषय हो । यस विषम परिस्थितिमा समेत नेपाल राष्ट्र बैंकको उचित निर्देशन, शेयरधनीहरुको प्रगाढ माया एवं विश्वास, सञ्चालकहरुको उचित मार्गदर्शन एवं व्यवस्थापनको अथक मिहेनत एवं प्रतिबद्धताले समस्यालाई समाधान गर्दै दुरगामी योजनाको साथ संस्था अघि बढिरहेको जानकारी यस सभालाई गराउन चाहान्छु ।

विगतमा १८ करोड रहेको शेयर पुँजीमा वृद्धि भई ८१ करोड पुगेको छ भने विगतमा ३ वटा शाखा केन्द्रित कारोबार हाल वृद्धि भई ५ वटा प्रदेशमा १३ वटा शाखा मार्फत कारोबार सञ्चालन भएको छ । ग्राहक संख्यामा वृद्धि भई ३५ हजार नाघेको छ भने जोखिम व्यवस्थापन एवं अनुपालनालाई संस्थाको मेरुदण्डको रुपमा अवलम्बन गरिएको छ । कर्जा लगानीपुर्व जोखिम विश्लेषण गर्ने एवं निष्कृय कर्जा असुलीलाई प्राथमिकतामा राखी कार्य गरिहेको छ । विगत वर्षमा १९ प्रतिशत भन्दा अधिक रहेको निष्कृय कर्जा अनुपात समीक्षा अवधिमा ९.६६ कायम भएको छ र यस वर्षको अन्त्यमा ५ प्रतिशतको हाराहारीमा कायम गर्ने दृढ संकल्प संस्थाले लिएको छ ।

अहिले प्रतिष्पर्धी बजारमा एक्लो प्रयासले भन्दा पनि मर्जरपश्चात् संयुक्त रुपमा प्रयास गरिदाँ अझ शेयरधनीको हित सुरक्षित गर्न सकिन्छ भन्ने आत्मसाथ सञ्चालक समितिले गरी साधारण सभाबाट प्रत्यायोजन भएको अधिकार बमोजिम नेपाल राष्ट्र बैंकबाट राष्ट्रिय स्तरको इजाजतपत्रप्राप्त पोखरा फाइनान्ससँग मर्जर सम्झौता भई मर्जर प्रक्रिया अगाडि बढेको छ । नेपाल राष्ट्र बैंकबाट मिति २०८२/०६/२७ मा सैद्धान्तिक सहमती प्राप्त भई हाल मुल्याकंन लेखापरीक्षण समेत सम्पन्न भई सकेको

जानकारी यस सभालाई गराउन पाउँदा गौरवान्वीत भएको महसुस गरेको छु। आज यस वार्षिक साधारण सभामा विशेष प्रस्ताव तर्फ मर्जरको प्रस्ताव रहेको हुँदा यसलाई पारित गरी सञ्चालक समितिलाई अख्तियारी गर्नु हुनेछ भन्ने विश्वास लिएको छु। आगामी वर्ष नेपालकै उच्च पूँजी भएको फाइनान्स कम्पनीको रुपमा साधारण सभामा यहाँहरु समक्ष उपस्थिति हुने प्रण गर्दछु।

अन्त्यमा, सञ्चालक समितिको तर्फबाट यस सभामा उपस्थित शेयरधनी, साथै यस संस्थालाई यस अवस्थासम्म पुऱ्याउन सहयोग गर्नुहुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज तथा अन्य निकायहरु, निक्षेपकर्ता, ऋणी तथा ग्राहकहरू र सञ्चार जगत प्रति आभार व्यक्त गर्दछु। यस संस्थाको व्यवस्थापनमा मलाई सहयोग गर्नुहुने सञ्चालक समितिका सदस्यहरु, व्यवस्थापन समिति तथा सम्पुर्ण कर्मचारीहरु प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु। संस्थाका बाहृय लेखापरिक्षकले संस्थाको लेखापरीक्षण कार्य समयमा नै सम्पन्न गरिदिनु भएको र वहाँहरुको सुझावको लागि हार्दिक धन्यवाद दिन चाहान्छु। यस संस्थाको उत्तरोत्तर प्रगति र समृद्धिका लागि यहाँहरु सबैको सहयोग तथा सदभावको अपेक्षा राखेको छु।

धन्यवाद

अजय कुमार मिश्र<br>
अध्यक्ष<br>
मितिः २०८२/१०/१४

# प्रमुख कार्यकारी अधिकृतको मन्तव्य



समृद्धि फाइनान्स कम्पनी लिमिटेडको यस गरिमामय २४औं वार्षिक साधारणसभाको अध्यक्षता गर्नु भएका वित्तीय संस्थाका अध्यक्षज्यू, संस्थाका सञ्चालकज्यूहरु, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, लेखापरीक्षकज्यू, आमन्त्रित अतिथिज्यूहरु, पत्रकारज्यूहरु, तथा मेरा सहकर्मी कर्मचारी साथीहरुमा म वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत एवं समस्त वित्तीय संस्था परिवारको तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु।

समीक्षा वर्षमा समग्र बैकिङ क्षेत्रको निक्षेपमा ११.०६ प्रतिशत वृद्धि भएको छ भने वित्त कम्पनीहरुको निक्षेपमा २.१६ प्रतिशत वृद्धि भएको छ। त्यसैगरी कर्जा लगानी तर्फ समग्र बैकिङ क्षेत्रको कर्जा लगानीमा ७.५६ प्रतिशतको वृद्धि भएको छ भने वित्त कम्पनीहरुको कर्जा वृद्धिदर ४.३१ प्रतिशत रहेको छ। समीक्षा वर्षमा वित्तीय क्षेत्रको निष्कृय कर्जा अनुपातमा उच्च गतिले बढोत्तरी भएको छ। यस अवधिमा समग्र वित्त कम्पनीहरुको औसत निष्कृय कर्जा अनुपात ११.०५ प्रतिशत रहेको छ। समीक्षा वर्षमा यस वित्तीय संस्थाको निक्षेपमा १५.४८ प्रतिशतले वृद्धि भई २.९१ अर्ब पुगेको छ भने कर्जा लगानीमा १५.६७ प्रतिशतले वृद्धि भई रु २.०७ अर्ब पुगेको छ। सानो आकारमा रहेको व्यवसायलाई वृद्धि गरी आगामी दिनमा व्यापार व्यवसायमा वृद्धि गरी उच्च रहेको संचिति नोक्सानीलाई कमी गर्नु नै मेरो प्रथम उद्देश्य हुनेछ। वित्तीय संस्थाको भने अघिल्लो वर्ष १९ प्रतिशत भन्दा अधिक रहेको निष्कृय कर्जा अनुपात समीक्षा वर्षको अन्त्यसम्म आईपुग्दा ९.६६ प्रतिशत कायम भएको छ र निष्कृय कर्जा अनुपात घट्दो क्रममा रहेको र यस आ.व.को अन्त्यसम्म ५ प्रतिशतको हाराहारीमा रहने जानकारी यस सभा समक्ष गराउन चाहान्छु।

पछिल्लो समय बजारमा बढ्दै गईरहेको उच्च तरलता, व्यापार व्यवसायमा आएको कमी, घर जग्गा एवं शेयर कारोबारमा आएको सुस्तताले एकातर्फ संस्थाको व्याज खर्चमा बढोत्तरी भएको छ भने अर्को तर्फ कर्जा असुली एवं गैह्र बैकिङ सम्पत्ति विक्रीमा समेत चुनौती थपिएको छ। यद्यपी चुनौतीमा समेत सम्भावनाका अवसरहरु हुनेछन् भन्ने सिद्धान्तलाई गहन रुपमा मनन गरी सञ्चालक समितिको मार्गनिर्देशन र मेरा कर्मठ एवं सहयोगी कर्मचारीहरुको सहयोगले व्यवसाय वृद्धि, कर्जा असुली एवं गैह्र बैकिङ सम्पत्ति विक्रीमा समेत केही सकारात्मकता देखिएको छ।

संस्थाले यस आर्थिक वर्षमा मर्जरको सम्बन्धमा पोखरा फाइनान्स लि. सँग प्रारम्भिक सम्झौता गरेकोमा नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त गरी मुल्याकंन लेखापरीक्षण समेत प्राप्त भईसकेको छ। सेयरधनीहरुको लगानीको सुरक्षालाई सर्वोपरी महसुस गरि कार्य गरिरहेका छौं। एकीकृत कारोबार पश्चात् संस्था नेपालकै अग्रगामी वित्त कम्पनीको रुपमा स्थापित हुने कुराले म र मेरा कर्मचारी साथीहरु उत्साही भएका छौ। व्यक्तिगत लाभ हानीभन्दा माथि उठेर संस्थागत हित एवं सेयरधनीहरुको लगानी अभिवृद्धिलाई प्रथम सिद्धान्तको रुपमा अंगालेकोले समेत यो मर्जर संस्थाको लागि एक सुनौलो दिनको सुरुवात हुनेछ भन्ने विश्वास लिएको छु।

कर्मचारीहरुको वृत्ति विकास भएमा मात्र दिगो एवं भरपर्दो बैकिङ गर्न वित्तीय संस्था सफल हुनेछ भन्ने विश्वास वित्तीय संस्थाले लिएको छ। वित्तीय संस्थामा कार्यरत १११ जना कर्मचारीलाई नै एकै परिवारका सदस्य सरह लिई उनीहरुको सुख दुःखमा संस्थाले साथ दिने गरेको छ। खुसी एवं उत्साही कर्मचारीबाट मात्र संस्थाले प्रतिफल हासिल गर्न सक्छ भन्ने मैले राम्रोसँग बुझेको छु। कर्मचारीको उत्पादकत्व वृद्धि गर्न विभिन्न आन्तरिक तथा बाह्य तालिममा कर्मचारीलाई सामेल गराउने गरिएको

र समीक्षा वर्षमा तालिममा रु ११.०६ लाख खर्च भएको छ भने आन्तरिक तथा बाह्य गरी कुल ६८ तालिममा कर्मचारीहरुले सहभागिता जनाएका छन्। कर्मचारीहरुको समय सापेक्ष वृद्धिको लागि नियमित रुपमा कर्मचारी सरुवा बढुवा गर्ने गरिएको छ। संस्थागत सुशासनको सम्बन्धमा संस्थाले शुन्य सहनशीलताको नीतिलाई अवलम्बन गरेको छ। बलियो एवं सुदृढ संस्थागत सुशासनले मात्र दिगो एवं भरपर्दो बैकिङ गर्न सकिने छ भन्ने मैले बुझेको छु र यस सम्बन्धमा मेरा कर्मचारी मित्रहरुले समेत साथ दिनु भएको छ। शेयरधनीज्यूहरुबाट प्राप्त सल्लाह, सुझाव, सञ्चालक समितिले तर्जुमा गरेका नीति निर्देशनहरु, नियमनकारी निकायबाट जारी भएका निर्देशनहरु, ऐन, नियमहरु, नेपाल राष्ट्र बैंकबाट स्थलगत निरीक्षणको क्रममा दिइएका कैफियतहरु एवं सो सम्बन्धमा प्राप्त निर्देशनहरु, आन्तरिक एवं बाह्य लेखापरीक्षकबाट प्राप्त सुझावहरुलाई संस्थाले सुधारको मार्ग दर्शनको रुपमा लिने गरेको छ। प्राप्त भएका कैफियतको सुधारसम्बन्धमा संस्थाले योजना बनाई कार्यान्वयन गर्ने गरेको छ।

अन्त्यमा यस संस्थालाई माया गर्नु हुने सेयरधनीहरु प्रति आभार व्यक्त गर्दछु। संस्थाको प्रगतिपथमा उचित मार्गदर्शन दिनु हुने सञ्चालक समिति, सहकर्मी साथीहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, सि.डि.एस. एण्ड क्लियरिब लि., ग्लोबल आई.एम.ई क्यापिटल, कर्जा सुचना केन्द्र, आन्तरिक राजश्व विभाग, व्यवसायिक प्रतिष्ठानहरुको सकारात्मक सहयोग र साथले नै संस्था आजको यस अवस्थासम्म आई पुगेको हो र यस प्रकारको विश्वास, सहयोग एवं सुझावहरु निरन्तर र यथावत रहनेमा विश्वस्त छु। अन्त्यमा यस गरिमामय २४ औं वार्षिक साधारणसभामा यहाँहरुलाई पुनः स्वागत गर्दै सबैको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु।

धन्यवाद।

सन्तोष कुमार घिमिरे
प्रमुख कार्यकारी अधिकृत

# चौविसौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु :**

समृद्धि फाइनान्स कम्पनी लिमिटेडको २४ औं वार्षिक साधारणसभामा यहाँहरूलाई स्वागत गर्न पाउँदा हामी सञ्चालक समितिका सबै सदस्यहरू हर्षित छौं । कम्पनी ऐन, २०६३ को दफा १०९(४), दफा ७८, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६(२) सँग सम्बन्धित अन्य विवरणहरु, संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन, सञ्चालक समितिबाट स्वीकृत भै नेपाल राष्ट्र बैंकबाट समेत स्वीकृत भएको र लेखापरीक्षण भएको २०८२ आषाढ मसान्तसम्मको वासलात, आर्थिक वर्ष २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण र उक्त वित्तीय विवरणहरूसँग सम्बन्धित अनुसूचीहरू समेत यसै प्रतिवेदनको अभिन्न अंगको रुपमा वार्षिक साधारण सभामा स्वीकृतार्थ पेश गरेका छौं ।

## क. विगत वर्षको कारोवारको सिंहावलोकन

| विवरण | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ |
|---|---|---|---|
| पुंजी (करोडमा) | ८१.८९ | ८१.८९ | ८१.८९ |
| निक्षेप (करोडमा) | १९७ | २४५ | २९१ |
| कर्जा लगानी (करोडमा) | १५७ | १७६ | २०७ |
| खुद नाफा (करोडमा) | (७) | (१३) | १.१५ |
| शाखा संख्या | १३ | १३ | १३ |
| प्रति सेयर आम्दानी | (८.५६) | (१६.६२) | १.४१ |
| निष्कृय कर्जा अनुपात | ४.५९ | १९.९३ | ९.६६ |
| प्रति सेयर नेटवर्थ | ७७.४० | ५७.४८ | ६०.०९ |

## ख. मर्जर सम्बन्धमा

सृमद्धि फाइनान्स कम्पनी लिमिटेडको मिति २०८१ मंसिर ६ गते सम्पन्न २३ औं वार्षिक साधारण सभाले अन्य अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसँग सम्पर्क गर्न, स्वीकृति लिन वा अन्य कुनै पनि विषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्ने लगायत सो सम्बन्धमा प्रचलित नियमानुसार जे जो गर्नु पर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने, निर्णय बमोजिम वित्तीय संस्थाको मिति २०८२ आषाढ २७ गते सम्पन्न सञ्चालक समितिको ५२४ औं बैठकले सञ्चालक श्री सुदिप घिमिरेज्युको संयोजकत्वमा मर्जर समिति गठन गर्ने निर्णय गरे बमोजिम गठित मर्जर समितिले संस्थाको लागि उपयुक्त मर्जर पार्टनरको रुपमा पोखरा फाइनान्स लि. रहेको र उक्त संस्था समेत मर्जरको लागि इच्छुक रहेको भनी प्रारम्भिक रुपमा छलफल गरेको थियो ।

मर्जर समितिको सिफारिस एवं सञ्चालक समितिलाई समेत उक्त प्रस्ताव उपयुक्त ठानी यस संस्था र पोखरा फाइनान्स लि. बीच एक आपसमा गाभ्ने गाभिने सन्दर्भमा मिति २०८२/०४/०४ मा प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर भयो र सैद्धान्तिक सहमतीको लागि नेपाल राष्ट्र बैंकमा निवेदन पेश गरिएकोमा नेपाल राष्ट्र बैंकबाट मिति २०८२/०६/२७ गते

सैद्धान्तिक सहमती प्राप्त भयो। यसै बीच मर्जर प्रक्रियालाई सहज रुपमा अगाडि बढाउन संयुक्त मर्जर समितिले मर्जर कन्सल्टेन्टको रुपमा अनुभवी बैंकर श्री बोधराज देवकोटालाई नियुक्त गर्ने निर्णय बमोजिम हाल उहाँको सहजीकरण एवं नेतृत्वमा मर्जर प्रक्रिया अगाडि बढिरहेको व्यहोरा अनुरोध गरिन्छ।

समृद्धि फाइनान्स क. लि.को सानो आकारमा रहेको व्यवसाय, निम्न संख्यामा शाखा सञ्जाल, एवं उच्च मात्रामा रहेको संचिति नोक्सानीले संस्थाले मर्जरको आवश्यकता गरेको थियो भने पोखरा फाइनान्स लि.को उच्च मात्रामा रहेको निष्कृय कर्जा अनुपात एवं पुँजी पर्याप्तता अनुपात नकारात्मक रही नेपाल राष्ट्र बैंकबाट शिघ्र सुधारात्मक कारवाहीमा रहनुले समेत दुवै संस्था मर्जरको लागि एक अर्काको परिपुरकको रुपमा रहेको अवस्था थियो। यसै सन्दर्भमा दुवै संस्थाको स्वार्थ एवं सञ्चालक समितिको लगानीकर्ताको लगानी हितार्थ कार्य गर्नु पर्ने दृढ संकल्पले गर्दा यस समृद्धि फाइनान्स कं. लि. र पोखरा फाइनान्स लि. एक आपसमा मर्जर प्रक्रियामा सहभागी रहेको जानकारी गराइन्छ।

२०८२ आषाढ मसान्तको आधारमा दुई संस्था मर्जर पश्चात् वित्तीय अवस्था निम्नानुसार हुने देखिन्छ।

**वित्तीय अवस्था**

| विवरण | समृद्धि फाइनान्स | पोखरा फाइनान्स | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| सेयर पुँजी | ८१८,९११.४० | १,०८२,५५६.६१ | १,९०१,४६८.०१ | |
| संस्थापक समुह | ४१७,६४४.८१ | ५५२,१०३.८७ | ९६९,७४८.६९ | ५१.०० |
| सर्वसाधारण समुह | ४०१,२६६.५९ | ५३०,४५२.७४ | ९३१,७१९.३२ | ४९.०० |
| सेयर प्रिमियम | १९,७०३.२९ | ०.०० | १९,७०३.२९ | |
| साधारण जगेडा कोष | ९९,४७०.६५ | २७४,८७०.६० | ३७४,३४१.२५ | |
| संचिति नोक्सानी | (६२०,४७१) | (१,४८९,१४६.४३) | (२,१०९,६१७.४३) | |
| प्राथमिक पुँजी | २८९,४१२.२० | (१३३,०४१.३८) | १५६,३७०.८२ | |
| पुरक पुँजी | ३१,६३६.३६ | ३४०,६७५.८३ | ३७२,३१२.१९ | |
| जोखिम भारित सम्पत्ति | २,३७७,१६५.५६ | ५,६४७,९४१.४८ | ८,०२५,१०७.०४ | |
| पुँजी पर्याप्तता अनुपात | १३.५१ | (२.३६) | ६.५९ | |
| प्रति सेयर नेटवर्थ | ६०.०९ | ५७.२० | ५८.४४ | |
| निक्षेप | २,९१०,१०७.५७ | ७,१५४,४८०.८० | १०,०६४,५८८.३७ | |
| चल्ती निक्षेप | १६४,५३३.१५ | ७२,६२३.३१ | २३७,१५६.४६ | २.३६ |
| बचत निक्षेप | ६९९,६९७.२१ | २,०३०,६२०.४२ | २,७३०,३१७.६३ | २७.१३ |
| मुद्दती निक्षेप | १,७१६,३०८.४७ | ४,७१३,५४१.१६ | ६,४२९,८४९.६३ | ६३.८९ |
| कल निक्षेप | ३२९,५६८.७४ | ३३७,६९५.९१ | ६६७,२६४.६५ | ६.६३ |
| कर्जा लगानी | २,०७०,८३७.८४ | ६,१०२,९००.३६ | ८,१७३,७३८.२० | |
| शाखा कार्यालय | १३ | २५ | ३८ | |
| एक्सटेन्सन काउण्टर | ० | १ | १ | |
| एटीएम | ० | ४ | ४ | |
| कर्मचारी संख्या | ११० | १९८ | ३०८ | |

दुई संस्था एक आपसमा गाभिए पश्चात् शाखा सञ्जाल विस्तार भई व्यवसाय विस्तार गर्न सकिने एवं अगामी दिनमा संस्थाको मुनाफामा वृद्धि भई उच्च रहेको संचिति नोक्सानी कम गर्दै शेयरधनीको हित सुरक्षा गर्न सकिने भएकोले समेत यस मर्जर आजको आवश्यकताको रुपमा रहेको छ ।

समृद्धि फाइनान्स क. लि. र पोखरा फाइनान्स लि. बीच एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा भएको समझदारी बमोजिम संयुक्त मर्जर समितिको बैठकले श्री पि.एल.आर.जी. एसोसियट्लाई मुल्याकंन लेखापरीक्षकमा नियुक्ति गरेकोमा निजले दुवै संस्थाको मुल्याकंन लेखापरीक्षण पश्चात् पेश गर्नु भएको प्रतिवेदनको आधारमा संयुक्त मर्जर समितिले समृद्धि फाइनान्स क. लि. को एक कित्ता सेयर बराबर पोखरा फाइनान्स लि.को एक कित्ता सेयर हुने अर्थात सेयर आदान प्रदान अनुपात १:१ रहने भनी सञ्चालक समितिलाई सिफारिस गरे बमोजिम उक्त शेयर आदान प्रदान अनुपात सञ्चालक समितिबाट समेत पारित भएकोले शेयर आदान प्रदान अनुपात १:१ शेयर कायम गर्ने गरी दुबै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्न स्वीकृति प्रदान गर्न २४ औं वार्षिक साधारण सभामा प्रस्ताव पेश गरिएको छ ।

साथै, पोखरा फाइनान्स लि. यस संस्था भन्दा अगाडि नै स्थापना भई बजारमा स्थापित संस्थाको रुपमा रहेको, निक्षेपकर्ताहरुको प्रगाढ विश्वासले गर्दा व्यवसायमा वृद्धि गर्न सकिने अवस्थालाई समेत मध्यनजर गरी संस्था एक आपसमा गाभिए पश्चात्को एकीकृत संस्था श्री पोखरा फाइनान्स लि.को नाम बाट कारोबार गर्ने सम्बन्धी समझदारी बमोजिम श्री पोखरा फाइनान्स लि. नामाकरण गर्न यस २४ औं वार्षिक साधारण सभामा पेश गरिएको छ ।

यसर्थ यस संस्था र पोखरा फाइनान्स लि. बीच एक आपसमा भएको मर्जर सम्झौता, शेयर आदान प्रदान अनुपात, एकिकृत संस्थाको नाम तथा रजिष्ट्र्ड ठेगानालाई स्वीकृत गर्ने तथा उक्त मर्जरलाई निष्कर्षमा पुऱ्याउन र मर्जर प्रक्रिया समयमा नै सम्पन्न गरी एकीकृत कारोबार सुरु गर्न विशेष प्रस्ताव अन्तर्गत रहेका मर्जर सम्बन्धी प्रस्तावलाई सर्वसम्मत रुपमा पारित गरी सञ्चालकलाई अख्तियारी प्रदान गर्नु हुनेछ भन्ने विश्वास लिएको छौ ।

### ग. संस्थागत सामाजिक उत्तर दायित्व

संस्थाले संस्थागत उत्तरदायित्वलाई व्यवसायको अभिन्न अंगको रुपमा लिएको छ । समाजको स्रोत समाजमै लगानी गरेर व्यवसाय गर्नु पर्ने संस्थाले समाजप्रति गर्नु पर्ने लगानीलाई मुल धर्मको रुपमा लिएको छ । संस्थाले सामाजिक उत्तर दायित्वको कार्यलाई १३ वटै शाखाहरुबाट विभिन्न कार्यक्रमहरु गरेर समाज प्रति केही सकारात्मक प्रभाव पार्ने कार्य गर्ने गरेको छ । यस्ता कार्यक्रमहरुले संस्थालाई स्थानीय समाजसँग घुलमिल हुने अवसर प्रदान गर्ने, संस्थाको छवि (Brand) लाई सम्मानजनक रुपमा स्थापित गर्न सकारात्मक प्रभाव पर्ने देखिन्छ । संस्थाले समय समयमा वालवालिका, वातावरण, जेष्ठ नागरिक, महिला, वित्तीय साक्षरता लक्षित कार्यक्रमहरु, खानेपानी वितरण, रक्तदान कार्यक्रम र सार्वजनिक विद्यालयका विद्यार्थीहरुलाई स्टेसनरी वितरण लगायतका कार्यक्रमहरु आयोजना गर्ने गरेको छ । न्युन आर्थिक स्तर एवं बैकिङ पहुचभन्दा बाहिर रहेको ऋणीहरुलाई बैकिङ्ग पहुँच पुऱ्याउने उद्देश्यले यस संस्थाले साना कृषि कर्जा एवं लघु उद्यम कर्जाको छुट्टै प्रोडक्ट पेपर बनाई कार्यान्वयनमा ल्याए पश्चात् १०० भन्दा बढी ऋणीलाई रु १० करोड भन्दा अधिक कर्जा लगानी भएको छ ।

### घ. आन्तरिक नियन्त्रण प्रणाली

संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ राख्न गैर कार्यकारी संचालकहरुको संयोजकत्वमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समिति गठन गरी उक्त समितिले तोकिएको क्षेत्राधिकार भित्र रहदै प्रभावकारी कार्य गरिरहेको छ । समितिले गरेका कार्यहरुको त्रैमासिक प्रतिवेदन सञ्चालक समितिमा छलफल गर्ने गरिएको छ । संस्थाले नियमित रुपमा आन्तरिक लेखापरीक्षण गर्ने गरेको छ भने सुचना प्रविधिको सम्बन्धमा समेत नियमित रुपमा सिष्टम लेखापरीक्षण गरी देखिएका कैफियतहरु यथासक्य चाँडो सुधार गर्ने गरिएको छ । संस्थागत सुशासन र अनुपालनालाई सवल र सुदृढ बनाउन छुट्टै अनुपालना तथा जोखिम

विभाग गठन गरिएको छ। नियमित त्रैमासिक आन्तरिक लेखापरिक्षण, वाह्य लेखापरीक्षण, नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियतको सम्बन्धमा प्राप्त निर्देशनहरु, सुचना प्रविधि लेखापरीक्षण, सम्पत्ति शुद्धीकरण सम्बन्धी राष्ट्र बैंकको स्थलगत निरिक्षणको क्रममा प्राप्त निर्देशनहरु तथा सुझावहरुलाई कार्यान्वयन गरिएको छ।

### ङ. संस्थागत सुसाशन

कम्पनी ऐन, २०६३ मा आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र वार्षिक साधारण सभा गरिसक्नु पर्ने व्यवस्था रहेको र वित्तीय विवरण प्रकाशन स्वीकृति नेपाल राष्ट्र बैंकबाट मिति २०८२/०९/०७ मा प्राप्त भएको भएतापनि मर्जर सम्बन्धी प्रस्ताव समेत यसै साधारण सभामा राख्नुपर्ने र सोको प्रक्रियामा केही ढिलो हुन गई साधारण सभा ढिला भएको भएतापनि आगामी वर्षबाट समयमा नै वार्षिक साधारण सभा आह्वान गर्ने प्रतिबद्धता यस सभा समक्ष व्यक्त गर्दछु र सञ्चालक समितिले संस्थागत सुशासनको सम्बन्धमा शुन्य सहनशील नीति अवलम्बन गरेको समेत यस सभा समक्ष जानकारी गराउन चाहान्छु।

नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को इ.प्रा.निर्देशन नं. ६/०८१ को बुँदा नं. १(१०) मा उल्लेख भए बमोजिम यस संस्थाका सञ्चालकहरुले उक्त निर्देशनमा तोकिएका आचरणहरु पूर्ण रुपमा पालना गर्नु भएको व्यहोरा जानकारी गराउँदछु।

### च. औद्योगिक वा व्यवसायिक सम्बन्ध

यस वित्तीय संस्थाको औद्योगिक तथा व्यवसायिक प्रतिष्ठानहरू, बैंक तथा वित्तीय संस्थाहरू, नेपाल राष्ट्र बैंक, धितो पत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लियरिङ्ग, नेपाल धितोपत्र विनिमय बजार तथा कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नेपाल सरकारका निकायहरूसँग सुमधूर सम्बन्ध रहिआएको छ। ग्राहक सन्तुष्टि नै संस्थाको मूल लक्ष्य रहेकोले ग्राहक सम्बन्ध सुदृढीकरणमा संस्थाको व्यवस्थापन लगायत सबै कर्मचारीहरू सजग रहेका छन्। यस वित्तीय संस्था र आफ्ना ग्राहकहरू बीच सुमधूर सम्बन्ध कायम रहेको तथा संस्थाको सेवाको गुणस्तर उच्च राख्न मानव संशाधन विकासमा यथेष्ट जोड दिइएको शेयरधनी महानुभावहरूलाई अवगत गराउन चाहन्छौं।

### छ. ग्राहक सेवा

समृद्धिको लागि सहकार्य (Partnership for Prosperity) भन्ने मुल नारालाई आत्मसात गर्दै ग्राहकवर्ग र विभिन्न संस्थाहरुसँग समन्वय गरि कार्यलाई अगाडि बढाएका छौं। ग्राहकवर्गलाई बढि भन्दा बढि सुविधा प्रदान गर्न चेक क्लिएरिङ्ग, आरटिजिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, मोबाइल बैकिङ्ग, डेबिट कार्ड, क्युआर कोड जस्ता सेवाहरु सञ्चालनमा रहेका छन्। यसका साथै निक्षेप खातामा निशुल्क बिमा सुविधाहरु समावेश गरि ग्राहकलाई थप सुविधा प्रदान गरेका छौं। बजारको माग अनुसारका निक्षेपका योजनाहरु सञ्चालनमा ल्याएका छौं। विभिन्न संस्थाहरुसँग सम्झौता गरि उक्त संस्थाहरुले प्रदान गर्ने सेवामा लाग्ने शुल्कहरु हाम्रा ग्राहकहरुलाई विशेष छुटमा उपलब्ध गराउने व्यवस्था गरेका छौं। संस्थाले बैंकिङ्ग व्यवसायमा अन्य बैंक वित्तिय संस्थाबाट ग्राहकहरुले पाउने सबैजसो सुविधाहरु उपलव्ध गराएको छ।

### ज. सूचना प्रविधि

बैकिङ्ग व्यवसायमा सूचना प्रविधिको तिव्र विकास भैरहेको, यसको महत्व बढेर गएको र जोखिम पनि उच्च रहेको हुँदा संस्थाको सूचना प्रविधि प्रणालीलाई थप मजबुत बनाउन समय समयमा नयाँ प्रविधिहरुको कार्यान्वयन, नयाँ सर्भर तथा संरचना विकासमा ध्यान दिइएको छ। संस्थाको डाटावेसलाई डि.आर साइटमा सुरक्षित राख्ने व्यवस्था गरिएको छ। पुतलिसडकको कार्यालयमा रहेको डाटा सेन्टरलाई सुरक्षित राख्न विशिष्ट प्रकारले तयार भएको बाह्य साइटमा स्थान्तरण गरिएको छ। संस्थाले यसै अवधिमा नेपाल राष्ट्र बैंकबाट निर्देशन भए बमोजिम Expected Credit Loss

Model प्रयोगमा ल्याइ वित्तीय विवरण तयार गरिएको छ। कर्जा स्वीकृति प्रक्रियाको लागि नयाँ सफ्टवेयर खरिद गरि प्रयोगमा ल्याइएको छ। कर्मचारीहरुबीच सहज र सरल संवादको लागि स्पार्क प्रयोगमा ल्याइएको छ।

### ञ. लेखापरीक्षकको नियुक्ति

संस्थाको आर्थिक वर्ष २०८१/८२ का हरहिसाबहरू लेखापरीक्षण गर्न संस्थाको २३ औं बार्षिक साधारण सभाबाट नियुक्ति गरिएका लेखापरीक्षक श्री एन.बी.एस.एम एशोसिएट्स चार्टड एकाउण्टेन्स (एफसिए श्री राजेश कुमार साह) बाट लेखापरिक्षण सम्पन्न भयो। आगामी आर्थिक वर्ष २०८२/८३ को हरहिसाबहरू लेखापरिक्षण गर्नका लागि संस्थाको लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गरिने छ।

### ट. भावी कार्यक्रम तथा योजनाहरु

१. यस संस्था र पोखरा फाइनान्स बिचको मर्जरको प्रकृयालाई सम्पन्न गराई यथासक्य चाँडो एकीकृत कारोबार गर्ने।
२. निष्कृय कर्जा अनुपात लाई ५% भन्दा कममा राख्ने।
३. ग्राहकहरुलाई अझ उत्कृष्ट वित्तिय सेवा उपलब्ध गराउने।
४. छिटो, छरितो र भरपर्दो सेवाका लागि प्रविधि र जनशक्तिको क्षमता विस्तार गर्ने।
५. सबै विभागहरुको गतिविधिलाई डिजिटलाईजेसन गर्ने।
६. दक्ष जनशक्तिबाट मात्रै उच्च स्तरको बैकिङ्ग सेवा प्रदान गर्न सकिने भएकोले जनशक्तिलाई सक्षम बनाउन कर्मचारीहरुलाई उचित प्रशिक्षण एवं तालिम प्रदान गरि दक्ष वनाउने कार्यमा निरन्तरता दिने।
७. संस्थाको छवी (Brand) लाई सम्मानजनक रुपमा स्थापित गर्न र विस्तार गर्न विज्ञापन प्रसारण, समुदायसँग पहुँच (Access) कार्यलाई निरन्तरता दिने।
८. संस्थाको संचिति नोक्सानीलाई कम गर्दै सेयरधनीको लगानी सुनिश्चितिकरण गर्ने।

संस्थाको आ.व. २०८१/८२ को लेखापरीक्षण गरिएको वित्तीय विवरण र यसका अनुसूचिहरु तथा लेखापरीक्षकको प्रतिवेदन एवं नियमानुसार साधारण सभामा प्रस्तुत गर्नुपर्ने सबै विवरण, जानकारी तथा प्रस्तावहरु छलफल तथा निणायार्थ यसै प्रतिवेदनको अंशको रुपमा वार्षिक विवरण पुस्तिका मार्फत यस साधारण सभामा प्रस्तुत गरेको छु। संलग्न प्रतिवेदनको सम्बन्धमा सेयरधनी महानुभावहरुले छलफलमा भाग लिई रचनात्मक एवं संस्थाको दुरगामी योजनालाई सहयोगी सुझावहरु दिई साधारण सभाले सम्पूर्ण एजेण्डा तथा विषयवस्तुमा पारित गर्नेछ भन्ने विश्वास लिएको छौं।

धन्यवाद।

सञ्चालक समिति
मितिः २०८२/१०/१४

# सञ्चालक समितिको प्रतिवेदन
## चौबिसौं वार्षिक साधारण-सभा
## (कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ अनुसार)

(क) विगत वर्षको कारोवारको सिंहावलोकन :

कोभिड-१९, रुस–युक्रेन युद्ध, मध्यपूर्वको भू-राजनैतिक तनावको दीर्घकालीन प्रभाव रहेको सन्दर्भमा विगतका वर्ष केहि आर्थिक सूचकाङ्कहरु नकारात्मक रहेको यस संस्थाको गत वर्षदेखि प्रमुख सुचकाङ्कंहरुमा सुधार भएको कुरा यहाँ समक्ष यसै साथ संलग्न सञ्चालक समितिबाट स्विकृत भै नेपाल राष्ट्र बैंकबाट समेत स्विकृत भएको र लेखापरीक्षण भएको आ.व. २०८१/८२ को वासलात, नाफा/नोक्सान हिसाब, वित्तीय विवरण, नगद प्रवाह विवरण र उक्त विवरणहरुसँग सम्बन्धित अनुसुचिहरुको आधारमा संक्षिप्त विवरण छलफल तथा अनुमोदनको लागि पेश गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ को कारोबारको समिक्षा :

वित्तीय अवस्था सम्बन्धी विवरण :

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | (कमी)/बृद्धि प्रतिशतमा |
|---|---|---|---|
| चुक्ता पुँजी | ८१८,९११,४०० | ८१८,९११,४०० | - |
| जगेडा कोषहरु | (३२६,८५९,२३७) | (३४८,५१८,१७९) | ६.१२ |
| कुल सम्पती | ३,४८९,३६४,८९९ | ३,०४५,३०२,७८२ | १४.५८ |
| कुल निक्षेप | २,९१०,१०६,७१२ | २,४५९,५१५,९३० | १८.३२ |
| कुल कर्जा सापट | १,९१५,९०९,०५० | १,५८७,२०७,९०५ | २०.७० |
| कुल लगानी | ६५६,२२३,६६७ | ५०१,८०९,१८१ | ३०.७७ |

आ.व. २०८०/८१ मा यस संस्थाको रु ३४.८५ करोड ऋणात्मक रहेको जगेडा कोष आ.व. २०८१/८२ मा ६.१२ प्रतिशतले सुधार भई रु ३२.६८ करोड ऋणात्मक भएको छ।

बैंकिङ्ग क्षेत्रमा भएको प्रतिस्पर्धा तथा कोभिड १९ बाट भर्खरै निकाश पाएको चुनौती विद्यमान रहँदा पनि यस आ.व. सम्ममा यस संस्थाले रु २९१.०१ करोड निक्षेप परिचालन गरी कुल निक्षेपमा आ.व. २०८०/८१ को तुलनामा १८.३२ प्रतिशतले वृद्धि गरेको छ। यसको साथै कुल लगानी आ.व. २०८०/८१ को तुलनामा ३०.७७ प्रतिशतले बढेर यस आ.व. मा रु ६५.६२ करोड रहेको छ।

कर्जा लगानीको सम्बन्धमा संस्थामा पहिले देखि रहि आएको खराब कर्जाको व्यवस्थापन गरि निष्कृय कर्जाको अनुपातलाई ९.६६ प्रतिशतमा घटाई निष्कृय कर्जा असुली गरि कुल कर्जा सापट आ.व. २०८०/८१ को तुलनामा २०.७० प्रतिशतले वृद्धि भएको छ। आ.व. २०८१/८२ को अन्त्यमा खुद कर्जा सापट रु १९१.५९ करोड रहेको छ।

नाफा नोक्सानी सम्बन्धि विवरण :

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | (कमी)/बृद्धि प्रतिशतमा |
|---|---|---|---|
| व्याज आम्दानी | २५२,१२६,६४९ | २५१,५६२,०५० | ०.२२४ |
| व्याज खर्च | १८२,२९८,८९३ | १७०,४८१,६२४ | ६.९३ |

| | | | |
|---|---|---|---|
| खुद व्याज आम्दानी | ६९,८२७,७५६ | ८१,०८०,४२६ | (१३.४४) |
| खुद कमिशन तथा डिस्काउण्ट | १४,८९७,१३२ | ७,१०७,८८३ | १०९.५९ |
| अन्य सञ्चालन आम्दानी | १७,१६१,३६७ | ५,२३७,७४३ | २२७.६५ |
| कुल सञ्चालन आम्दानी | १०१,८८६,२५४ | ९३,४२६,०५२ | ९.०६ |
| कर्मचारी खर्च | ६९,०१३,५३० | ७०,९३७,६३१ | (२.७१) |
| अन्य सञ्चालन खर्च | ५२,६०४,३३१ | ५७,७९३,९७५ | (१३.४२) |
| सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा | (१९,७३१,६०७) | (३५,३०५,५५४) | ४४.११ |
| सम्भावित नोक्सानी व्यवस्थाहरू/ (नोक्सानी व्यवस्था फिर्ता) | (२३,७४२,९११) | १३३,६७१,४४० | (११७.७६) |
| सञ्चालन मुनाफा | ४,०११,३०४ | (१६८,९७६,९९३) | १०२.३७ |
| गैह्र सञ्चालन आम्दानी/(खर्च) | (२०,६२४,३७०) | २१,७२९,१९०.०० | (१९४.९१) |
| नियमित कारोबारहरूबाट भएको मुनाफा | (१६,६१३,०६५) | (१४७,२४७,८०३) | (८८.७१) |
| असामान्य कारोवारहरूबाट भएको आम्दानी/(खर्च) | | | |
| सम्पूर्ण कारोवार समावेशपछिको खुद मुनाफा | ११,५३०,१२७ | (१३६,१२३,११०) | १०८.४७ |

गत आर्थिक वर्षको तुलनामा कर्जा तथा सापटबाट व्याज आम्दानी यस आर्थिक वर्षको अन्त्यमा ०.२२ प्रतिशतले वृद्धि भई रु २५.२१ करोड पुगेको छ। निक्षेप दायित्वमा कुल रु १८.२२ करोड व्याज खर्च भएको र गत वर्षको तुलनामा सो रकम ६.९३ प्रतिशतले वृद्धि भएको छ।

**प्रमुख अनुपातहरु :**

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | (कमी)/बृद्धि प्रतिशतमा |
|---|---|---|---|
| पुँजी पर्याप्तता (प्रतिशत) | १३.५१ | १४.४४ | (५.६१) |
| निष्कृय कर्जा / कुल कर्जा (प्रतिशत) | ९.६६ | २०.२३ | (५२.२५) |
| प्रतिशेयर आम्दानी (रु.) | १.४१ | (१६.६२) | १०९.४६ |
| मुनाफा / कुल आम्दानी (प्रतिशत) | ४.३१ | (५२.६२) | १०९.१३ |

समीक्षा अवधिमा संस्थाको पुँजी पर्याप्तता अनुपात, प्रतिशेयर आम्दानी र मुनाफा/कुल आम्दानी (प्रतिशत) अनुपात सकारात्मक रहेको छ।

निष्कृय कर्जा २०८२ अषाढ मसान्तमा ९.६६ प्रतिशत रहेको छ भने सोहि अनुपात २०८१ अषाढ मसान्तसम्म २०.२३ प्रतिशत रहेको थियो।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सोको असर :**

**विश्व अर्थतन्त्र**

कोभिड-१९, रुस–युक्रेन युद्ध, मध्यपूर्वको भू-राजनैतिक तनावको दीर्घकालीन प्रभावसंगै विश्व अर्थतन्त्र पछिल्लो समयमा शक्तिशाली राष्ट्रहरूबिचको कठोर व्यापार नीतिका कारण थप प्रभावित भइरहेको अन्तर्राष्ट्रिय मुद्राकोषको

विश्लेषण रहेको छ। फलस्वरुप, सन् २०२४ मा ३.३ प्रतिशतले बिस्तार भएको विश्व अर्थतन्त्र सन् २०२५ मा २.८ प्रतिशतले मात्र बढ्ने प्रक्षेपण रहेको छ।

### देशको आर्थिक अवस्था

आ.व. २०८१/८२ मा अघिल्लो आ.व. को तुलनामा मुलुकको अर्थतन्त्रका आन्तरिक तथा बाह्य सूचकहरू सकारात्मक देखिएका छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आ.व. २०८१/८२ मा आर्थिक वृद्धि ४.६१ प्रतिशत रहेको अनुमान छ। अघिल्लो वर्ष आर्थिक वृद्धिदर ३.६७ प्रतिशत रहेको थियो। आ.व. २०८१/८२ मा कृषि क्षेत्रको ३.२८ प्रतिशत, उद्योग क्षेत्रको ४.५३ प्रतिशत र सेवा क्षेत्रको ४.२१ प्रतिशत वृद्धि रहेको अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि उद्योग र सेवा क्षेत्रको अंश क्रमश २५.१६ प्रतिशत, १२.८३ प्रतिशत र ६२.०१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ६.५५ प्रतिशत रहेको छ।

बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन १२.६ प्रतिशतले वृद्धि भई रु. ७२ खर्ब ६४ अर्ब पुगेको छ। कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमश ७.१ प्रतिशत, ३६.८ प्रतिशत र ४८.३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमश ५.८ प्रतिशत, ३०.३ प्रतिशत र ५६.४ प्रतिशत रहेको थियो। कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.१ प्रतिशत रहेको छ र यस्तो निक्षेपको अंश अघिल्लो वर्ष ३६.२ प्रतिशत रहेको थियो।

यस अवधिमा निजी क्षेत्रमा प्रवाहित कर्जा ८.४ प्रतिशतले वृद्धि भएको छ। मौद्रिक नीतिमा १२.५ प्रतिशतले कर्जा प्रवाह गर्ने लक्ष्य राखिएकोमा सोको ६७.२ प्रतिशत मात्र हासिल भएको छ। प्रवाहित कर्जा मध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह ८.६ प्रतिशले, विकास बैंकहरूको ६.१ प्रतिशतले र वित्त कम्पनीहरूको ८.४ प्रतिशतले बढेको छ। प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फको अंश ६२.८ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ ३७.२ प्रतिशत रहेको छ। निक्षेप र कर्जा अपेक्षाकृत वृद्धि नभए तापनि बजारमा पैसाको मात्रा सकारात्मक रुपमा बढेकोले ब्यावसायिक गतिविधिमा केही सुधार देखिएको छ।

आर्थिक वर्ष २०८१/८२ मा कुल रु. २४,६५१ अर्ब ३५ करोड तरलता प्रशोचन गरिएको छ। २०८१ आषाढमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ३ प्रतिशत रहेकोमा २०८२ आषाढमा २.९६ प्रतिशत रहेको छ। २०८१ आषाढमा वाणिज्य बैंकहरूको औसत आधार दर ८ प्रतिशत, विकास बैकहरूको ९.७१ प्रतिशत र वित्त कम्पनीहरूको ११.२१ प्रतिशत रहेकोमा २०८२ आषाढमा औसत आधार दर क्रमश ६.०२ प्रतिशत, ८.३ प्रतिशत र ८.९७ प्रतिशत कायम भएको छ।

बैंकिङ प्रणालीमा अधिक तरलता रहेका कारण निक्षेप र कर्जाको ब्याजदर घट्दो क्रममा रहेको छ। २०८२ आषाढमा निक्षेपको भारित औसत ब्याजदर वाणिज्य बैकहरूको ४.१९ प्रतिशत रहेको छ, अघिल्लो वर्ष यस्तो ब्याजदर ५.७७ प्रतिशत थियो। त्यसैगरी २०८१ आषाढमा वाणिज्य बैकहरूको कर्जाको भारित औसत ब्याजदर ९.९३ प्रतिशत, विकास बैकहरूको ११.३४ प्रतिशत र वित्त कम्पनीहरूको १२.५५ प्रतिशत रहेकोमा २०८२ आषाढमा क्रमश ७.८५ प्रतिशत, ८.९५ प्रतिशत र १०.२२ प्रतिशत कायम भएको छ।

निक्षेपको तुलनामा कर्जा प्रवाह सुस्त हुँदा वित्तीय प्रणालीमा पर्याप्त तरलता रह्यो। कर्जाको मागको कमीले ब्याजदर धेरै तल नझरोस् र स्थायित्व कायम होस् भन्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले ब्याजदर करिडोर लागु गरी समय-समयमा बजारबाट तरलता प्रशोचन गर्दै आइरहेको छ।

कोभिड-१९ का साथै अन्तर्राष्ट्रिय र राष्ट्रिय आर्थिक संकटले सुस्ताएको अर्थतन्त्रमा धनात्मक सुधार भएतापनि अपेक्षाकृत आर्थिक गतिविधि बढ्न नसकेको कारण गत वर्षको तुलनामा बैंकहरूको मुनाफामा वृद्धि हुन नसकेको

अवस्था रहेको देखिन्छ। साथै, सोही अवधिमा कर्जा असुलीमा समेत अपेक्षाकृत सुधार हुन नसकेकोले निष्क्रिय कर्जाको अनुपात तथा गैर-बैकिङ सम्पत्तिको अनुपात थप बढ्न गई बैंकहरूको मुनाफामा नकारात्मक प्रभाव परेको देखिन्छ।

इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०८२ असार मसान्तमा १०७ रहेको छ। यस मध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक रहेका छन्। बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०८१ असार मसान्तमा ११,५३० रहेकोमा २०८२ असार मसान्तमा ११,७५८ पुगेको छ। २०८१ असार मसान्तमा प्रतिशाखा जनसंख्या २५२९ रहेकोमा २०८२ असार मसान्तमा २४८३ कायम भएको छ।

२०८१ असार मसान्तमा २२४०.४१ रहेको नेप्से सूचकाङ्क २०८२ असार मसान्तमा २७९४.७९ कायम भएको छ। २०८२ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४६५६ अर्ब ९८.९ करोड कायम भएको छ। २०८१ असार मसान्तमा बजार पुँजीकरण रु. ३५५३ अर्ब ६८ करोड रहेको थियो। २०८२ असार मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा
(स्रोतः नेपाल राष्ट्र बैंक)

**(ग) प्रतिवेदन तयार भएका मितिसम्म चालु वर्षको उपलब्धी र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :**

कम्पनीको चालु आ.व. २०८१/८२ को असोज मसान्तसम्मको वित्तीय झलक निम्न बमोजिम रहेको छ।

| विवरण | रकम रु. मा |
|---|---|
| व्याज आम्दानी | ५८,३१२,५७८ |
| व्याज खर्च | ४४,९७९,२८३ |
| खुद व्याज आम्दानी | १३,३३३,२९५ |
| अन्य सञ्चालन आम्दानी | ८,१९५,४६९ |
| सम्भावित (नोक्सानी व्यवस्थाहरू)/नोक्सानी व्यवस्था फिर्ता | (११,५१५,३३९) |
| कर्मचारी खर्च | (१६,७६०,९७२) |
| अन्य सञ्चालन खर्च | (१२,७६८,११४) |
| गैर सञ्चालन आम्दानी (खर्च) | १०५,४३५ |
| कर्जामा गरिएको अपलेखन खर्च | – |
| **खुद मुनाफा /(नोक्सान)** | (२१,७२०,५२०) |
| | |
| **क) निक्षेप दायित्व** | २,९७४,०७१,७०३ |
| **ख) कर्जा मौज्दात** | १,९२३,५८७,४४९ |
| **ग) नगद तथा बैंक मौज्दात** | ४७३,५०६,७७६ |

आगामी दिनहरुमा संस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि पूँजी बृद्धि गर्ने, थप शाखा विस्तार गर्ने, वित्त कम्पनीमा कारोबार गर्दा सृजना हुने अतिरिक्त लाभका बारेमा प्रष्ट पार्दै व्यापार विस्तारको क्रियाकलाप संचालन गरिनेछ। प्रविधिको प्रयोगबाट अधिकतम ग्राहकलाई सेवा दिने प्रयासमा संस्थाको कार्यक्रम लक्षित हुनेछ। नेपाल राष्ट्र बैंकबाट जारी निर्देशिका बमोजिम गठन भएका विभिन्न समिति उप समिति को कार्यक्षेत्र हरूलाई अझ प्रभावकारी बनाई जनशक्ति व्यवस्थापनलाई सुदृढ तथा संस्थालाई आर्थिक रुपमा सवल बनाइनेछ।

यस संस्था र पोखरा फाइनान्सको बिचमा यहि मिति २०८२/०४/०४ गते मर्जर सम्बन्धी सम्झौता भई मर्जर प्रकृया अगाडी बढिरहेको छ। नेपाल राष्ट्र बैंकबाट मिति २०८२/०६/२७ गते गाभ्ने /गाभिने (मर्जर) प्रयोजनका लागि सैद्धान्तिक सहमति प्राप्त भएको छ। मर्जर पश्चात यसै आर्थिक वर्षमा एकिकृत कारोवार गरि संस्थालाई अझ सुदृढ रुपमा अगाडी बनाइनेछ।

हाल यस संस्थाको २०८२ असार मसान्त सम्ममा देशभर १३ वटा शाखा-सञ्जाल रहेका छन्।

## (घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध :

कम्पनीले आफुसँग आवद्ध सबै सरोकारवाला पक्षहरूसँग सुमधुर व्यवसायिक सम्बन्ध कायम गर्दै आएको छ। विभिन्न अनुभव तथा योग्यता बोकेका सम्पूर्ण तहका कर्मचारी तथा ग्राहक वर्गहरूसँगको सम्बन्ध विस्तारको साथै, निक्षेपकर्ताहरू, विभिन्न बैंक तथा वित्तीय संस्थाहरूसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्बद्ध व्यक्ति तथा संघसंस्थाहरूसँग यस संस्थाको सौहार्दपूर्ण सम्बन्ध रहदै आएको छ।

आगामी दिनहरूमा पनि औद्योगिक तथा व्यवसायिक सम्बन्धलाई अझ विस्तार र व्यवहारिक रुपमा अगाडी बढाउँदै लगिने छ।

## (ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :

### समिक्षा अवधिमा सञ्चालक समितिमा भएको हेरफेर

संस्थापक समुहका सञ्चालक श्री सुजन अधिकारीले सञ्चालक पदबाट दिनुभएको राजिनामा संचालक समितिको मिति २०८२/०१/२५ गते बसेको ५१८ औं बैठकले स्विकृत गरेको छ र सोहि बैठकले संस्थापक शेयरधनी श्री एस. जि. अर्गनाइजेसन प्रा. ली. का तर्फबाट श्री रोशन पन्तज्यूलाई बाँकी कार्यकालका लागि संचालक पदमा नियुक्त गर्ने निर्णय भएको छ। साथै सोहि बैठकले श्री अजय कुमार मिश्रज्यूलाई स्वतन्त्र संचालक पदमा नियुक्त गर्ने निर्णय भयो।

अध्यक्ष श्री ठाकुर प्रसाद भट्टराईले अध्यक्ष पदबाट दिनुभएको राजिनामा सञ्चालक समितिको मिति २०८२/०२/०४ गते बसेको संचालक समितिको ५१९ औं वैठकले स्विकृत गरेको छ र सोहि वैठकले श्री अजय कुमार मिश्रलाई अध्यक्ष पदमा चयन गरेको छ।

हाल ६ सदस्यीय संचालक समिति कार्यरत छ र यस समितिमा निम्नअनुसार सदस्यहरु रहेका छन् :

| | |
|---|---|
| १. श्री अजय कुमार मिश्र | अध्यक्ष |
| २. श्री विनोद कुमार सुवेदी | सञ्चालक |
| ३. श्री दुर्गा थापा | सञ्चालक |
| ४. श्री सुदिप घिमिरे | सञ्चालक |
| ५. श्री दिनेश कुमार बर्तौला (प्रतिनिधि, पद्‌मोदय प्रा.लि.) | सञ्चालक |
| ६. श्री रोशन पन्त ( प्रतिनिधि, एस.जि.अर्गनाइजेसन प्रा.लि) | सञ्चालक |

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनमा तोकिएका आचरणहरु यस संस्थाका सञ्चालक सदस्यहरुद्धारा पालना गरिएको छ।

## (च) कारोवारलाई असर पार्ने मुख्य कुराहरु :

संस्थाको कारोवारलाई असर पार्ने प्रमुख जोखिमका तत्वहरू निम्नानुसार रहेका छन् :

**आन्तरिक समस्या तथा चुनौती**

भर्खरै पुर्नगठन भएको कारण संस्थाको सम्पुर्ण अवयवहरु पुर्ण रुपमा स्थापित अझै भईसकेको छैन । संस्थाको शाखा सञ्जाल सानो रहेको, ग्राहक आधार सांगुरो रहेको दक्ष कर्मचारीको अभाव रहेको लगायतका कारण व्यवसाय विस्तार आवश्यकता अनुसार हुन सकेको छैन । कतिपय प्रतिकुल वित्तीय परिसुचकहरुले गर्दा संस्थागत निक्षेप संकलनमा पनि चुनौतिहरु सिर्जना भएका छन् ।

**बाह्य समस्या तथा चुनौती**

इ.स. २०१९ को विश्वव्यापी रुपमा फैलिएको कोरोनाको महामारीका कारणले विश्व अर्थतन्त्रको कुल ग्राहस्थ उत्पादनमा नै गिरावट आएको हुँदा हाल सम्म पनि मुलुकको समग्र अर्थतन्त्रमा नकारात्मक असर परिरहेको छ। देशमा लामो समय तरलता संकुचनको अवस्था कायम रहेको र व्याजदर बढ्ने अवस्था रहेको थियो । जसले गर्दा निक्षेप र कर्जाको विस्तारमा चुनौती हुन गएको छ। विद्यमान चुनौती तथा आइपर्ने समस्या समाधानका उपायहरुबारे व्यवस्थापन तथा संचालक समितिले समय समयमा समिक्षा गरी रणनिति बनाई सोको निराकरणको उपाय अवलम्वन गरी सोहि अनुसार गरिएको छ । घरजग्गा, व्यवसाय, सहकारी लगायतका क्षेत्रमा देखिएको प्रतिकुलताको दवाव समग्र वित्तीय क्षेत्रमा विस्तार भएको छ। व्यवसायिक गतिविधिहरु सुस्ताएको, अर्थतन्त्र चलाएमान हुन नसकेको, बैदेशिक लगानी आउन नसकेको कारणले निक्षेप परिचालनमा कमी आएको छ।

कोरोना पश्चात अर्थतन्त्रमा परेको असर, आर्थिक गतिविधि बढ्न नसकेको कारण र शाखा संजाल पनि प्रक्षेपित अनुसार विस्तार गर्न नसकिएकोले गर्दा निक्षेपमा बृद्धि हुन नसकी कर्जा तथा सापटीमा प्रक्षेपण अनुसार बिस्तार गर्न सकिएको छैन ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया :**

लेखापरीक्षण प्रतिवेदनमा नियमित कारोबारका क्रममा सुधारको लागि दिइएका सुझावहरु बाहेक अरु कुनै नकारात्मक कुरा देखिएको छैन । लेखापरीक्षकबाट प्राप्त सुझावहरू अनुरूप सुधार गर्न सञ्चालक समिति सदैव क्रियाशील रहेको छ। लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएका विषयहरुलाई क्रमशः सुधार गर्दै लगिने तथा प्राप्त सुझावहरू अनुरूप कार्य गरिने व्यहोरा शेयर धनी महानुभावहरुलाई जानकारी गराउँन चाहान्छु।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

नभएको ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर सङ्ख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनु भन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर विक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर रकम फिर्ता गरेको भए सो को विवरण :**

संस्थाको कुनै शेयर जफत भएको छैन।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पूनरावलोकन :**

संस्थाको कुनै सहायक कम्पनी नभएको ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु सो अवधिमा कम्पनीको कारोवारमा आएको महत्वपुर्ण परिवर्तनहरु बुँदा नं. (क) मा प्रस्तुत गरिएको छ। संस्थाको कुनै सहायक कम्पनी रहेको छैन।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

त्यस प्रकारको कुनै जानकारी प्राप्त नभएको।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीको सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयर स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

२०८२ साल असार मसान्तमा यस संस्थाका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयर स्वामित्वको विवरण यस प्रकार रहेको छ।

| क्र.सं. | सञ्चालक तथा पदाधिकारीहरुको नाम | पद | शेयर सङ्ख्या |
|---|---|---|---|
| १ | श्री विनोद कुमार सुवेदी | सञ्चालक | २,२५० |
| २ | श्री सुदिप घिमिरे | सञ्चालक | ७२,०५० |
| ३ | श्री दिनेश कुमार बर्तौला (प्रतिनिधि, पद्मोदय प्रा.ली.) | सञ्चालक | १२,६८६ |
| ४ | श्रीमती दुर्गा थापा | सञ्चालक | ३०० |
| ५ | श्री रोशन पन्त (प्रतिनिधि, एस.जि.अर्गनाइजेसन प्रा.ली. ) | सञ्चालक | ५,००५ |

निजहरू यस संस्थाको शेयर कारोवारमा संलग्न रहनु भएको छैन।

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थका बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

त्यस्तो जानकारी उपलब्ध भएको छैन।

**(ण) कम्पनीले आफ्नो शेयर आफैंले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको सङ्ख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम :**

हालसम्म संस्थाले आफ्नो शेयर आफैंले खरिद गरेको छैन।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको, भए सो को विस्तृत विवरण :**

नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन बमोजिम विनियम तथा नीतिहरू तर्जुमा गरी सोको अधिनमा रही यस वित्तीय संस्थाले कार्य गर्दै आएको छ। संस्थामा विद्यमान कर्जा लगानी नीति, निक्षेप संकलन नीति, नगद परिचालन नीति, कर्मचारी विनियमावली, आर्थिक प्रसाशन विनियमावली तथा कर्जा अपलेखन नीति बमोजिम कार्यहरू सञ्चालन भइरहेको छ। विद्यमान विनियमावलीहरुलाई समय सापेक्ष हुने गरि परिमार्जन, अध्यावधिक गर्ने प्रक्रिया भैरहेको छ। सस्थागत सुशासन कार्यान्वयन, जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीको समग्र व्यवस्थाका लागि सञ्चालक समितिका सदस्यहरूको नेतृत्वमा निम्नानसुारका समितिहरू गठन गरिएका छन्।

१. लेखापरीक्षण समिति
२. कर्मचारी सेवा सुविधा समिति
३. जोखिम व्यवस्थापन समिति

४. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति

साथै, व्यवस्थापन तहमा पनि विभिन्न अन्य समिति तथा उप समितिहरु कार्यरत छन् । प्रत्येक त्रैमासमा आन्तरिक लेखा परिक्षण प्रतिवेदन लेखा परिक्षण समितिमा दफावार छलफल भई निर्देशन दिने काम भएको छ। लेखापरिक्षणबाट प्राप्त निदेशन कार्यन्वयनको लागि संरचनागत प्रणाली स्थापित गरिएिको छ। सुचना प्रविधिको वार्षिक लेखा परिक्षण गरिएको छ। आन्तरिक नियन्त्रण प्रणालीलाई दह्रो बनाउन अनुपालना र जोखिम व्यवस्थापन विभाग कार्यरत रहेको छ।

## (थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :

विगत आर्थिक वर्षहरूमा यस संस्थाको कूल व्यवस्थापन खर्च देहायबमोजिम रहेको जानकारी गराउँदछौं ।

| व्यवस्थापन खर्चको विवरण | आ.व.२०८१/८२ | आ.व.२०८०/८१ |
|---|---|---|
| कर्मचारी खर्च | ६,९०,१३,५३० | ७,०९,३७,६३१.०० |
| कार्यालय सञ्चालन खर्च | ५,२६,०४,३३१ | ५,७७,९३,९७५.०० |
| कुल व्यवस्थापन खर्च | १२१,६१७,८६१ | १२८,७३१,६०६.०० |

## (द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :

सञ्चालक समितिले गैर कार्यकारी सञ्चालक श्रीमती दुर्गा थापाको संयोजकत्वमा गैर कार्यकारी सञ्चालक श्री दिनेश कुमार वर्तौला सदस्य रहने र लेखापरिक्षण विभागको प्रमुख श्री मनिषा लम्साल सदस्य सचिव रहने गरि तीन सदस्यीय लेखापरीक्षण समिति गठन गरेको छ।

लेखापरीक्षण समितिका संयोजक तथा सदस्यहरुलाई बैठक भत्ता बाहेक अन्य कुनै पारिश्रमिक तथा सुविधा प्रदान गरिएको छैन। हाल कर्मचारी सदस्य बाहेक संयोजक र सदस्यलाई प्रति बैठक भत्ता रू. ४,०००/- उपलब्ध गराइएको छ। आर्थिक वर्ष २०८१/८२ मा लेखापरीक्षण समितिको बैठक ९ पटक बसेको छ र बैठक भत्ता बापत रु ७२,०००/- भुक्तानी गरिएको छ।

यस वर्षमा उक्त समितिले निम्न बमोजिमका कार्यहरु सम्पादन गरेको छ।

१. वित्तीय संस्थाको लेखा, बजेट तथा आन्तरिक लेखापरीक्षण कार्यविधि, आन्तरिक नियन्त्रण व्यवस्था पालना भए नभएको अनुगमन तथा सुपरिवेक्षण गरेको,
२. लेखा र बहीखाताको आन्तरिक लेखापरीक्षण त्रैमाशिक रुपमा गराएको र त्यस्ता कागजात प्रचलित कानून, राष्ट्र बैंकको नियमन तथा निर्देशन बमोजिम ठीकसँग तयार भएको भनि यकीन गरेको,
३. वित्तीय संस्थामा लागू भएको प्रचलित कानून पूर्ण रुपमा पालना भएको छ भनी विश्वस्त हुन संस्थाको व्यवस्थापन र सञ्चालनको नियमित व्यवस्थापकीय तथा कार्य सम्पादनको परीक्षण गराएको,
४. वित्तीय संस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र नियम बमोजिम काम कारबाही भए नभएको अनुगमन गरि सोको प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गरेको,
५. २०८१/८२ को बाह्य लेखापरिक्षकको नियुक्तिको लागि लेखापरीक्षकको नाम सिफारिस गरेको,
६. सञ्चालक समितिबाट माग गरिएको विषयमा राय दिएको,
७. आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरिक्षण, नेपाल राष्ट्र बैंकको स्थलगत सुपरिवेक्षण र सुचना प्रविधि लेखापरिक्षणमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिएको र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गरेको,
८. बाह्य लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा छलफल भएको,
९. त्रैमासिक वित्तीय अवस्थाको विश्लेषण गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गरेको,

१०. संस्थाको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन र आन्तरिक लेखापरीक्षण कार्यक्रम आदि बारे नियमित समीक्षा गर्ने गरेको ।

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कम्पनीको आधारभुत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म कम्पनी वा सङ्गठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**
नभएको ।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**
यस संस्थाको सञ्चालक समितिको बैठकमा उपस्थित भएबापत प्रति बैठक भत्ता सञ्चालक समितिको अध्यक्षलाई रु. ५,०००/- र सञ्चालकहरूलाई रु. ४,०००/- एवम् मोवाइल सुविधा बापत मासिक रु. ३,०००/- र पत्रपत्रिका सुविधा बापत मासिक रु. १,०००/- सञ्चालक समितिको अध्यक्ष र सञ्चालकहरूलाई उपलब्ध गराइएको छ ।

संचालक समितिका सदस्यहरुलाई आ.व. २०८१/८२ मा जम्मा रू ७,४१,०००/- भत्ता बापत र रु २७६,०००/- सुविधा बापत भुक्तानी गरिएको छ । उपरोक्त भत्ता तथा सुविधाहरूमा प्रचलित कानून अनुसार करकट्टी गरेर मात्र भुक्तानी गर्ने गरिएको छ ।

प्रमुख कार्यकारी अधिकृत तथा पदाधिकारीहरूलाई नियुक्तिका शर्त तथा कर्मचारी विनियमावली अनुसारका पाउनु पर्ने सुविधाहरू प्रदान गरिएको छः

| विवरण | प्रमुख कार्यकारी अधिकृत | अन्य प्रमुख व्यवस्थापकहरु |
|---|---|---|
| तलव, भत्ता तथा अन्य सुविधाहरु | ३९,७१,१३१ | २६,०४,५१८ |

**(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
यस संस्थाले घोषणा गरेको लाभांश मध्ये प्रतिवेदन तयार गर्दाको आ.व. २०८१/८२ सम्ममा शेयरधनीहरूबाट लाभांशबापतको रकम रु. १,३५,८८७.७८ बुझिलिन बाँकी रहेको छ ।

**(फ) कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पति खरिद वा बिक्री गरेको कुराको विवरण :**
आ.व. २०८१/८२ मा संस्थाले कुनै पनि घरजग्गा खरिद तथा बिक्री गरेको छैन ।

**(ब) कम्पनी ऐनको दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोवारको विवरण :**
नभएको ।

**(भ) कम्पनी ऐन, २०६३ तथा प्रचलीत कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरु :**
यसै प्रतिवेदनको सान्दर्भिक बुँदाहरूमा खुलाइएको ।

# समृद्धि फाइनान्स कम्पनी लिमिटेडको
## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ (२) सँग सम्बन्धित अन्य विवरणहरु आ.व. २०८१/०८२

१. संचालक समितिको प्रतिवेदन :

वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

२. लेखापरीक्षकको प्रतिवेदन :

वार्षिक प्रतिवेदनमा सम्बद्ध शीर्षक अन्तर्गत राखिएको ।

३. लेखापरीक्षण भएको वित्तीय विवरण :

बार्षिक प्रतिवेदनमा सम्बद्ध शीर्षक अन्तर्गत राखिएको ।

४. कानुनी कारबाही सम्बन्धि विवरण :

(क) **यस अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :**
ऋण असुली सँग सम्बन्धित मुद्धाहरु दायर भएको र विचाराधिन रहेको ।

(ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :**
यस सम्बन्धमा त्यस्तो मुद्दा दर्ता भएको वा गरेको जानकारी प्राप्त नभएको ।

(ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
यस सम्बन्धमा त्यस्तो मुद्दा दर्ता भएको वा गरेको जानकारी प्राप्त नभएको ।

५. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**
यस कम्पनीको शेयर माग र आपूर्तिको आधारमा मूल्य निर्धारण हुने गरी नेपाल धितोपत्र विनिमय बजारमा कारोबार भइरहेको छ। शेयर बजारमा आउने उतारचढाव सँगै यस कम्पनीको शेयर मूल्यमा पनि परिवर्तन हुने गरेको छ।

(ख) **आ.व. २०८१/०८२ को प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन :**

| क्र.सं. | त्रैमास | अधिकतम मूल्य रु | न्यूनतम मूल्य रु | अन्तिम मूल्य रु | कुल कारोबार संख्या | कारोबार दिन |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | ७५२.०० | ४६८.०० | ६७१.०० | ४८,२३२ | ५७ |
| २ | दोस्रो | १,०१६.०० | ५६८.०० | ६६४.०० | ४६,६६१ | ५५ |
| ३ | तेस्रो | ६३८.०० | ५०८.०० | ५२७.२६ | २३,८८६ | ५६ |
| ४ | चौथो | ५४१.०० | ४६१.०० | ५३९.४७ | १३,४७२ | ६३ |

## ६. समस्या र चुनौती :

### आन्तरिक समस्या तथा चुनौती :

- बैंक तथा वित्तीय संस्थाहरु बीच हुने तिब्र प्रतिस्पर्धा
- साँघुरो ग्राहक आधार र व्यवसाय विस्तारको चुनौती
- दक्ष्य जनशक्तिहरुको अभाव
- सूचना प्रविधिका पुर्वाधारहरुमा बढ्दो लगानीको आवश्यकता

### बाह्य समस्या तथा चुनौती

(क) समग्र अर्थतन्त्रमा देखिएको नैरास्यता, सहकारी क्षेत्र र लघुवित्तमा देखिएका आर्थिक असर, घरजग्गा लगायत अन्य व्यवसायमा परेको प्रभावका कारण कर्जाको मागमा कमी आएको साथै समयमै कर्जा असुली तथा ब्याज भुक्तान हुन नसकी निष्कृय कर्जा बढ्ने चुनौती रहेको छ। यस्तो किसिमको प्रभावले गर्दा संस्थाको व्यवसाय बृद्धिमा प्रभाव पारेको छ। बाह्य अर्थतन्त्रको प्रभावले कुनै समयमा निक्षेपको कमी भई तरलताको अभाव हुने र कुनै समय अधिक तरलता भई कर्जाको मागमा कमी हुने भएकोले व्यवसाय वृद्धिमा प्रभाव परिरहेको छ।

(ख) समस्या समाधानका लागि व्यवस्थापनले अवलम्बन गरेको नीति : नेपाल राष्ट्र बैंकले निर्धारण गरे बमोजिम सिमा भित्र रहेर कारोवार गर्ने गरिएको छ। विविध आन्तरिक तथा वाह्य चुनौति एवं समस्या समाधान गर्न सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनिति बनाइ उपाय अबलम्बन गर्ने गरेको छ।

दिर्घकालिन र भरपर्दो व्यवसाय बिस्तारका लागि नयाँ किसिमका कर्जाका प्रोडक्टहरु ल्याइ लागु गरिएको छ। दक्ष जनशक्ति विकासका निम्ति कर्मचारीहरुलाई समय सापेक्ष आन्तरिक तथा वाह्य तालिम प्रदान गरिने र उनीहरुलाई दिर्घकालिन रुपमा कायम राख्न समय सापेक्ष सुविधाहरु प्रदान गर्दै जाने नीति लिइएको छ।

## ७. संस्थागत सुशासन :

बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, परिपत्रहरु, धितोपत्र ऐन र सो ऐन अनुसार जारी भएको नियमावली, विनियमावलीहरु तथा निर्देशनहरु, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडबाट जारी गरिएको निर्देशनहरु तथा प्रचलित कानुनहरुको परिपालना गरिएको छ। कारोवारलाई चुस्त बनाउन व्यवस्थापन समिति (MANCO), जोखिम व्यवस्थापन समिति (Risk Management Committee), सम्पत्ति/ दायित्व व्यवस्थापन समिति (ALCO) लगायतका विभिन्न समितिहरु क्रियाशिल रहेका छन्। संस्थाको लेखापरीक्षकबाट प्राप्त भएको सल्लाह सुझावलाई परिपालना गर्दै संस्थागत सुशासन कायम गर्न सञ्चालक समिति र व्यवस्थापन प्रतिवद्ध रहेको छ।

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड
## हेटौडा, मकवानपुर
## कम्पनी ऐन, २०६३ को दफा ७८ वमोजिमको विवरण
## आ.व २०८१/८२

(क) बाँडफाँड भएको शेयर संख्या :

कम्पनीको रु ८१,८९,११,४००/- (एकासी करोड उनान्नब्बे लाख एघार हजार चार सय) को ८१,८९,११४ कित्ता शेयर बाँडफाँड भएको छ।

(ख) बाँडफाँड भएको शेयर मध्ये चुक्ता भएको र नभएको शेयर संख्या :

बाँडफाँड भएको सम्पूर्ण शेयरको रकम चुक्ता भएको छ।

(ग) कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक, लेखापरीक्षक, कार्यकारी प्रमुख, प्रबन्धकको विवरण र निजहरुलाई भुक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाहरुको रकम :

| क्र.सं. | नाम, थर | पद | भत्ता | सुविधा |
|---|---|---|---|---|
| १. | अजय कुमार मिश्र | अध्यक्ष | २९,००० | ८,००० |
| २. | बिनोद कुमार सुवेदी | सञ्चालक | १,१६,००० | ४८,००० |
| ३. | दुर्गा थापा | सञ्चालक | १२४,००० | ४८,००० |
| ४. | सुदिप घिमिरे | सञ्चालक | २०,००० | ८,००० |
| ५. | दिनेश कुमार बर्तौला | सञ्चालक | १२४,००० | ४८,००० |
| ६. | रोशन पन्त | सञ्चालक | २८,००० | ८,००० |
| ७. | एन.बी.एस.एम एण्ड एसोसिएट्स | लेखा परीक्षक | ४,३५,०५० ( मु.अ. क. समेत) | |
| ८. | सन्तोष कुमार घिमिरे | प्र.का.अ | १,०९१,९४९ | |
| ९. | अन्य पदाधिकारी | | ५,३८५,९३८.२६ | |

(घ) कम्पनीको २०८२ असार मसान्तसम्मको चुक्ता पूँजीको पाँच प्रतिशत वा सो भन्दा बढी शेयर खरिद गरी लिने व्यक्ति वा संगठित संस्थाको नाम र निजहरुको नाममा रहेको शेयर वा डिवेञ्चरको विवरण :

| क्र.सं. | शेयरवालाको नाम | शेयर संख्या |
|---|---|---|
| १ | शिव प्रसाद घिमिरे | ७२०,८८२ कित्ता |
| २ | इन्द्र बहादुर थापा | ४७१,८९८ कित्ता |
| ३ | भेषराज लोहनी | ४१०,३३८ कित्ता |

(ङ) शेयर विक्रीबाट प्राप्त भएको जम्मा रकम र सम्बन्धित आर्थिक वर्षमा कम्पनीले खरिद गरेको तथा जारी गरेको नयाँ शेयर तथा डिबेञ्चरको विवरण :

यस आ.व. मा कुनै नयाँ शेयर तथा डिबेन्चर जारि गरिएको छैन।

(च) सञ्चालक वा आधारभूत शेयरधनी वा निजका नजिकका नातेदारले कम्पनीलाई बुझाउन बाँकी रहेको रकम :

संचालक वा आधारभूत शेयरधनी वा निजका नजिकका नातेदारले कुनै पनि रकम बुझाउन बाँकी नरहेको।

(छ) **शेयर विक्री वा अन्य कुनै काम गरे बापत दिएको वा दिनु पर्ने रकम :**
शेयर बिक्रि वा अन्य कुनै काम गरेबापत दिनु पर्ने रकम छैन ।

(ज) **बैंक तथा वितीय संस्थाहरुवाट लिएको ऋण तथा बुझाउन बाँकी रहेको साँवा तथा ब्याजको रकम :**
बैंक तथा वित्तीय संस्थाहरुवाट लिएको ऋण तथा बुझाउन बाँकी रकम छैन ।

(झ) **कम्पनीले भुक्तानी लिनु पर्ने वा कम्पनीले अन्य व्यक्तिलाई भुक्तानी गर्नु पर्ने भनी दावी गरिएको रकम वा यस विषयमा मुद्दा मामिला चलिरहेको भए त्यसको विवरण :**
ऋण असुलीको क्रममा भएका नियमित मुद्दा मामिला चलिरहेको ।

(ञ) **कम्पनीको व्यवस्थापनमा कार्यरत तथा अन्य स्तरका कर्मचारी वा कामदारको संख्या :**
व्यवस्थापन, स्थायी, अस्थायी, करार र प्रशिक्षार्थी गरी जम्मा १११ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

(ट) **कम्पनीको व्यवस्थापनमा कार्यरत तथा अन्य स्तरमा कार्यरत विदेशीहरुको संख्या तथा निजहरुलाई भुक्तान गरिएको पारिश्रमिक, भत्ता, तथा सुविधा :**
कम्पनीको व्यवस्थापन तथा अन्य कुनै पनि स्तरमा विदेशीहरु लाई नियुक्त गरिएको छैन ।

(ठ) **कम्पनी र कुनै विदेशी निकाय वा व्यक्तिहरु बीच लगानी, व्यवस्थापन वा प्राविधिक सेवा वा अन्य विषयमा एक वर्ष भन्दा वढी अवधिको लागि कुनै सम्झौता गरिएको भए सो को विवरण र सम्वन्धीत आर्थिक वर्षमा त्यस्तो सम्झौता अनुसार भुक्तान गरिएको लाभांश, कमिशन , शुल्क दस्तुर, र रोयल्टी आदिको विवरण :**
छैन ।

(ड) **कम्पनीको आ.व. २०८१/८२ को व्यवस्थापन खर्चको विवरण :**

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | कर्मचारी खर्च | ६,९०,१३,५३०/- |
| २. | अन्य व्यवस्थापन | ५,२६,०४,३३१/- |
| | जम्मा | १२,१६,१७,८६१/- |

(विस्तृत विवरण लेखापरीक्षण भएको बार्षिक वित्तीय विवरणमा उल्लेख गरिएको)

(ढ) **शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकम रु. १३५,८८७.७८।- रहेको ।

(ण) **कम्पनीले यस ऐन तथा प्रचलित कानूनको पालना पूर्ण रुपमा गरेको छ भन्ने कुराको उदघोषण:**
कम्पनीले ऐन तथा प्रचलित कानूनको पालना पूर्ण रुपले गरेको छ ।

(त) **अन्य आवश्यक कुरा :**
केही नभएको ।

# संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन

(नेपाल धितोपत्र बोर्डबाट जारी सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७४ बमोजिम)

| | |
|---|---|
| सुचीकृत सङ्गठित संस्थाको नाम | समृद्धि फाइनान्स कम्पनी लिमिटेड |
| ठेगाना इमेल र वेभसाइट सहित | ठेगाना : रजिष्टर्ड कार्यालय हेटौंडा १, मकवानपुर<br>Email : info@sfcl.com.np, Website : www.sfcl.com.np |
| फोन नं. | ०५७-५२५१००, ०५७-५२३२२९ |
| प्रतिवेदन पेश गरिएको आ.व. | आ.व. २०८१/०८२ (आषाढ मसान्त २०८२ को आधारमा) |

## १. सञ्चालक समिति सम्बन्धि विवरण

(क) **सञ्चालक समितिको अध्यक्षको नाम र नियुक्ति मिति :** श्री अजय कुमार मिश्र, २०८२/०२/०८

(ख) **संस्थाको सेयर संरचना सम्बन्धी विवरण :**

| क.स. | शेयर संरचना | सेयर संख्या |
|---|---|---|
| १. | संस्थापक समुह | ४,००५,४९१ |
| २. | सर्वसाधारण समुह | ४,१८३,६२३ |
| | जम्मा | ८,१८९,११४ |

(ग) **सञ्चालक समिति सम्बन्धी विवरण :**

| क्र. सं. | सञ्चालकहरुको नाम तथा ठेगाना | प्रतिनिधित्व भएको समुह | शेयर संख्या | नियुक्ति भएको मिति | पद तथा गोपनियताको शपथ लिएको मिति | सञ्चालक नियुक्तिको तरिका |
|---|---|---|---|---|---|---|
| १ | श्री अजय कुमार मिश्र, बलरा १, सर्लाहि | स्वतन्त्र सञ्चालक | | २०८२/०१/२५ | २०८२/०१/३० | सञ्चालक समिति बाट नियुक्त |
| २ | श्री विनोद कुमार सुवेदी, भण्डारा, चितवन | सर्वसाधारण समुह | २,२५० | २०७८/९/३० | २०७८/१०/२१ | निर्वाचित |
| ३ | श्री सुदिप घिमिरे, पकली, सुनसरी | संस्थापक समुह | संस्थापक ६१,८९६ सर्वसाधारण १०,१५४ | २०७९/९/३० | २०७९/०९/३० | निर्वाचित |
| ४ | श्री दुर्गा थापा, शनिस्चरे, मोरङ | सर्वसाधारण समुह | ३०० | २०७९/०९/३० | २०७९/०९/३० | निर्वाचित |
| ५ | श्री दिनेश कुमार बर्तौला, नामटार, मकवानपुर | संस्थापक समुह (पद्मोदय प्रा.लि. को प्रतिनिधि) | संस्थापक १०,८९८ सर्वसाधारण १,७८८ | २०८०/१०/१९ | २०८०/११/०१ | निर्वाचित |
| ६ | श्री रोशन पन्त, मधेषा, सुनसरी | संस्थापक समुह (एस.जि.अर्गनाइजेसन प्रा.लि. को प्रतिनिधि) | संस्थापक ४,३०० सर्वसाधारण ७०५ | २०८२/०१/२५ | २०८२/०१/३० | सञ्चालक समिति बाट नियुक्ति |

(घ) **सञ्चालक समितिको बैठक**

**सञ्चालक समितिको बैठक सम्बन्धी विवरण**

| क्र.सं. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठक मिति | उपस्थित सञ्चालक संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने सञ्चालकको संख्या | गत आ.व.मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| १. | २०८१/०४/१५ | ७ | भिन्न मत नभएको | २०८०/०४/२९ |
| २. | २०८१/०४/३१ | ७ | भिन्न मत नभएको | २०८०/०५/०१ |
| ३. | २०८१/०५/१९ | ७ | भिन्न मत नभएको | २०८०/०६/०२ |
| ४. | २०८१/०६/१३ | ७ | भिन्न मत नभएको | २०८०/०६/२६ |
| ५. | २०८१/०६/१८ | ७ | भिन्न मत नभएको | २०८०/०७/०३ |
| ६. | २०८१/०६/२९ | ६ | भिन्न मत नभएको | २०८०/०८/१३ |
| ७. | २०८१/०७/०७ | ६ | भिन्न मत नभएको | २०८०/०८/२५ |
| ८. | २०८१/०७/१३ | ६ | भिन्न मत नभएको | २०८०/०९/०४ |
| ९. | २०८१/०८/१४ | ७ | भिन्न मत नभएको | २०८०/०९/०५ |
| १०. | २०८१/०९/१२ | ४ | भिन्न मत नभएको | २०८०/०९/२३ |
| ११. | २०८१/०९/२२ | ४ | भिन्न मत नभएको | २०८०/१०/१९ |
| १२. | २०८१/०९/२५ | ४ | भिन्न मत नभएको | २०८०/११/१३ |
| १३. | २०८१/१०/०४ | ६ | भिन्न मत नभएको | २०८०/१२/०९ |
| १४. | २०८१/११/२३ | ६ | भिन्न मत नभएको | २०८१/०१/२५ |
| १५. | २०८१/११/२८ | ५ | भिन्न मत नभएको | २०८१/०२/१३ |
| १६. | २०८१/१२/०४ | ४ | भिन्न मत नभएको | २०८१/०२/२० |
| १७. | २०८१/१२/१७ | ६ | भिन्न मत नभएको | २०८१/०३/०५ |
| १८. | २०८२/०१/०५ | ५ | भिन्न मत नभएको | २०८१/०३/१४ |
| १९. | २०८२/०१/२५ | ४ | भिन्न मत नभएको | २०८१/०३/२६ |
| २०. | २०८२/०२/०४ | ६ | भिन्न मत नभएको | |
| २१. | २०८२/०२/१८ | ५ | भिन्न मत नभएको | |
| २२. | २०८२/०२/२९ | ६ | भिन्न मत नभएको | |
| २३. | २०८२/०३/१० | ६ | भिन्न मत नभएको | |
| २४. | २०८२/०३/१८ | ६ | भिन्न मत नभएको | |
| २५. | २०८२/०३/२७ | ६ | भिन्न मत नभएको | |

- **कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरण–** नभएको
- **सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण :**

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए/नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने): | सञ्चालक समितिमा कुनै वैकल्पिक सञ्चालक नभएको । |
| सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरु, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्युट) को छुट्टै अभिलेख राखे नराखेको: | निर्णयको छुट्टै अभिलेख राखेको । |
| सञ्चालक समितिको दुई लगातार बसेको बैठकको अधिकतम अन्तर (दिनमा) : | २०८१/१०/०४देखि २०८१/११/२३ सम्म ४८ दिन |
| सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मितिः | २०७९/०९/३० |
| सञ्चालक समितिको प्रति बैठक भत्ता रु. | अध्यक्ष रु. ५,०००<br>सञ्चालक रु. ४,००० |
| यस आ.व. (२०८१/०८२) को सञ्चालक समितिको कुल बैठक खर्च रु. | ७,३२,००० |

## २. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरण

| | |
|---|---|
| सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको | भएको |
| एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण | नभएको |

**सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पूर्नताजगी कार्यक्रम सम्बन्धी विवरणः**

| क्र.सं. | विषय | मिति | सहभागी सञ्चालकको संख्या | तालिम संचालन भएको स्थान |
|---|---|---|---|---|

प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सोको विवरण : सम्पूर्ण सञ्चालकहरुले देहायका कुराहरुमा मनोनयन भएको पन्ध्र दिनभित्र लिखित जानकारी गराउनु भएको र सो जानकारी अनुसार

| | |
|---|---|
| संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण | नरहेको |
| निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य | नभएको |
| निज अन्य कुनै संगठित संस्थाको आधारभूत शयेरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण, | यस व्यहोराको कुनै जानकारी प्राप्त नभएको |
| निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहेको भए सोको विवरण, | नभएको |
| सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलबी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण | नभएको |
| सञ्चालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुन कारवाही गरिएको भए सोको विवरण, | नगरिएको |

## ३. संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण :

**क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको भए सोको कारण** : भएको।

**ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारी** :

अ) समितिको संरचना

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री सुदिप घिमिरे | संयोजक |
| २ | श्री दुर्गा थापा | सदस्य |
| ३ | श्री दिपक न्यौपाने | सदस्य सचिव |
| ४ | श्री चुडामणी खनाल | सदस्य |

आ) समितिको बैठक संख्याः ६ पटक

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरणः

यो समितिले नेपाल राष्ट्र बैंकले निर्देशन नं. ६ मा तोके बमोजिमका कार्यहरु जस्तैः वित्तीय संस्थाको पूँजी पर्याप्तता सम्बन्धी आन्तरिक विश्लेषण, क्षेत्रगत सीमा निर्धारण तथा अनुपालना, दवाव परीक्षण आदिको अनुगमन गर्ने गरेको छ र त्रैमासिक रुपमा सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने गरेको छ। यसका साथै, वित्तीय संस्थाको जोखिम सम्बन्धमा अन्य जानकारी लिने तथा त्यस सम्बन्धमा सञ्चालक समितिमा राय सुझाव तथा सिफारिस पेश गर्ने आदि जस्ता क्रियाकलापहरु पनि यस समितिले गर्ने गरेको छ।

(ग) **आन्तरिक नियन्त्रण कार्यविधि भए /नभएको** : आन्तरिक नियन्त्रण पद्धतिलाई व्यवस्थित बनाउन संस्थाले विभिन्न कार्यविधीहरु बनाई लागु गरेको छ।

(घ) **आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए /नभएको गठन नभएको भए सोको कारण** : आन्तरिक नियन्त्रण पद्धतिलाई सुदृढ गर्न संस्थामा सञ्चालक तथा व्यवस्थापन स्तरीय विभिन्न समितिहरुको गठन गरिएको छ।

(ङ) **आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरण** :

अ) समितिको संरचना

- लेखापरीक्षण समिति (सञ्चालक स्तरीय)

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री दुर्गा थापा | संयोजक |
| २ | श्री दिनेश कुमार बर्तौला | सदस्य |
| ४ | श्री मनिषा लम्साल | सदस्य सचिव |

**समितिको बैठक संख्याः** ९ पटक

**समितिको कार्य सम्बन्धी छोटो विवरणः**

यस समितिले नेपाल राष्ट्र बैंकले निर्देशन नं. ६ मा तोके बमोजिमका आन्तरिक लेखापरीक्षणको कार्य योजना स्वीकृति, आन्तरिक लेखा परीक्षकबाट प्राप्त हुन आएको शाखा तथा विभागको लेखा परीक्षण प्रतिवेदन, बाह्य लेखा परीक्षकबाट प्राप्त हुन आएको लेखापरीक्षण प्रतिवेदन तथा नेपाल राष्ट्र बैंकबाट प्राप्त हुन आएको निरीक्षण प्रतिवेदन र सो उपर व्यवस्थापनबाट प्राप्त हुन आएको प्रतिउत्तर सम्बन्धमा विस्तृत छलफल गरी व्यवस्थापनलाई आवश्यक निर्देशन तथा सुझाव दिनुका साथै यस सम्बन्धमा सञ्चालक समितिमा राय सुझाव तथा सिफारिस पेश गर्ने जस्ता कामहरु पनि गर्ने गरेको छ।

कर्मचारी सेवा सुविधा समिति (सञ्चालक स्तरीय)

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री रोशन पन्त | संयोजक |
| २ | श्री सन्तोष कुमार घिमिरे | सदस्य |
| ३ | श्री उमेश कुमी | सदस्य |
| ४ | श्री विनोद राज पौडेल | सदस्य सचिव |

समितिको बैठक संख्याः ४ पटक

**समितिको कार्य सम्बन्धी छोटो विवरणः**

यो समितिले नेपाल राष्ट्र बैंकले निर्देशन नं. ६ मा तोके बमोजिमका कर्मचारीहरुको पारिश्रमिक र सेवा सुविधा संरचनाको अध्ययन तथा विश्लेषण गरी पारिश्रमिक निर्धारण गर्ने, कर्मचारीहरुको कार्य क्षेत्र निर्धारण तथा कार्य सम्पादन मूल्यांकन प्रणालीको पुनरावलोकन गर्ने, कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य कार्यविधिहरु आदि तयार गरी सो सम्बन्धमा सञ्चालक समितिमा राय सुझाव तथा सिफारिस पेश गर्ने गरेको छ। साथै, यस समितिले वार्षिक रुपमा वित्तीय संस्थाको मानव संशाधन योजना पनि तयार गरी सञ्चालक समितिमा पेश गर्ने गरेको छ।

सम्पत्ति शुद्धीकरण निवारण समबन्धी समिति (सञ्चालक स्तरीय)

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री विनोद कुमार सुवेदी | संयोजक |
| २ | श्री दिपक न्यौपाने | सदस्य सचिव |

समितिको बैठक संख्याः ६ पटक

**समितिको कार्य सम्बन्धी छोटो विवरणः**

यो समितिले नेपाल राष्ट्र बैंकले निर्देशन नं. ६ मा तोके बमोजिमका भौगोलिक क्षेत्र, व्यवसाय वा पेशा, कार्यक्षेत्र, ग्राहक, सेवा वा उत्पादन, कारोबार तथा वितरण माध्यम समेतका आधारमा सम्पत्ति शुद्धीकरण तथा आताय्बाद कृयाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको पहिचान तथा मूल्याय्न गर्ने, ग्राहक/वास्तविक धनी/कारोबारका सम्बन्धमा निरन्तर अनुगमनको पुनरावलोकन गर्ने सम्पत्ति शुद्धीकरण तथा आताय्वाद कृयाकलापको निवारण व्यवस्थापन सम्बन्धी अन्य कार्यविधिहरु आदि तयार गरी सो सम्बन्धमा सञ्चालक समितिमा राय सुझाव तथा सिफारिस पेश गर्ने गरेको छ।

पदपुर्ति समिति (व्यवस्थापन स्तरीय)

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री विनोद राज पौडेल | संयोजक |
| २ | श्री दिपक न्यौपाने | सदस्य |
| ३ | श्री रोजिना पौडेल | सदस्य सचिव |

समितिको बैठक संख्याः ४५ पटक

**समितिको कार्य सम्बन्धी छोटो विवरण:**

रिक्त पद पहिचान, भर्ना योजना विकास, उम्मेदवारको समिक्षा, अन्तरवार्ता/लिखित परीक्षा सञ्चालन, योग्य कर्मचारी छनौट, कर्मचारी भर्ना तथा कर्मचारीहरुको कार्यसम्पादन मूल्याय्न सम्बन्धी व्यवस्थापन लगायतको कार्य यस समितिले गर्दै आएको छ।

सम्पत्ति दायित्व व्यवस्थापन समिति (व्यवस्थापन स्तरीय)

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री विनोद राज पौडेल | संयोजक |
| २ | श्री शुभाष श्रेष्ठ | सदस्य |
| ३ | श्री रोशन कुमार शर्मा | सदस्य |
| ४ | श्री हरिहर वाग्ले | सदस्य सचिव |

समितिको बैठक संख्या : १३ पटक

**समितिको कार्य सम्बन्धी छोटो विवरण:**

सम्पत्ति तथा दायित्वको उचित व्यवस्थापन, तरलता व्यवस्थापन, ब्याजदर मूल्याय्न र कर्जा तथा निक्षेप परिवर्तनका अध्ययन तथा आवश्यक व्यवस्थापन गर्ने गरेको छ। त्यस्तै लगानीको समिक्षा, लगानीसँग सम्बन्धित उचित निर्णय, अन्तराल विश्लेषण तथा तरलता योजनाको समिक्षा समेत यस समितिले गर्ने गरेको छ।

खरिद समिति (व्यवस्थापन स्तरीय)

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री विनोद राज पौडेल | संयोजक |
| २ | श्री उमेश कुमी | सदस्य |
| ३ | श्री चुडामणी खनाल | सदस्य सचिव |

समितिको बैठक संख्या: २८ पटक

**समितिको कार्य सम्बन्धी छोटो विवरण:**

सम्पत्तिको गुणस्तर, मूल्य तथा आर्थिक प्रशासन विनियमावलीमा भएको व्यवस्था बमोजिम संस्थामा खरिद सम्बन्धी आवश्यक कार्यहरु गर्दै आएको छ।

आर्थिक निर्देशन समिति (व्यवस्थापन स्तरीय)

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री सन्तोष कुमार घिमिरे | संयोजक |
| २ | श्री विनोद राज पौडेल | सदस्य |
| ३ | श्री उमेश कुमी | सदस्य |
| ४ | श्री चुडामणी खनाल | सदस्य सचिव |

समितिको बैठक संख्या: ३५ पटक

**समितिको कार्य सम्बन्धी छोटो विवरण:**
यस समितिले सामान्य सेवा विभागले पहिचान गरेको विभिन्न आपूर्तिकर्ता वा सेवा प्रदायकको वस्तु वा सेवाको गुण, लागत प्रभावकारिता, दक्षता, जोखिमस्तर, तथा विश्वसनियताको मूल्यांकन गरी सबैभन्दा उपयुक्त आपूर्तिकर्ता वा सेवा प्रदायकको नाम सिफारिश गर्दछ। वस्तु वा सेवाहरुको प्रभावकारिता, दक्षता र अर्थ व्यवस्था सम्बन्धी मापदण्ड पूरा गरी खरिद भएको सुनिश्चित गर्नका लागि यस समिति सकृय रहेको छ।

(च) **आर्थिक प्रशासन विनियमावली भए/नभएको:** भएको।

## ४. सुचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण

(क) **संस्थाले सार्वजनिक गरेको सुचना तथा जानकारी प्रवाहको विवरण :**

| विषय | माध्यम | सार्वजनिक गरेको मिति |
|---|---|---|
| वार्षिक साधारण सभाको सुचना | पत्रिका | २०८१/०७/१४ |
| विशेष साधारण सभाको सुचना | | आ.व. २०८१/८२ मा विशेष साधारण सभा नभएको। |
| वार्षिक प्रतिवेदन | संस्थाको वेभसाइट | २०८१/०७/१४ |
| त्रैमासिक प्रतिवेदन | राष्ट्रिय दैनिक पत्रिका | प्रथम त्रैमास-२०८१/०७/०७, प्रतिक दैनिक<br>दोश्रो त्रैमास-२०८१/१०/०८, आर्थिक दैनिक<br>तेश्रो त्रैमास-२०८२/०१/०८, आर्थिक दैनिक<br>चौथो त्रैमास-२०८२/०४/२९, अभियान दैनिक |
| धितोपत्रको मुल्यमा प्रभाव पार्ने मुल्य संवेदनशील सुचना | पत्राचार तुरुन्तै | |
| अन्य | | नभएको |

(ख) **सूचना सार्वजनिक नगरेको वा अन्य कारणले धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहिमा परेको भए सो सम्बन्धी जानकारी** : नभएको।

(ग) **पछिल्लो वार्षिक तथा विशेष साधारण सभा सम्पन्न भएको मिति** : २०८१/०८/०६

## ५. संस्थागत संरचना र कर्मचारी सम्बन्धि विवरण

क) **कर्मचारीहरूको संरचना, वृत्ति विकास, तालिम, तलब, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचारसंहिता लगायतका कुराहरू समेटिएको कर्मचारी सेवा शर्त विनियमावली/व्यवस्था भए नभएको :** भएको

ख) **सांगठनिक संरचना** : अनुसूचीमा संलग्न रहेको।

ग) **उच्च व्यवस्थापन तहका कर्मचारीहरूको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :**

| क्र.सं. | नाम | पद | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|
| १ | श्री सन्तोष कुमार घिमिरे | प्रमुख कार्यकारी अधिकृत | स्नातकोत्तर | ३४ वर्ष |
| २ | श्री विनोद राज पौडेल | नायव महाप्रबन्धक | स्नात्तकोत्तर | १८ वर्ष |
| ३ | श्री दिपक न्यौपाने | मुख्य व्यवस्थापक | स्नातकोत्तर | १० वर्ष |
| ४ | श्री सुभाष श्रेष्ठ | प्रबन्धक | स्नातक | २० वर्ष |
| ५ | श्री चुडामणी खनाल | प्रबन्धक | स्नातकोत्तर | १५ वर्ष |

**घ) कर्मचारी सम्बन्धी अन्य विवरण :**

| | |
|---|---|
| संरचना अनुसार कर्मचारी पदपूर्ति गर्ने गरे/नगरेको : | गरेको |
| नयाँ कर्मचारीहरूको पदपूर्ति गर्दा अपनाएको प्रकृया : | यस वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था बमोजिम प्रकृया अपनाई विज्ञापन प्रकाशित गरी वा ट्यालेन्ट हन्टद्वारा पदपूर्ति गर्ने गरीएको । |
| व्यवस्थापन स्तरका कर्मचारीको संख्या : | ५ |
| कुल कर्मचारीको संख्या : (२०८२ साल असार मसान्तमा) | १११ |
| कर्मचारीहरूको सक्सेसन प्लान भए/ नभएको : | भएको |
| आ. व. कर्मचारीहरूलाई दिइएको तालिम संख्या तथा सम्मिलित कर्मचारीको संख्या : | तालिम संख्याः ६८<br>सहभागि संख्याः १,०३३ |
| आ. व. को कर्मचारी तालिम खर्च रु : | रु. ११,०६,०५० |
| कुल खर्चमा कर्मचारी खर्चको प्रतिशत : | ५६.७४ |
| कुल कर्मचारी खर्चमा कर्मचारी तालिम खर्चको प्रतिशत : | १.६० |

## ६. संस्थाको लेखा तथा लेखापरिक्षण सम्बन्धी विवरण

### (क) लेखासम्बन्धी विवरण

| | |
|---|---|
| संस्थाको पछिल्लो आ.व. को वित्तीय विवरण NFRS अनुसार तयार गरे/नगरेको, नगरेको भए सोको कारण : | NFRS को आधारमा तयार गरिएको । |
| सञ्चालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मिति : | आ.व. २०८१/८२ को वित्तीय विवरण सञ्चालक समितिबाट मिति २०८२/०९/०१ स्वीकृत भएको । |
| त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मिति : | प्रथम त्रैमास, २०८१/०७/०७<br>दोस्रो त्रैमास, २०८१/१०/०८<br>तेस्रो त्रैमास, २०८२/०१/०८<br>चौथो त्रैमास, २०८२/०४/२९ |
| अन्तिम लेखापरिक्षण सम्पन्न भएको मिति : | आ.व. २०८१/८२ को लेखापरीक्षण मिति २०८२/०९/०१ सम्पन्न भएको । |
| साधारण सभाबाट वित्तीय विवरण (आ.व २०८०/८१) स्वीकृत भएको मिति : | आ.व. २०८०/८१ को वित्तीय विवरण मिति २०८१/०८/०६ मा स्वीकृत भएको |
| **संस्थाको आन्तरिक लेखा परिक्षण सम्बन्धी विवरण :**<br>(अ) आन्तरिक रुपमा लेखा परिक्षण गर्ने गरिएको वा वाह्य विज्ञ नियुक्त गर्ने गरिएको<br>(आ) वाह्य विज्ञ नियुक्त गरिएको भए सोको विवरण :<br>(इ) आन्तरिक लेखापरिक्षण कति अवधिको गर्ने गरिएको (त्रैमासिक, चौमासिक वा अर्धवार्षिक) | <br>बाह्य विज्ञ नियुक्त गरेको<br>बि.आर.एस. न्यौपाने एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट्स<br>त्रैमासिक |

(ख) **लेखापरीक्षण समितिसम्बन्धी विवरण**

| **संयोजक तथा सदस्यहरुको नाम, पद तथा योग्यता :** | | | |
|---|---|---|---|
| क्र.सं. | नाम | पद | योग्यता |
| १ | श्री दुर्गा थापा | संयोजक | स्नात्तकोत्तर |
| २ | श्री दिनेश कुमार बर्तौला | सदस्य | एम. वि. एस., Chartered Accountancy PE-II |
| ३ | श्री मनिषा लम्साल | सदस्यसचिव | चार्टर्ड एकाउन्टेन्ट |

| **बैठक बसेको मिति तथा उपस्थित सदस्य संख्या :** | | |
|---|---|---|
| क्र.सं. | मिति | उपस्थित सदस्य संख्या |
| १ | २०८१/०४/३१ | ३ |
| २ | २०८१/०५/२५ | ३ |
| ३ | २०८१/०७/०६ | ३ |
| ४ | २०८१/०९/१७ | ३ |
| ५ | २०८१/०९/२८ | ३ |
| ६ | २०८१/११/१५ | ३ |
| ७ | २०८१/१२/०७ | ३ |
| ८ | २०८१/१२/१२ | ३ |
| ९ | २०८२/०३/१८ | ३ |
| प्रति वैठक भत्ता रु : | | रु ४,००० |
| लेखापरीक्षण समितिले आफ्नो काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गरे/नगरेको: गरेका | | |

## ७. अन्य विवरण

| | |
|---|---|
| संस्थाले सञ्चालक तथा निजको तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैंक तथा वित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रुपमा रकम लिए/नलिएको | नलिएको |
| प्रचलित कानुन बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कर्मचारी, सल्लाहकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेकसुचिकृत संङ्गठीत संस्थाको परामर्शदाताले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलन गरे/नगरेको | नगरेको |
| नियमनकारी निकायले संस्थाको नियमन इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएको | भएको |
| नियमनकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरीवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए/नभएको | भएको |

संस्था वा सञ्चालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको भए सोको विवरण: बैंकका सञ्चालकहरु विरुद्ध यस वित्तीय संस्थाको काम कारवाही वाहेकका सम्बन्धमा कुनै मुद्दा चलिरहेको जानकारी नभएको । यस वित्तीय संस्था पक्ष विपक्ष भई २०८२/०३/३२ सम्म निम्न अदालतमा विभिन्न मुद्दाहरु चलिरहेका छन् ।

| क्र.सं. | अदालतको नाम | मुद्धा संख्या |
|---|---|---|
| १ | सर्वोच्च अदालत | २ |

Samriddhi Finance
समृद्धि फाइनान्स कम्पनी लिमिटेड
SAMRIDDHI FINANCE COMPANY LTD.
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

परिपालना अधिकृतको नाम : श्री दिपक न्यौपाने
पद: मुख्य व्यवस्थापक
मिति: २०८२/०९/०३
दस्तखत:

प्रतिवेदन सञ्चालक समितिबाट स्वीकृत मिति : २०८२/०९/०९
छाप:

लेखापरीक्षकबाट प्रमाणित मिति : २०८२/०९/२०
लेखापरीक्षकको नाम: सि.ए. राजेश कुमार साह
दस्तखत:
छाप:

# Organization Structure



**N. B. S. M. & Associates**
Chartered Accountants
6th Floor, Block C & D, Four Square Complex
Narayan Chaur, Naxal, Kathmandu, Nepal

T +977.1.453306
T +977.1.451524
info@nbsm.com.np
www.nbsm.com.np

# INDEPENDENT AUDITOR'S REPORT

**The Shareholders of M/s Samriddhi Finance Company Limited.**

## Report on the Audit of Financial Statements

### Opinion

We have audited the financial statements of M/s Samriddhi Finance Company Limited, (the "Finance Company") which comprises Statement of Financial Position as at Ashad 32, 2082 [July 16, 2025], Statement of Profit or Loss, Statement of Other Comprehensive Income, Statement of Changes in Equity & Statement of Cash Flows for the year then ended and Notes to the financial statements including a summary of significant accounting policies and other Explanatory Notes.

In our opinion, the accompanying financial statements give a true and fair view, in all material respects, of the financial position of the Finance Company as at Ashad 32, 2082 (July 16, 2025) and its financial performance and its cash flows for the year then ended on that date in accordance with Nepal Financial Reporting Standards.

### Basis of Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the auditor's responsibilities for the audit of the financial statements section of our report. We are independent of the Finance company in accordance with the Institute of Chartered Accountant of Nepal's code of ethics for professional accountants together with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with those requirements. We believe that the audit evidences we have obtained are sufficient and appropriate to provide a basis for our opinion.

### Key Audit Matters

Key audit matters are those matters that, in our professional judgement, were of most significance in the audit of the financial statements of the current period. These matters were addressed in the context of the audit of the Financial Statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. We have determined the matters described below to be the key audit matters to be communicated in our report.

| S.N | Key Audit Matters | Auditor's Response |
|---|---|---|
| 1. | **Interest Income**<br><br>The Finance Company has implemented NRB's Guidance Note on Interest Income Recognition, 2025 effective from Shrawan 2081. The guidelines require staging of loans (Stage 1, 2, 3) with different recognition methods - accrual basis for Stage 1 & 2 based on coupon interest rate and cash basis (incremental) for Stage 3 assets. The transitional arrangement involves complex quarterly tracking at account level and reconciliation between interest suspense, accrued interest, and actual collections.<br>Given the significant system changes, manual interventions during transition, and risk of misstatement in interest income, we considered this as a key audit matter. | Our audit approach included:<br><br>a. Obtained understanding of the Finance Company's implementation framework and tested quarterly interest computation processes at account level.<br><br>b. Verified staging classification (Stage 1, 2, 3) for sample loans based on ECL guidelines and tested stage migration reports.<br><br>c. For Stage 3 assets, tested cash basis approach by tracing collections to bank statements, recalculating interest suspense movements, and verifying that suspense doesn't exceed accrued interest. |

N. B. S. M. & Associates Kathmandu Nepal

| | | |
|---|---|---|
| | | d. Performed reconciliation between CBS interest calculations and General Ledgers entries and verified quarterly interest income aggregation. |
| 2. | **Investment Valuation, Identification, and Impairment**<br><br>Investment of the Finance company comprises of investment in Government bonds, T-bills, Development bonds and Investment in quoted and unquoted securities. The valuation of the aforesaid securities has been done in compliance with NFRS 9 and NRB Directive Number 8. The investment in the government and NRB bonds and T-bills has been done on Amortized cost and rest have been valued through Fair Value through Other Comprehensive Income.<br><br>The valuation of the investment requires special attention and further in view of the significance of the amount of the investment in the financial statement the same has been considered as Key Audit Matters in our audit. | Our audit approach regarding verification of process of investment valuation, identification and impairment included:<br>a. Review of the Investment of the Finance company and its valuation having reference to NFRS issued by the Accounting Standard Board of Nepal and NRB Directive 4 read with 8.<br>b. We assessed the nature of expected cash flow of the investments as well as the business model adopted by the management on the basis of available evidences/circumstances and ensured that classification of investment is commensurate with nature of cash flow and management intention of holding the investment.<br>c. For the investment valued through OCI for quoted investment, we ensured that fair valuation has been done at the closing transaction rate in NEPSE as on 32/03/2082 and for the unquoted investment the fair value has been determined based on latest available Net Assets Value (NAV). |
| 3. | **Impairment of Loans and Advances**<br><br>Requirement under NFRS 9 read with (Carve-out on NFRS-9 issued by ICAN dated 2082/05/09 and opted by the Finance Company), Finance Company shall measure impairment loss on loans and advances at the higher of:<br>▪ Amount derived as per norms prescribed by Nepal Rastra Bank for loan loss provisioning; and<br>▪ Amount determined as per para 5.5 of NFRS adopting the Expected Credit Loss (ECL) model<br><br>As per the norms prescribed by NRB, provision at prescribed rate shall be created on loans and advances based on overdue status of loans and advances as well as utilization status of the facility, status of security, borrower's whereabouts etc.<br><br>As per NAS 39 read with NFRS 9, impairment of loans and advances should be made on individual impairment basis for loans and advances that are individually significant and collective impairment basis for homogeneous | Our audit approach regarding verification of impairment of loans and advances included:<br>a. Review of the overdue status of loans and advances by obtaining data from the system and matched the same with the NRB 2.2 report.<br>b. Sample credit files were reviewed, among other things, from the perspective of utilization of loans and advances for intended purpose by way of scrutiny of financial statements, account movement, account turnover etc.<br>c. Expected future cash flows from the individually significant loans and advances with indication of impairment are assessed on the basis of realizable value of collateral securities based on management estimate.<br>d. Grouping of homogeneous group of loans was assessed on the basis of nature and purpose of loans and data of historical loss experience in portfolios are assessed on the basis of past due data from the system as well as data of loan |

| | | |
|---|---|---|
| | groups of loans that are not considered individually significant. Collective impairment loss is determined after taking into account the Historical Loss Experience in portfolios of similar credit risk and Management's experienced judgment as to whether current economic and credit conditions are such that the actual level of inherent losses at the reporting date is like to be greater or less than that suggested by historical experience.<br><br>Given the fact that impairment of loans and advances under Incurred Loss Model require assessment of future cash flows as well as historical loss experiences of portfolios. Further, impairment of loans and advances under NRB norms for loan loss provisioning will require assessment of overdue status of loans and advances and proper utilization of loan for intended purpose. Hence, assessment of availability and accuracy of required data for Impairment of loans and advances under Incurred loss Model as well as NRB provisioning norms is regarded as Key Audit Matters. | loss provisions of the defined group in the past. |
| **4.** | **Information Technology General Controls**<br><br>IT controls with respect to recording of transactions, generating various reports in compliance with NRB guidelines and other compliances to regulators is an important part of the process. Such reporting is highly dependent on the effective working of Core Banking Software and other allied systems.<br><br>We have considered this as key audit matter as any control lapses, validation failures, incorrect input data and wrong extraction of data may result in wrong reporting of data to the management, shareholders and regulators. | Our audit approach regarding Information technology of the Finance company is based upon the Information Technology Guidelines 2012 issued by NRB and it included:<br>a. Understanding the coding system adopted by the Finance company for various categories of customers.<br>b. Understanding the feeding of the data in the system and going through the extraction of the financial information and statements from the IT system existing in the Finance company.<br>c. Checking of the user requirements for any changes in the regulations/ policy of the Finance company.<br>d. Reviewed the reports generated by the system on sample basis. We verified the interest income and expense booking regarding loan and deposit on test basis with the CBS of the Finance company.<br>e. We relied on the IT audit conducted by the Finance Company.<br>f. We verified the provisioning of the loan and advances based on ageing on the test check basis. |

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of the Financial Statements in accordance with Nepal Financial Reporting Standards, and for such Internal Control as management determines is necessary to enable the preparation of financial statements that are free from Material Misstatements, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the finance company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the finance company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the finance company's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatements, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidences that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Finance company's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidences obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Finance company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our condusions are based on the audit evidences obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Finance company to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure, and content of the financial statements, including the disclosures, and whether the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide Those Charged With Governance(TCWG) with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

From the matters communicated with those charged with governance, we determine those matters that were of most significance in the audit of the financial statements of the current period and are therefore the key audit matters. We describe these matters in our auditor's report unless law or regulation precludes public disclosure about the matter or when, extremely rare circumstances, we determine that a matter should not be

N.B.S.M. & Associates
Kathmandu
Nepal

communicated in our report because the adverse consequences of doing so would reasonably be expected to outweigh the public interest benefits of such comment.

**Report on the requirement of Bank and Financial Institution Act, 2073 and Company Act, 2063**

We have obtained information and explanations asked for, which, to the best of our knowledge and belief were necessary for the purpose of our audit. In our opinion, proper books of account as required by law have been kept by the organization in so for as it appears from our examination of those books of account of the Finance company. In our opinion the Statement of Financial Position, Statement of Profit or loss, Statement of Other Comprehensive income, Statement of Changes in Equity & Statement of Cash Flows and off-balance sheet transactions for the period then ended and a summary of significant accounting policies and other explanatory notes have been prepared in accordance with the requirements of Companies Act, 2063 and Bank and Financial Institution Act, 2073 and are in agreement with the books of accounts maintained by the Finance company. In our opinion and to the best of information and according to the explanation given to us and from the examination of the books of accounts of the Finance company, we have not come across any case where the board of directors or any employee of the finance company have acted contrary to legal provisions relating to accounts, or committed any fraud relating to accounts or caused any loss or damage to the Finance company.

In our opinion, so far as appeared from our examination of the books, the Finance company has maintained adequate capital funds and adequate provision for possible impairment of assets in accordance with the directives issued by Nepal Rastra Bank.

To the best of our knowledge and according to the explanation given to us and from the examination of the books of accounts of the Finance company, we observed that the loans have been written off as specified; the business of the finance company was conducted satisfactorily and the finance company's transactions were found to be within the scope of its authority. We have not come across any case where the board of directors or any employee of the Finance company have acted contrary to legal provisions relating to accounts, or committed any misappropriation or caused any loss or damage to the Finance company or its property and violated any directives of Nepal Rastra Bank or acted in a manner to jeopardize the interest and security of the Finance company, its depositors and it's investors.

**For N. B. S. M. & Associates**
Chartered Accountants

CA. Rajesh Kumar Sah, FCA
Senior Partner
Place: Kathmandu, Nepal
Date: 01/09/2082
UDIN: 251216CA00546s9n9a

N. B. S. M. & Associates Kathmandu Nepal Chartered Accountants

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

## वितीय अवस्थाको विवरण

२०८२ असार ३२ सम्म (सन् २०२५ जुलाइ १६ सम्म)

| विवरण | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सम्पत्तिहरु** | | | |
| नगद तथा नगद समान | ४.१ | ३७७,८२३,८२४ | ४८०,७०८,५१७ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात र लिनुपर्ने | ४.२ | ५८७,४५६,१३७ | १२४,३३०,६८९ |
| बैंक तथा वित्तीय संस्थामा मौज्दात | ४.३ | - | - |
| व्युत्पन्न वित्तीय उपकरण | ४.४ | - | - |
| अन्य व्यापारिक सम्पत्तिहरु | ४.५ | - | - |
| वित्तीय संस्थालाई कर्जा सापटी | ४.६ | १०९,५६२,१६७ | १४५,३०८,३६४ |
| ग्राहकलाई कर्जा सापटी | ४.७ | १,८०६,३४६,८८४ | १,४४१,८९९,५४१ |
| लगानी सुरक्षण पत्र | ४.८ | २०८,६९२,०७८ | ५०१,८०९,१८१ |
| कर सम्पत्ति | ४.९ | ११,७८१,०६१ | ८,०६७,७६३ |
| सहायक कम्पनीमा लगानी | ४.१० | - | - |
| सम्बद्ध कम्पनीमा लगानी | ४.११ | - | - |
| सम्पत्तिमा लगानी | ४.१२ | १७६,३२८,१६७ | १३०,२११,८३१ |
| सम्पत्ति तथा उपकरण | ४.१३ | १२१,७३८,८०५ | १३३,१०१,९८७ |
| साख तथा अमुर्त सम्पत्ति | ४.१४ | ३,५५१,१६२ | २,९९८,८०३ |
| स्थगन कर सम्पत्ति | ४.१५ | ६१,०४६,८४५ | ३७,१०३,३४१ |
| अन्य सम्पत्तिहरु | ४.१६ | २५,०३७,७७० | ३९,७६२,७६६ |
| जम्मा सम्पत्तिहरु | | ३,४८९,३६४,८९९ | ३,०४५,३०२,७८२ |
| **दायित्वहरु** | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | ४.१७ | १२६,९४०,४८६ | १५३,९६९,५६० |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ४.१८ | - | - |
| व्युत्पन्न वित्तीय उपकरण | ४.१९ | - | - |
| ग्राहकबाट निक्षेप | ४.२० | २,७८३,१६६,२२७ | २,३०५,५४६,३७० |
| सापटी | ४.२१ | - | - |
| आ.व. को कर दायित्वहरु | ४.९ | - | - |
| व्यवस्थाहरु | ४.२२ | - | - |
| स्थगन कर दायित्व | ४.१५ | - | - |
ECL model लागु भएसँगै ब्याज आम्दानीको लेखाङ्कन नेपाल राष्ट्र बैंकद्वारा जारी Guidance Note on Interest Income Recognition, 2025 मा आधारित रहेको छ जसअनुसार स्टेज ३ अन्तर्गत पर्ने कर्जाको ब्याज आम्दानीको लेखाङ्कन नगद आधारमा गर्नुपर्ने हुन्छ। सोही अनुसार बैंकले आ.व. २०८१/८२ को अन्त्यसम्ममा रु. २.५४ करोड बराबरको रकमलाई नगद प्राप्ती नभएको कारणले ब्याज आम्दानीमा लेखाङ्कन गरेको छैन भने एक वर्ष भाखा नाघेर धितोबाट असूलीको कार्य अघि बढेको कर्जाहरुको हकमा, सो निर्णय पश्चात् सोही दिनमा कायम भएको ब्याजदर लाई स्थिर ब्याजदरको रुपमा लिएर कर्जा असुलीको समयमा ब्याज गणना गरी असुली गर्ने शर्तसहित, केन्द्रिय बैंकिङ्ग प्रणालीमा हाललाई ब्याजदर गणना रोक्का गरिएको छ।

NFRS 9 अनुसार प्रत्येक निकायले हरेक आर्थिक वर्षको अन्त्यमा वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहको क्षय भएको कुनै वस्तुगत संकेत छ छैन भनी मूल्याङ्कन गर्नु पर्दछ।

वित्तीय संस्थाले समीक्षा वर्षको क्षय नोक्सानी गणना NFRS 9 को परिच्छेद ५.५ तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप गरेको छ। NFRS 9-Expected Credit Loss Related Guidelines, 2024 को बुँदा नं. १६ मा रहेको नियामकीय प्रावधान बमोजिम वित्तीय संस्थाले कर्जा तथा सापटीको क्षय नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकले निर्देशन नं. २ मा तोकेको मापदण्ड अनुसार र NFRS 9 अनुसार गणना गरिएको रकममा जुन बढी हुन्छ, सोही अनुसार गरेको छ। साथै वित्तीय संस्थाले ICAN द्वारा जारी Carve out लागु गरी क्षय नोक्सानी व्यवस्थाको गणना गरेको छ। बैंक तथा वित्तीय संस्थाहरुलाई क्षय नोक्सानी व्यवस्थाको गणना गर्दा आ.व. २०८२/८३ सम्म अनिवार्य रुपमा लागु हुने गरी ICAN द्वारा जारी Carve out अनुसार क्षय नोक्सानी व्यवस्थाको गणना गर्दा नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुसारको रकम र NFRS 9 को परिच्छेद ५.५ अनुसारको रकम मध्येको बढी रकम लिनुपर्दछ।

NFRS 9 Expected Credit Loss model अनुसार कर्जा तथा सापटीमा क्षय नोक्सानी बापतको रकम रु. ५.३३ करोड रहेको छ भने नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुरुप कर्जा नोक्सानी व्यवस्था जम्मा रु. १९.५५ करोड रहे को छ (गत वर्ष रु. २२.०९ करोड रहेको)।

NFRS 9 Expected Credit Loss model अनुसार कर्जा तथा सापटीमा क्षय नोक्सानीको विवरण :

| तह | क्षय गणनाको आधार | कर्जा वक्यौता | क्षय हुन सक्ने रकम (EAD) | NFRS 9 बमोजिम क्षय नोक्सानी | नियामनकारी निर्देशन बमोजिम कर्जा नोक्सानी |
|---|---|---|---|---|---|
| तह १ | 12 Month | १,०९२,६७९,३३५ | १,१०९,४१४,४६५ | १,८४६,४२७ | १२,०८६,१८१ |
| तह २ | Lifetime ECL | १७६,८०५,८३३ | १७९,८५६,३१६ | २,०९६,६११ | ८,६५१,३४८ |
| | Individual assessment | ६१४,८९३,६०३ | ६२८,२४३,५५६ | ४१,७२१,६३१ | ७३,२४३,५७७ |
| तह ३ | | १८६,४५९,०७० | १९८,३८८,६२४ | ७,६४१,९५३ | १०१,५९९,७७७ |
| कुल रकम | | २,०७०,८३७,८४० | २,११५,९०२,९६१ | ५३,३०६,६२१ | १९५,५८०,८८३ |

गैरकोषमा आधारित सुवीधा अन्तर्गत कुनै पनि प्रतितपत्र, बैंक जमानत, अग्रिम विनिमय सम्झौता बापतको दायित्व तथा छोटो अवधि र लामो अवधिको कर्जा प्रतिबद्धता पर्दछन् भने वित्तीय संस्थामा हाल उक्त सुविधा अन्तर्गत कुनै पनि कर्जा वक्यौता रहेको छैन ।

अघिल्लो वर्ष र यस वर्ष नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम गरिएको कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्थाको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ :

रकम रु हजारमा

| कर्जा वर्ग | आ.व. २०८१/८२ | | | आ.व. २०८०/८१ | | |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | कर्जा रकम | नोक्सानी व्यवस्था | प्रतिशत | कर्जा रकम | नोक्सानी व्यवस्था |
| असल | ७६.२१ | १,५७८,२८५ | १६,९५० | ६२.८९ | १,०९८,२९५ | २१,४२५ |
| सुष्म निगरानी | १४.१३ | २९२,५९२ | १४,३४७ | १७.१८ | २९९,९२६ | २०,८२२ |
| सक्रिय कर्जा | ९०.३४ | १,८७०,८७७ | ३१,२९७ | ८०.०७ | १,३९८,२२१ | ४२,२४७ |
| कमसल | ०.३७ | ७,५८६ | १,८१८ | ७.६४ | १३३,४७० | ६४,२९७ |
| शंकास्पद | ०.८३ | १७,२८८ | ७,४०५ | ११.२९ | १९७,११२ | १०५,८५९ |
| खराब | ८.४५ | १७५,०८६ | १५५,०६० | १.०० | १७,४६२ | ८,५२६ |
| निष्कृय कर्जा | ९.६६ | १९९,९६१ | १६४,२८४ | १९.९३ | ३४८,०४५ | १७८,६८३ |
| कुल | १००.०० | २,०७०,८३८ | १९५,५८१ | १००.०० | १,७४६,२६६ | २२०,९३० |

**परिषोधित लागतमा लेखात्कन गरिएको वित्तीय सम्पत्तिको अपलेखन**

ऋण चुक्ता नहुने अवस्था देखिएमा, नियामकिय निर्देशन तथा संस्थाको कर्जा अपलेखन नीति बमोजिम, ऋणलाई आंशिक वा पूर्ण रुपमा अपलेखन गरिन्छ । तर सुरक्षित ऋणको हकमा अपलेखन सुरक्षणमा राखिएको सम्पत्तिको लिलामी पछि मात्र गरिन्छ। तर यदि जमानत राखिएको सम्पत्तिको मूल्य पहिचान भएमा र ऋण र प्राप्तीको थप असुली नहुने देखिएमा त्यस्ता ऋण र प्राप्तीलाई अग्रिम रुपमा अपलेखन गर्न सकिन्छ।

**अन्य विस्तृत आम्दानी मार्फत उचित मोलमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिको क्षय नोक्सानी :**

इक्विटीमा गरिएको लगानीको उचित मोलमा उल्लेखनीय वा लामो समयसम्म गिरावट आई लागत भन्दा तल पुग्नु क्षय नोक्सानिको संकेत हो। क्षय नोक्सानीलाई इक्विटीको उचित मोल कोषमा सञ्चित नोक्सानिलाई नाफा वा नोक्सानमा पुनर्वर्गीकरण गरिन्छ । इक्विटीबाट नाफा वा नोक्सानमा पुनःवर्गीकृत गरिएको सञ्चयी घाटा (Cumulative loss)

भनेको खरीद मूल्यमा हालको उचित मोलमा पहिले नाफा नोक्सान खातामा पहिचान गरिएको क्षय नोक्सानी घटाइ आउने रकमको भिन्नता हो।

**हानि नोक्सानीको फिर्ता**

यदि हानि नोक्सानीको रकम पछिको अवधिमा घट्छ र त्यो घटेको रकमलाई हानि नोक्सानी अभिलेख गरेको समयभन्दा पछिको घटनासँग सजिलै जोड्न सकिएमा, बढी भएको हानि नोक्सानी व्यवस्था रकमलाई फिर्ता गरिन्छ। यस्तो फिर्ता भएको रकमलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ।

**धितोको मूल्याङ्कन**

वित्तीय संस्थाले वित्तीय सम्पत्तिमा हुने जोखिम घटाउन सम्भव भएसम्म धितोको सुरक्षण खोज्छ। धितोको विभिन्न रुप हुन्छ जस्तै नगद, धितोपत्र, क्रेडिट/ग्यारेन्टिको पत्र, घरजग्गा, आसामी, स्टक, अन्य सम्पत्ति तथा क्रेडिट अनुवर्तिहरु जस्तै नेटिङ्ग सम्झौता। धितोको उचित मूल्याङ्कन सामान्यतया सुरुमा नेपाल राष्ट्र बैंकबाट जारी मार्गदर्शनका आधारमा गरिन्छ। घरजग्गा जस्तो गैर वित्तीय धितोको मूल्याङ्कन स्वतन्त्र मूल्याङ्कनकर्ता लगायतका तेस्रो पक्षले उपलब्ध गराउने विवरण र लेखा परिक्षण भएको वित्तीय विवरणका आधारमा गरिन्छ।

**पुनर्स्थापित सम्पत्ति वा वित्तीय संस्थामा हक हस्तान्तरण भएको सम्पत्ति**

पुनर्स्थापित सम्पत्ति स्वयम् भोगचलन गर्नु वा निसर्ग गर्नु उपयुक्त हुन्छ भन्ने कुरा निर्धारण गर्नु वित्तीय संस्थाको नीति रहेको छ। कर्जा चुक्ता गर्न असक्षम ऋणीको धितो foreclosure को रुपमा वा ऋण चुक्ताको अंश भई वित्तीय संस्थाले प्राप्त गरेको स्थिर सम्पत्तिलाई नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले लगानी सम्पत्ति वा सम्पत्तिको भाग भनेर अभिलेख गरेको छैन।

गैर बैंकिङ्ग सम्पत्ति मानिएको पुनर्स्थापित धितो त्यस्तो सम्पत्ति हो जुन वित्तीय संस्थाले कर्जा तथा सापटीको सुरक्षणको रुपमा लिएको र पछि कर्जा असुलीको क्रममा सकारेको हुन्छ। यस्ता सम्पत्तिहरु उचित बजार मूल्य र ऋणीबाट असुल गर्न बाँकी कूल रकममध्ये जुन कम हुन्छ, त्यसमा मूल्याङ्कन गरिन्छ र नपुग रकमलाई नाफा नोक्सान खातामा सोहि वर्ष खर्च लेखिन्छ, साथै लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरिन्छ।

**३.५ व्यापारिक सम्पत्ति**

व्यापारिक सम्पत्ति र दायित्वहरु ती सम्पत्ति र दायित्वहरु हुन् जसलाई वित्तीय संस्थाले निकट भविष्यमा बिक्री गर्ने वा पुर्नखरिद गर्ने उद्देश्य सहित लिएको हुन्छ वा छोटो अवधिको लाभ वा अवस्थिति लिनको लागि वित्तीय संस्थाले राखेको हुन्छ।

व्यापारिक सम्पत्ति र दायित्वहरुलाई प्रारम्भिक रुपमा Fair Value मा लेखाङ्कन गरिन्छ र त्यसपछि वित्तीय अवस्थाको विवरणमा Fair Value मा मापन गरिन्छ भने कारोबार खर्चलाई नाफा वा नोक्सानमा लेखांकन गरिन्छ। Fair Value मा भएको सबै परिवतर्नलाई नाफा वा नोक्सान खातामा Fair Value मानिए जसरी नै खुद ब्यापारिक आम्दानीको रुपमा लेखाङ्कन गरिन्छ।

**३.६ व्यूत्पन्न सम्पत्ति र दायित्वहरु** (Derivative assets and derivative liabilities)

फरवार्ड विदेशी विनिमय सम्झौता जस्ता व्युत्पन्न वित्तीय उपकरणहरुको मूल्याङ्कन बजारका अवलोकन योग्य आगतहरु सम्मिलित मूल्याङ्कन विधि प्रयोग गरी गरिन्छ। Forward pricing model धेरै जसो प्रयोग हुने मूल्याङ्कन विधि हो जसमा foreign exchange spot / forward premiums जस्ता विभिन्न आगतहरु समावेश हुन्छन्।

फरवार्ड सम्झौता भनेको निश्चित परिमाणको वित्तीय उपकरण, वस्तु (commodity) वा वैदेशिक मुद्रा निश्चित मूल्यमा निश्चित मितिमा हस्तान्तरण गर्ने वा राफसाफ हुने गरी गरिने अग्रिम खरिद बिक्रि सम्झौता हो ।

व्युत्पन्न मानिएका सम्पूर्ण सम्झौताहरूलाई व्यापारिक वा गैर व्यापारिक जुनसुकै प्रयोजनको लागि धारण गरिएको भएता पनि वित्तीय अवस्थाको विवरणमा फेयर भ्याल्यूमा प्रस्तुत गरिन्छ। फेयर भ्याल्यूमा हुने परिवर्तनलाई Mid exchange rate प्रयोग गरी वर्षान्तमा मूल्याङ्कन गरिन्छ । व्युत्पन्न वित्तीय उपकरणमा हुने नाफा वा घाटालाई नाफा/नोक्सान विवरणको 'खुद व्यापारिक आम्दानी' मा लेखाङ्कन गरिन्छ।

## ३.७ सम्पत्ति र उपकरण

### क) लेखांकन र मापन

यदि सम्पत्ति र उपकरणसँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू वित्तयि संस्थामा प्रवाहित हुने सम्भावना रहेको र लागत विश्वसनीय ढंगमा मापन गर्न सकिन्छ भने सम्पत्ति र उपकरणलाई पहिचान (Recognize) गरिन्छ। सम्पत्तिको खरिद गर्दा लाग्ने प्रत्यक्ष खर्चहरुलाई सम्पत्तिको कुल मूल्यमा देखाईएको छ।

**स्वनिर्मित सम्पत्तिको लागतमा निम्न रकम समावेश हुन्छन्:**

- निर्माण सामग्रीको लागत र प्रत्यक्ष श्रम खर्च
- कुनै पनि सम्पत्तिलाई काम गर्ने अवस्थामा ल्याउनको लागि प्रत्यक्ष रूपमा लागेको अन्य लागतहरू
- पूँजीकृत ऋण लागत

नियमित खरिद पछिको खर्चहरुबाट भविष्यका आर्थिक लाभहरू वित्तीय संस्थामा प्रवाहित हुन्छ भने खर्चहरु पूँजीकरण गरिन्छ। सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने खर्च भने मर्मत सम्भार खर्चको रुपमा लेखांकन गरिन्छ।

सम्पत्ति र उपकरणहरू लागत मूल्यमा संचित ह्रास कट्टी र संचित क्षय नोक्सानी घटाएपछि आउने रकममा मापन गरिएको छ।

प्रतिवेदन मितिमा कुनै पनि सम्पत्ति र उपकरण वर्गको पुनर्मुल्यांकन मोडलमा वा उचित मोलमा मापन गरिएको छैन । सम्पत्तिको पुनर्मूल्यांकनमा, किताबी रकममा भएको कुनै वृद्धिलाई 'अन्य विस्तृत आम्दानी' मा हिसाब गरि, पूँजी कोष अन्तर्गत इक्विटीमा जम्मा गरिन्छ वा सोही सम्पत्तिको अघिल्लो पुनर्मूल्यांकनमा मूल्य घटेर नाफा नोक्सान खातामा खर्च लेखिए बराबरको रकमलाई उल्ट्याइन्छ। यस अवस्थाको पुनर्मूल्यांकनमा भएको वृद्धिलाई पहिले खर्च लेखेको हदसम्म आयको रूपमा लेखांकन गरिन्छ । पुनर्मूल्यांकनमा घटेको रकमलाई भने नाफा/नोक्सान हिसाबमा खर्चको रूपमा लेखांकन गरिन्छ वा पूँजी कोषमा रहेको जम्मा रकमसम्ममा अन्य विस्तृत आयमा खर्च गरिन्छ। अन्य विस्तृत आयमा लेखांकन गरिएको घटेको रकमले पूँजी कोष अन्तर्गत इक्विटीमा जम्मा भएको रकम घटाइन्छ। सम्पत्ति पुनर्मूल्यांकन कोषमा बाँकी रहेको रकम सम्पत्तिको निसर्ग पश्चात सञ्चित आयमा स्थानान्तरण गरिन्छ।

### ख) निर्माणाधिन अवस्थाको पूँजीगत खर्च (Capital Work in Progress)

निर्माणाधिन अवस्थाको पूँजीगत खर्च लागत मूल्यमा मापन गरी सोही शिर्षकमा पूँजीकरण गरिएको छ। यसमा पूँजीकृत गर्न बाँकी रहेका भवनहरू र प्रणाली विकासमा प्रत्यक्ष रूपमा गरिएका खर्चहरू पर्दछन् । पूँजीगत कार्य प्रगतिहरू प्रयोगको लागि उपलब्ध भए पछि पूँजीकृत गरिन्छन् र प्रयोगकोलागि उपलब्ध भन्नाले सम्पत्ति र उपकरण व्यवस्थापनले चाहेको स्थान र स्थितिमा उद्देश्यको हिसाबले सञ्चालन गर्न सक्षम भएको भन्ने बुझिन्छ। पूँजीगत कार्य प्रगतिहरूलाई लागत मूल्यमा संचित क्षय नोक्सानी घटाइ मापन गरिन्छ।

**ग) ह्रासकट्टी व्यवस्था**

ह्रासकट्टी प्रयोगको लागि उपलब्ध भएको मिति देखि व्यवस्थापनले तय गरेको प्रयोग योग्य अवधि भरिमा घट्दो मौज्दात विधि प्रयोग (Diminishing Value Method) गरी गणना गरिन्छ। ह्रासकट्टी नाफा-नोक्सान खातामा लेखांकन गरिन्छ। लिज होल्ड सम्पत्ति भने पट्टा अवधि वा प्रयोग योग्य अवधि जुन कम हुन्छ त्यसमा ह्रासकट्टी गरिन्छ। जग्गामा ह्रासकट्टी गरिएको छैन। सम्पत्ति र उपकरणलाई बिक्रीको लागि उपलब्ध वर्गमा वर्गीकृत गरिएपछि वा पहिचान योग्य नभएपछि ह्रासकट्टी गर्न बन्द गरिन्छ।

| विवरण | ह्रासकट्टी अवधि | अनुमानित अन्तिम मुल्य |
|---|---|---|
| भवन | ५० | - |
| लिजहोल्ड सम्पत्ति | ५ | - |
| कम्प्युटर | ५ | - |
| यातायातका साधानहरु | १० | - |
| फर्निचर, कार्यालय सामान | ७ | - |
| मेसिनरी | १० | - |
| अन्य सामान | ५ | - |

- लिज होल्ड तर्फको खर्चलाई पट्टा अवधि वा अधिकतम १० वर्ष जुन कम हुन्छ त्यसमा ह्रास कट्टी गरिएको छ।
- सफ्टवेयर खरीद र स्थापना लागतको पूँजीकृत मूल्यलाई अधिकतम पाँच वर्ष वा स्वामित्व अवधि भित्रमा ह्रास कट्टी गरिएको छ।
- रु. १०,००० भन्दा कमको सम्पत्तिलाई खरिद गरिएको वर्षमा नै खर्च लेखांकन गरिन्छ।
- चालु वर्षमा खरिद गरेको वा बिक्री गरेको सम्पत्तिको लागि, अनुपातिक आधारमा प्रयोग गरिएको मितिसम्म ह्रासकट्टी गरिएको छ।
- ह्रासकट्टी विधि, उपयोगि जीवन र शेष मूल्यलाई प्रत्येक प्रतिवेदन मितिमा समीक्षा र समायोजन गरिन्छ।

**घ) अपलेखाङ्कन** (De-recognition)

सम्पत्ति र उपकरणहरूको निसर्ग भएमा वा भविष्यमा त्यसको प्रयोगबाट आर्थिक लाभको आशा नभएमा सम्पत्ति र उपकरणहरूलाई अपलेखांकन गरिन्छ। सम्पत्ति र उपकरणको अपलेखनबाट उत्पन्न हुने लाभ वा नोक्सानलाई नाफा-नोक्सान विवरणमा समावेश गरिन्छ। जब प्रतिस्थापन खर्चलाई सम्पत्ति र उपकरणहरूको रुपमा लेखांकन गरिन्छ, प्रतिस्थापित सम्पत्ति र उपकरणहरूको बाँकी रहेको किताबी रकमलाई अपलेखांकन गरिन्छ। सारभूत निरीक्षण खर्चहरु पूँजिकृत गरिन्छ। त्यसरी पूँजीकृत गर्ने क्रममा, अघिल्लो निरीक्षण खर्चको बाँकी रहेको किताबी रकमलाई अपलेखांकन गरिन्छ।

**३.८ अमूर्त सम्पत्ति/साख**

अमूर्त सम्पत्तिहरूमा वित्तीय संस्थाले खरीद गरेको सफ्टवेयर पर्दछ। सफ्टवेयर लागत मूल्यमा सञ्चित ह्रासकट्टी र सञ्चित क्षय नोक्सानी घटाए पछि आउने रकममा मापन गरिन्छ। सफ्टवेयरलाई, प्रयोगको लागि उपलब्ध मिति देखि समदर विधि अनुसार, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा अपलेखन गरिन्छ। हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि पाँच वर्ष रहेको छ। परिशोधन विधि, उपयोगी जीवन र शेष मोल (Residual value) प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र आवश्यकता अनुसार समायोजन गरिन्छ।

**लेखाङ्कन**

अमूर्त सम्पत्ति वस्तु वा सेवाको उत्पादन वा आपूर्तिमा प्रयोगकोलागि अरूलाई भाँडामा दिन वा प्रशासनिक उद्देश्यका लागि राखिएको भौतिक रुप नभएको पहिचान योग्य गैह्र मौद्रिक सम्पत्ति हो । लागत विश्वसनीय रुपमा मापन गर्न सकिन्छ र भविष्यमा आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना रहेको अवस्थामा अमूर्त सम्पत्ति लेखाङ्कन गरिन्छ । अमूर्त सम्पत्तिहरूलाई प्रारम्भिक रुपमा परल मूल्यमा अभिलेख गरिएको हुन्छ । वित्तीय संस्थाको अघिल्लो वित्तीय विवरण तथा अन्तरिम वित्तीय विवरणमा खर्चको रुपमा लेखाङ्कन गरेको खर्चलाई पछिल्लो मितिमा अमूर्त सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गरिएको छैन ।

**कम्प्युटर सफ्टवेयर र लाइसेन्स**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पुंजिकृत गरिन्छ । सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पुंजिकृत गरिन्छ जहाँ सम्भावना छ यसले आफ्नो लागतको अधिकमा भावी आर्थिक लाभहरू उत्पन्न गर्दछ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित हुन्छन् । सफ्टवेयर कायम गर्न सम्बन्धित लागतहरू खर्चको रूपमा पहिचान र लेखांकन गरिन्छ ।

सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको अनुमानित उपयोगी जीवनमा समदर प्रणालीमा नाफा वा नोक्सानमा परिशोधित गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी जीवन ५ वर्ष हो । ५ हजार रुपैयाँ भन्दा कम लागतको सफ्टवेयरलाई खर्चको रुपमा लेखिन्छ ।

परिशोधन विधिहरू, उपयोगी जीवनहरू र अवशिष्ट मानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने समायोजित हुन्छ ।

**नियमित खर्च** (Subsequent Expenditure)

सफ्टवेयरमा गरिएको खर्चहरु भरपर्दो रुपमा मापन गर्न सकिने र सो खर्चले सफ्टवेयरको स्तरिय कार्यसम्पादन (Standard Performance) पहिले अनुमान गरिएको भन्दा बढी आर्थिक लाभहरू भविष्यमा उत्पादन गर्न सक्ने सम्भावना भए, त्यस्तो खर्चलाई पूँजीकृत गरिन्छ । अन्य सबै खर्चहरुलाई खर्च भए अनुसार खर्च लेखिन्छ । ख्यातीलाई लागत मूल्यमा सञ्चित क्षय नोक्सानी घटाइ मापन गरिन्छ ।

**अमूर्त सम्पत्तिको परिशोधन**

ख्याती बाहेकका अमूर्त सम्पत्ति प्रयोगको लागि उपलब्ध भएको मिति देखि त्यस्ता सम्पत्तिको प्रयोगबाट वित्तीय संस्थाले प्राप्त गर्ने आर्थिक लाभको आधारमा व्यवस्थापनले तय गरेको यसको अनुमानित उपयोगी जीवनमा समदर विधि प्रयोग गरि नाफा-नोक्सानमा परिशोधित (Amortized) गरिन्छ । परिशोधन विधि, उपयोगी जीवन र शेष मोल (Residual value) प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र आवश्यकता अनुसार समायोजन गरिन्छ । वित्तीय संस्थाले अमूर्त सम्पत्तिको कुनै शेष मोल नभएको धारणा राख्दछ ।

**अमूर्त सम्पत्तिको अपलेखाङ्कन**

अमूर्त सम्पत्तिको निसर्ग भएमा वा भविष्यमा त्यसको प्रयोगबाट आर्थिक लाभको आशा नभएमा अमूर्त सम्पत्तिलाई अपलेखाङ्कन गरिन्छ । अमूर्त सम्पत्तिको अपलेखाङ्कनबाट उत्पन्न हुने नाफा वा नोक्सानलाई नाफा-नोक्सान विवरणमा समावेश गरिन्छ ।

३.९ **लगानी सम्पत्ति** (Investment Property)

भाडामा लगाउन वा मूल्य वृद्धि हुने अपेक्षा सहित साधारणतया बिक्रीको लागि र आफ्नो स्वप्रयोगको लागि नराखिएको जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । खराब कर्जा तथा सापटीको असुलीको क्रममा बैंकले सकार गरेका गैर बैंकिङ्ग सम्पत्तिहरू (घरजग्गा) लाई पनि लगानी सम्पत्तिकै रुपमा वर्गीकरण गरिन्छ ।

**मापन**

लगानी सम्पत्तिलाई लागत मूल्यमा मापन गरिएको छ । सो अनुसार सम्पत्तिको लेखाङ्कन पश्चात् सम्पत्तिलाई हानि नोक्सानी घटाई लागत मूल्यमा प्रस्तुत गरिन्छ । यदि कुनै सम्पत्तिको प्रयोगमा परिवर्तन भएको कारणले त्यो सम्पत्तिलाई सम्पत्तिमा लगानी भनी पुनःवर्गीकरण गरिन्छ भने त्यस सम्पत्तिको पुनःवर्गीकरण गरिएको दिनको उचित मूल्यलाई त्यस सम्पत्तिको लागत मूल्य मानि लेखाङ्कन गरिन्छ ।

**सम्पत्तिको निसर्गको लेखांकन**

लगानी सम्पत्तिहरु यदि दीर्घकालिन रुपमा प्रयोगबाट हटाइएको वा विक्रि गरिएको र भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा नरहेमा ती सम्पत्तिमा लगानीहरुको निसर्ग भएको मानिन्छ र निसर्गको लेखांकन गरिन्छ । प्रयोगमा परिवर्तन आएको खण्डमा मात्र लगानी सम्पत्तिमा/बाट कुनै सम्पत्तिलाई सारिन्छ । यदि कुनै सम्पत्तिको प्रयोगमा परिवर्तन भई त्यस सम्पत्तिलाई सम्पत्ति र उपकरणको रुपमा वर्गीकरण गरिएमा त्यस सम्पत्तिको पुनःवर्गीकरण गरिएको दिनको उचित मूल्यलाई त्यस सम्पत्तिको लागत मूल्य मानि लेखाङ्कन गरिन्छ ।

३.१० **आयकर**

NAS 12 (Income Taxes) बमोजिम आयकर खर्च भनेको चालु कर र स्थगन कर जोडिएर आउने रकम हो । सिधै इक्विटीमा वा अन्य विस्तृत आम्दानीमा पहिचान हुने शिर्षकसँग सम्बन्धित आयकर खर्च क्रमशः इक्विटीमा वा अन्य विस्तृत आम्दानीमा र त्यस बाहेकको आयकर खर्च नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

**क) चालु कर**

समीक्षा वर्षको अन्त्यमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको करको दर तथा कर कानुन अनुसार गणना गरिएको आन्तरिक राजश्व विभागबाट/लाई पाउनु पर्ने/तिर्नु पर्ने यस वर्षको रकम र अघिल्ला वर्षहरुसँग सम्बन्धित कर दायित्वको समायोजन समेत चालु अवधिको कर सम्पत्ति वा दायित्व अन्तर्गत पर्दछ ।

**ख) स्थगन कर**

वित्तीय विवरणमा सम्पत्ति र दायित्वको कर आधार र किताबी मूल्यको अस्थायी भिन्नताहरु र समायोजन गर्न बाँकी कर घाटामा स्थगन कर पहिचान गरिन्छ । स्थगन कर वासलातको मितिमा प्रचलित करको दर प्रयोग गरि निर्धारण गरिन्छ र स्थगन कर सम्पत्ति प्राप्त गर्दा अथवा स्थगन कर दायित्व फछ्र्यौट गर्दा उपयोग गरिन्छ । स्थगन गरिएको कर सम्पत्तिलाई भविष्यमा पर्याप्त करयोग्य आय सिर्जित भई उक्त करयोग्य आयमा समायोजन गर्न सकिने व्यवहारिक रुपले सुनिश्चितता नभएसम्म स्थगन कर सम्पत्तिलाई लेखांकन गरिदैंन । स्थगन कर सम्पत्तिहरू प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र निश्चित रूपमा अपेक्षा गर्न सकिने रकमलाई मात्र प्रस्तुत गर्न उचित समायोजन गरिन्छ । स्थगन कर सम्पत्ति र कर दायित्वहरूलाई निम्न लिखित अवस्थामा अफसेट (Offset) गरिन्छ :

क) कर दायित्व र सम्पत्तिहरू समायोजन (Offset) गर्न कानूनी अधिकार रहेमा

ख) करहरू समान प्राधिकरणले समान संस्थामा लगाउने भएमा र

ग) वित्तीय संस्थाको कर दायित्व र सम्पत्तिहरू खुद आधार (Net Basis) मा राफसाफ गर्ने आशय भएमा वा कर सम्पत्ति र दायित्व एकैसाथ प्राप्त हुने भएमा ।

### ३.११ निक्षेप, जारी गरिएका ऋण सुरक्षणपत्र र सुरक्षण नराखिएको सहायक आवधिक ऋण

**क) निक्षेप**

वित्तीय संस्थाले आफ्ना ग्राहकहरुबाट, चालू, आवधिक बचत र बचत खाताहरु अन्तर्गत बचत स्वीकार गर्दछ। यी कारोबारहरु वित्तीय संस्थाको किताबमा रेकर्ड गरिएको हुन्छ, र परिणामस्वरूप यो वित्तीय संस्थाको दायित्व हुन्छ र वित्तीय संस्थाले निक्षेपकर्तालाई तिर्नुपर्ने रकमको रुपमा राखिएको हुन्छ।

**ख) जारी गरिएको ऋण सुरक्षणपत्र**

यसमा डिवेञ्चर, बन्ड वा वित्तीय सस्थाद्वारा जारी अन्य सुरक्षणपत्रहरू छन्। निक्षेप र जारी सुरक्षणपत्र सुरुमा ाबष्च खबगिभ मा वृद्धिशील (Incremental) प्रत्यक्ष कारोबार लागत घटाएर मापन गरिन्छ, र पछि प्रभावकारी व्याजदर विधि प्रयोग गरी मापन गरिन्छ, त्यस बाहेक समूहले नाफा वा नोक्सानमार्फत ाबष्च खबगिभ मा दायित्व निर्धारण गर्छ।

तर, वित्तीय संस्थाले हालसम्म ऋण पत्र जारी गरेको छैन।

**ग) सुरक्षण नराखिएको सहायक आवधिक ऋण**

सहायक दायित्वहरु ती दायित्वहरू हुन् जुन धष्लमष्लन गउ हुँदा निक्षेपकर्ताको दाबीमा सहायक हुन्छन्। वित्तीय संस्थासँग त्यस्तो कुनै सहायक दायित्व छैन।

### ३.१२ व्यवस्थाहरु

विगतका कुनै घटनाको कारण वर्तमान दायित्व सृजना भई वित्तीय संस्थाको स्रोतको प्रवाह हुने सम्भावना भएमा र सो दायित्व रकमको उचित अनुमान गर्न सकिएमा वित्तीय संस्थाले व्यवस्था गर्दछ। समीक्षा वर्षको अन्त्यमा वर्तमान दायित्व पुरा गर्न आवश्यक पर्ने सबैभन्दा उचित अनुमानित रकम जसमा दायित्वसँग सम्वन्धित जोखिम र अनिश्चितता समेत समायोजित हुन्छ, त्यहि नै व्यवस्था रकम हुन्छ। सम्भावित नगद प्रवाहको आधारमा व्यवस्था मापन गरिने भएमा त्यस्तो नगद प्रवाहको वर्तमान मूल्य लिइन्छ। जब एउटा करारबाट वित्तीय संस्थाले लिने अपेक्षित लाभ करार अन्तर्गतको आफ्नो दायित्व पूरा गर्न अपरिहार्य रुपमा व्यहोर्नुपर्ने लागतभन्दा कम हुन्छ तब त्यस्तो बोझिलो (onerous) करारको लागि व्यवस्था पहिचान गरिन्छ। त्यस्तो व्यवस्थाको मापन करार अन्त्य गर्दा लाग्ने अनुमानित लागत र करार पुरा गर्दा हुने खुद लागत वा नोक्सान मध्ये कम रकमको वर्तमान मुल्यमा गरिन्छ।

व्यवस्था गर्नु अघि करारसंग सम्बन्धित कुनै सम्पत्तिमा क्षय नोक्सानी भए त्यो पहिचान गरिन्छ। व्यवस्था सम्वन्धी खर्च कुनै सोधभर्ना पाउने रकम भए घटाई नाफा नोक्सान विवरणमा प्रस्तुत गरिन्छ।

पहिचान भएका दायित्वहरु मूल्याङ्कन गर्दा सबै प्रकारका सम्भावित जोखिमहरु ख्याल गरिन्छ। भविष्यका अनिश्चित घटनामा निर्भर हुनसक्ने वा आर्थिक लाभको बहिर्गमन हुने सम्भावना कम भएका वा विश्वसनीय तवरले मापन गर्न नसकिने दायित्वहरु सम्भावित दायित्वहरु हुन्। अत्यन्तै दुर्लभ सम्भावना भएका दायित्व बाहेकका अन्य सम्भावित दायित्वहरु वित्तीय अवस्थाको विवरणमा पहिचान नगरी लेखा सम्बन्धी टिप्पणीमा मात्र प्रस्तुत गरिन्छ।

### ३.१३ आयको पहिचान तथा लेखाङ्कन

आम्दानी भनेको संस्थाको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो, यदि त्यस्ता लाभहरुले इक्विटी सहभागीहरुको योगदानको कारणले बाहेक इक्विटीको वृद्धि हुन्छ। आम्दानीलाई यस हदसम्म पहिचान र लेखांकन गरिन्छ कि आर्थिक लाभहरू वित्तीय संस्थामा प्रवाहित हुनेछन् र आम्दानी भरपर्दो मापन गर्न सकिन्छ। जुन आयको प्राप्ती सम्भव छैन तिनलाई आम्दानी अवधिमा लेखांकन गरिएको छैन। वित्तीय संस्थाको आम्दानीमा व्याज आय, शुल्क र कमिसन, कार्डहरूको आम्दानी, रेमिट्यान्स आय, बैंकईन्स्योरेन्स कमिसन आदि समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन् :

**ब्याज आम्दानी**

NFRS 9 बमोजिम परिशोधित लागत (amortized cost) मा मूल्याङ्कन गरिएका वित्तीय उपकरणहरुको हकमा ब्याज आम्दानी वा खर्च प्रभावी व्याज दर (Effective Interest Rate –EIR) प्रयोग गरी लेखाङ्कन गरिन्छ। प्रभावी ब्याजदर वित्तीय सम्पत्ति वा दायित्वको अवधि भित्र भविष्यमा हुने भुक्तानी वा प्रवाहहरूलाई डिस्काउन्टीङ्ग गर्दा उक्त वित्तीय सम्पत्ति वा दायित्वको किताबी मूल्य बराबर ल्याउन प्रतिबिम्बित हुने दर हो।

प्रभावी ब्याजदर उपकरणको सबै शर्तहरु (जस्तैः अग्रिम भुक्तानीको विकल्प) विश्लेषण गरी भविष्यमा हुने नगद प्रवाहको अनुमान गरी तर भविष्यमा हुने नोक्सानीको अनुमान नगरी गणना गरिन्छ। प्रभावी ब्याज दरको गणनामा कारोबार लागत र शुल्क तिरेको वा प्राप्त गरेको रकमलाई समावेश गरिएको छ। यदि वित्तीय संस्थाले नगद प्राप्ती वा भुक्तानीको अनुमानमा संशोधन गरेमा वित्तीय सम्पत्ति र दायित्वको किताबी मूल्य समेत समायोजन गर्दछ। समायोजित किताबी मूल्यलाई प्रारम्भिक प्रभावी व्याज दर (Original EIR) प्रयोग गरी हिसाब गरिन्छ र किताबी मूल्यमा आउने परिवर्तनलाई वित्तीय सम्पत्तिको हकमा 'ब्याज आय' र वित्तीय दायित्वको हकमा 'व्याज खर्च' भनी लेखाङ्कन गरिन्छ। तर पुनर्वर्गिकरण गरिएको वित्तीय सम्पत्तिको हकमा नगद प्रवाह वृद्धि भई भविष्यको नगद प्रवाह प्राप्त हुने अनुमानमा समेत सुधार आएमा, त्यस्तो वृद्धिको समायोजन अनुमानमा परिवर्तन भएको मितिबाट प्रभावी व्याज दरमा गरिन्छ।

तथापी बैंकले २०८२ भाद्र ९ को कार्भ आउट (Carve Out) तथा नेपाल राष्ट्र बैंकद्वारा जारी Guidance Note on Interest Income Recognition, 2025 बमोजिम स्टेज १ र २ अन्तर्गत पर्ने सम्पूर्ण वित्तीय सम्पत्तिको बक्यौता साँवामा कुपन ब्याज दर लगाई समीक्षा अवधिको ब्याज आम्दानीको लेखाङ्कन गरेको छ।

नेपाल राष्ट्र बैंकद्वारा जारी NFRS 9-Expected Credit Loss Related Guidelines, 2024 तथा Guidance Note on Interest Income Recognition, 2025 बमोजिम स्टेज ३ अन्तर्गत पर्ने कर्जाको ब्याज आम्दानीको लेखाङ्कन नगद आधारमा गरिएको छ।

मिति २०८२ आषाढ मसान्तमा प्राप्त गर्न बाँकी रहेको (पाकेको) ब्याज आम्दानी मिति २०८२ श्रावण १५ सम्ममा प्राप्त भएको अवस्थामा नियमनकारी निकायको मार्गदर्शन बमोजिम नियमनकारी कोषको गणना गर्दा समायोजन गरिएको छ।

कारोवारसँग सम्बन्धित आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने यकिन भएमा मात्र आम्दानीको रुपमा लेखांकन गरिन्छ। नगद प्रवाहको अनिश्चितताका कारण कुनै-कुनै अवस्थामा आम्दानी प्राप्तिको समयमा वा अनिश्चितता हटेमा मात्र पहिचान गरिन्छ।

**शुल्क तथा कमिशन आम्दानी**

निश्चित अवधिको लागि सेवा प्रदान गरे बापत कमाइएको शुल्क (जस अन्तर्गत सेवा शुल्क र कमिशन आम्दानी पर्दछन्) लाई समय अनुपातको आधारमा आम्दानीमा लेखाङ्कन गरिन्छ। अग्रिम भुक्तानी हुन सक्ने कर्जाको कर्जा प्रतिवद्दता शुल्क तथा कर्जा सम्वन्धी अन्य शुल्कलाई आयमा नबाँधी कर्जाको प्रभावी ब्याज दरमा नै समायोजन गरिन्छ।

**लाभांश आम्दानी**

लाभांश प्राप्त गर्ने अधिकार स्थापित भए पश्चात् लाभांश आम्दानी लेखाङ्कन गरिन्छ।

**खुद व्यापारिक आम्दानी**

खुद ब्यापारिक आम्दानीमा फेयर भ्याल्यूमा परिवर्तन भई सिर्जना हुने सबै नाफा नोक्सान, सम्वन्धित पूँजीगत नाफा

नोक्सान तथा ब्यापारिक प्रयोजनका लागि धारण गरिएको वित्तीय सम्पत्तिको लाभांश समावेश गरिन्छ।

**Fair value through Profit or Loss मा मापन हुने अन्य वित्तीय उपकरणबाट खुद आम्दानी**

Fair value through Profit or Loss मा मापन हुने अन्य वित्तीय उपकरणबाट खुद आम्दानीमा फेयर मूल्यमा वित्तीय उपकरणहरुको पुनर्मूल्याङ्कन गर्दा आएका नाफा र नोक्सान पर्दछन्।

**३.१४ ब्याज खर्च**

परिशोधित लागत (Amortized Cost) मा मूल्याङ्कन गरिएका सम्पूर्ण वित्तीय दायित्वहरुको हकमा ब्याज खर्च प्रभावी ब्याज दर प्रयोग गरी लेखाङ्कन गरिन्छ। प्रभावी ब्याजदर वित्तीय दायित्वको अवधि भित्र भविष्यमा हुने भुक्तानीहरूलाई डिस्काउन्टीङ्ग गर्दा उक्त वित्तीय दायित्वको किताबी मूल्य बराबर प्रतिविम्बित हुने दर हो।

**३.१५ कर्मचारी लाभ** (Employee Benefits)

**क) अल्पकालिन कर्मचारी लाभ**

छोटो अवधिको कर्मचारी लाभ दायित्वहरू म्ष्कअयगलत नगरी मापन गरिन्छ र सम्बन्धित सेवा प्राप्त गरिएको छ भनी खर्च गरिन्छ। बोनस ऐन, २०३० ले तोकेको बोनस अन्तर्गत पनि तिर्नु पर्ने दायित्व रकमलाई कर्मचारीद्वारा प्रदान गरिएको विगत सेवाको परिणामको रूपमा दायित्व लेखाङ्कन गरिन्छ।

अल्पकालिन कर्मचारी सुविधामा निम्न लिखित कुरा समावेश हुन्छन (यदि रिपोर्टिङ अवधिको अन्त्यपछि १२ महिनाभित्र भुक्तानयोग्य भएमा) :

- ज्याला, तलब र सामाजिक सुरक्षा योगदान
- तलबी वार्षिक बिदा र बिरामी बिदा
- नाफा बाँडफाँड र लाभांश
- गैर नगद लाभ

गैर नगद लाभ अन्तर्गत कर्मचारीलाई सहुलियत दरमा प्रदान गरेका कर्जाहरुमा विद्यमान बजार दर र सहुलियत दरको फरक हुन आउने रकमको गणना गरी लाभको रकम खर्च लेखिन्छ।

**ख) सेवा पछिको लाभ**

सेवा पछिको लाभमा निम्न लिखित समावेश हुन्छन् :

**अ) परिभाषित योगदान योजना** (Defined Contribution Plan)

परिभाषित योगदान योजना सेवा निवृत लाभ योजना हो जस अन्तर्गत वित्तीय संस्थाले निश्चित योगदानलाई छुट्टै संस्थामा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा व्यवहारिक दायित्व हुँदैन। परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखांकन गरिन्छ। भविष्यमा नगद रकम फिर्ता हुने वा कटौती उपलब्ध हुने हदसम्म अग्रिम भुक्तान गरिएको योगदानलाई सम्पत्तिको रूपमा लेखांकन गरिन्छ। परिभाषित योगदान योजनामा कर्मचारीको सेवा प्रदान गरेको वर्षान्त देखि १२ महिना पछाडि भुक्तानी हुने हुँदा, त्यसलाई Discount गरेर वर्तमान मूल्यमा लेखांकन गरिन्छ। वित्तीय संस्थाले कर्मचारीहरूलाई उपलब्ध गराएको परिभाषित योगदान योजना निम्न अनुसार छ :

- **कर्मचारी सञ्चय कोष**

  कानून बमोजिम, वित्तीय संस्थाका सबै कर्मचारीले कर्मचारी सञ्चयकोष लाभ प्राप्त गर्न हकदार हुन्छन। कर्मचारी सञ्चयकोष परिभाषित योगदान योजना अन्तर्गत कर्मचारी र वित्तीय संस्था दुवैले पूर्व निर्धारित दर (हाल, आधारभूत तलब प्लस ग्रेडको १० प्रतिशत) अनुसार रकम योगदान गर्छन्। वित्तीय संस्थाले आफ्नो वार्षिक योगदान बाहेक सञ्चयकोषको लागि अन्य दायित्व पहिचान गर्दैन।

आ) **परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा निवृत लाभ योजना हो । लाभ योजनाहरूको सन्दर्भमा वित्तीय संस्थाको खुद दायित्वहरू प्रत्येक योजनाको लागि कर्मचारीले भविष्यमा प्राप्त गर्ने लाभ रकमको अनुमान लगाएका हुन्छन् । त्यस लाभलाई वर्तमान मूल्य निर्धारण गर्न Discount गरिन्छ । पहिचान नगरिएका विगत सेवा लागतहरू र योजनागत सम्पत्तिहरूको उचित मोल दायित्वमा घटाइन्छ । Discount Rate प्रतिवेदन मितिमा उच्च गुणस्तरको समान Maturity मिति भएको विकास ऋणपत्रको दर हो जसको अनमानित अवधि वित्तीय संस्थाको दायित्वको अवधि समान हुन्छ । दायित्वको गणना वार्षिक रुपमा प्रोजेक्ट युनिट क्रेडिट (Projected Unit Credit) विधि पयोग गरी Actuary द्वारा गरिन्छ । वित्तीय संस्थाले परिभाषित लाभ योजनाबाट उत्पन्न विमाङ्किक नाफा वा नोक्सानलाई तुरुन्त अन्य विस्तृत आयमा लेखांकन गर्दछ र परिभाषित लाभ योजनामा भएको खर्चलाई नाफा वा नोक्सान खाता मा लेखांकन गदर्छ ।

उपदान समूहद्वारा कर्मचारीहरूलाई प्रदान गरिएको परिभाषित लाभ योजना हो ।

इ) **अन्य दीर्घकालीन कर्मचारी लाभहरू**

कर्मचारीहरूले सम्बन्धित सेवा प्रदान गरेको वित्तीय वर्षान्त पछि बाह्र महिनामा पुरा भुक्तानी नहुने आशा गरिएका लाभहरू दीर्घकालीन कर्मचारी लाभहरूमा समावेश हुन्छन् । वित्तीय संस्थाले सबै विमाङ्किक नाफा वा नोक्सान, सबै सेवा लागत र अन्य दीर्घकालीन कर्मचारी लाभहरू सम्वन्धित ब्याजलाई नाफा वा नोक्सान खातामा लेखांकन गर्दछ । बिरामी बिदा र घर बिदा समूहले कर्मचारीहरूलाई प्रदान गरेको अन्य दीर्घकालीन कर्मचारी लाभ हुन् ।

- **विदा वापतको तलब** (Leave Salary)

  वित्तीय संस्थाका कर्मचारीहरूले तोकिएको अधिकतम सीमा सम्म बिदा संचित गर्न सक्छन् । वित्तीय संस्थाका कर्मचारीहरूले कर्मचारी सेवा विनियमावली अनुसार संचित बिदाको आंशिक भुक्तानी लिन सक्छन् । वित्तीय संस्थाले संचित विदा वापतको दायित्व विमांकिक (Actuarial) मूल्याङ्कन को आधारमा लेखांकन गर्दछ ।

ई) **जागिरबाट विदा हुंदाको लाभ** (Termination Benefits)

जब वित्तीय संस्थाले फिर्ता लिने यथार्थ परक सम्भावना बिना, स्वेच्छिक अवकाशलाई प्रोत्साहन गर्ने प्रस्तावको परिणाम स्वरुप समाप्ति लाभ प्रदान गर्ने औपचारिक विस्तृत योजनाको लागि प्रतिबद्ध हुन्छ तब यस्ता भुक्तानीलाई खर्चको रुपमा लेखाङ्कन गरिन्छ । यदि वित्तीय सस्थाले स्वैच्छिक अवकाशको प्रस्ताव गरेको छ र यो प्रस्ताव स्वीकार गरिने सम्भावना र संख्याको भरपर्दो अनुमान गर्न सकिन्छ भने प्रस्ताव गरिएको समाप्ति लाभलाई खर्चको रुपमा लेखाङ्कन गरिन्छ । यदि सुविधाहरू रिपोर्टिंग मिति पछि १२ महिना भन्दा बढी भुक्तान योग्य छन् भने, त्यसलाई Discounting गरी हालको मूल्यमा ल्याइन्छ ।

३.१६ **पट्टा**

कुनै करारले प्रतिफल प्राप्त हुने गरी निश्चित अवधिको लागि सम्पत्तिको प्रयोगमा नियन्त्रण गर्ने अधिकार प्रदान गरेमा त्यस्तो करार पट्टा हुन्छ । अल्पकालिन अवधि (१२ महिना वा सोभन्दा कम) को पट्टाको लेखाङ्कन नाफानोक्सानमा गरिन्छ र त्यस बाहेकको अवस्थामा करार लागु हुने मितिमा बैंकले सम्पत्ति (Right of use asset) र दायित्व (Lease liability) को पहिचान गर्दछ । दायित्वको मापन गर्दा समावेश हुने पट्टा अन्तर्गतका भुक्तानीहरुमा निश्चित भुक्तानी, सूचकांक वा दरमा निर्भर हुने परिवर्तनशील भुक्तनी, सम्पत्तिको शेष मूल्यको जमानत अन्तर्गतको भुक्तानी, खरिद गर्ने अधिकार प्रयोग गर्दाको अवस्थाको भुक्तानी, करार अन्त्य गर्दाको जरिवाना आदि पर्दछन् ।

वित्तीय संस्थाले लागत विधिबाट Right of use asset को मापन गरी ह्रासकट्टी बापत रु ८४.१० लाख र Lease liability को ब्याज खर्च बापत ४४.४५ लाख लेखाङ्कन गरेको छ । ीभबकभ ष्बिदषष्तिथ लाई पट्टा अवधिभर वित्तीय संस्थाको थप सापटी लिन पर्दा आउने दर प्रयोग गरि परिशोधन गरिन्छ । रु ५.१३ करोड बराबरको Right of use asset अन्य सम्पत्ति अन्तर्गत र रु ६.०१ करोड बराबरको Lease liability अन्य दायित्व अन्तर्गत समावेश गरिएको छ ।

अर्को व्यवस्थित आधार प्रयोगकर्ताको लाभको समय शैलीको अधिक प्रतिनिधि हुँदैन भने सञ्चालन पट्टा अन्तर्गत पट्टा भुक्तानी पट्टा अवधिमा समदर प्रणलीको आधारमा खर्चको रूपमा लेखाङ्कन गरिन्छ ।

### ३.१७ विदेशी मुद्रा कारोबार

सम्पूर्ण विदेशी मुद्रामा भएका कारोबारहरुलाई कार्यात्मक मुद्रामा, जुन नेपाली रुपैयाँ हो, कारोवार भएको मितिको विनिमय दरले रुपान्तरण गरिन्छ । आर्थिक वर्षको अन्त्यमा विदेशी मुद्रामा अङ्कित मौद्रिक सम्पत्ति तथा दायित्वलाई वर्षान्तको विनिमय दर प्रयोग गरी नेपाली रुपौयाँमा रुपान्तरण गरिन्छ र गैर व्यापारिक कारोवारबाट आउने सम्पूर्ण फरक रकमलाई नाफा नोक्सान विवरणमा 'अन्य सञ्चालन आम्दानी' अन्तर्गत देखाइन्छ । अवधिको सुरुवातमा कार्यात्मक मुद्रामा देखाईएको परिशोधित लागत र वित्तीय वर्षको अन्त्यको विनिमय दरले रुपान्तरण गरिएको परिशोधित लागतको भिन्नता नै मौद्रिक सम्पत्ति र दायित्वमा भएको विदेशी विनिमय नाफा/नोक्सान हो ।

ऐतिहासिक लागतमा मापन गरिने विदेशी मुद्राको गैर मौद्रिक सम्पत्ति र दायित्वलाई सुरुवाती कारोबार गर्दाको मितिको विनिमय दर प्रयोग गरी रुपान्तरण गरिन्छ । त्यस्तै, फेयर भ्याल्यूमा मापन गरिने विदेशी मुद्राको गैर मौद्रिक सम्पत्ति र दायित्वलाई फेयर भ्याल्यू निर्धारण गर्दाको मितिको विनिमय दरले रुपान्तरण गरिन्छ ।

मौद्रिक सम्पत्ति/दायित्व फछ्र्यौट गर्दा वा रिपोर्टिङ गर्दाको दर र प्रारम्भिक लेखाङ्कन गर्दाको दर फरक भई विदेशी विनिमय भिन्नता आए त्यसलाई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।
हाल सम्म वित्तीय संस्थाले विदेशी मुद्राको कारोबार गरेको छैन ।

### ३.१८ वित्तीय जमानत र कर्जा प्रतिबद्धता

वित्तीय जमानत भनेको निर्दिष्ट ऋणी कर्जा उपकरणको शर्तहरू बमोजिम भुक्तानी गर्न असफल हुँदा वित्तीय संस्थाले राख्नेलाई क्षतिपूर्ति दिन निश्चित भुक्तानी दिन आवश्यक पर्ने एक सम्झौता हो । कर्जा प्रतिबद्धताहरु भनेका पूर्व निर्धारित शर्त बमोजिम कर्जा दिनुपर्ने स्थिर प्रतिबद्धता हो ।

कर्जा प्रतिबद्धता भनेको त्यस्तो प्रतिबद्धता हो जहाँ वित्तीय संस्थाले ग्राहकलाई कर्जा दिने उद्देश्य निश्चिन्त गरेको हुन्छ वा ग्राहकको तर्फबाट वित्तीय संस्थाले कर्जा, ओभरड्राफ्ट, भविष्यको जमानत दिन प्रतिबद्धता जनाएको हुन्छ तर रिपोर्टिङ मितिमा वित्तीय संस्थाले भुक्तानी दिएको हुन्न, त्यस्ता उपकरणहरु वित्तीय विवरणमा प्रतिबद्धताको रुपमा उल्लेख गरिन्छ ।

### ३.१९ सेयर पूँजी र कोष

- **शेयर पूँजी**

  शेयर पूँजी र जगेडा कोषलाई NAS 32 अनुसार खुद सम्पत्तिको रुपमा ईक्विटीमा लेखाङ्कन गरिन्छ । १ प्रतिशतसम्मको शेयर निष्कासन खर्चलाई उल्लेखनिय नमान्ने वित्तीय संस्थाको नीति रहेको छ । अतः त्यस्तो खर्चलाई पूँजीबाट नघटाई सम्बन्धित अवधिको नाफा नोक्सान हिसावमा देखाइएको छ ।

- **साधारण जगेडा कोष**

  बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम जगेडा कोषमा रहेको मौज्दात चुक्ता पूँजीको दोब्बर नपुगेसम्म बैंकको प्रत्येक आर्थिक वर्षको खुद मुनाफाबाट २०% रकम साधारण जगेडा कोषको लागि छुट्याइन्छ । साधारण जगेडा कोषबाट कुनै पनि किसिमको लाभांश वितरण गरिँदैन ।

- **सटही घटबढ कोष**
  बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय संस्थाको प्रत्येक आर्थिक वर्षको कुल विदेशी विनिमय पुनर्मूल्याय्न नाफा (revaluation gain) को २५% रकम सटही घटबढ कोषको लागि छुट्याइन्छ।

- **संस्थागत सामाजिक उत्तरदायित्व कोष**
  नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थागत सामाजिक उत्तरदायित्वको लागि प्रत्येक आर्थिक वर्षको मुनाफाको १ प्रतिशत छुट्याइएको रकम यस शिर्षकमा प्रस्तुत गरिन्छ। संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्दा गरिने खर्चहरु यस कोषबाट खर्च गरिन्छ।

- **नियमनकारी जगेडा कोष**
  नेपाल राष्ट्र बैंकको निर्देशिन बमोजिम NFRS लागू गर्ने प्रयोजनको लागि वित्तीय संस्थाले संचित मुनाफाबाट नियमनकारी जगेडा कोषमा रकम जम्मा गर्नुपर्ने हुन्छ र यो कोष लाभांश (नगद र बोनश शेयर) वितरण गर्ने प्रयोजनको लागि स्वतन्त्र मानिँदैन। यस्तो कोषमा लेखाङ्कन गरिएको तर प्राप्त नभएको ब्याज आम्दानी, नेपाल राष्ट्र बैंकको निर्देशिन बमोजिमको कर्जा नोक्सानी व्यवस्था र NFRS बमोजिमको क्षय नोक्सानी बीचको फरक (NFRS बमोजिमको नोक्सानी कम भएको अवस्थामा), नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिएको स्थगन कर आम्दानी, Fair value through profit or loss मा मापन भएको वित्तीय सम्पत्तिको मूल्याङ्कन नाफा आदि रकम समावेश गरिन्छ। त्यस्तो रकममा पर्ने बोनश तथा करको असरको समायोजन नेपाल राष्ट्र बैंकको निर्देशिन बमोजिम गरिन्छ।

- **लगानी समायोजन कोष**
  वित्तीय संस्थाले सूचीकृत नभएको सँगठित संस्थाको धितोपत्रमा लगानी गरेको अवस्थामा त्यस्तो संस्थाको धितोपत्र लगानी मितिदेखि ३ वर्षभित्र पनि सूचीकृत नभएमा यो कोष खडा गरिन्छ।

- **फेयर भ्याल्यू जगेडा कोष**
  FVTOCI मा मापन गरिने लगानीको फेयर भ्याल्यूमा हुने घटबढलाई यो शिर्षक अन्तर्गत राखिन्छ। यसको विस्तृत विवरण लेखा सम्बन्धी टिप्पणी को ४.८.३ मा खुलाइएको छ।

- **एक्चुरीयल नाफा/नोक्सान जगेडा कोष**
  नेपाल राष्ट्र बैंकको निर्देशिन बमोजिम परिभाषित लाभ योजनाको मापन गर्दा आउने एक्च्युरीयल नाफा/नोक्सानलाई अन्य विस्तृत आम्दानी हुँदै यो शिर्षकमा प्रस्तुत गरिन्छ।

**३.२० प्रतिसेयर आम्दानी**

वित्तीय संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत तथा डाइलुटेड प्रति शेयर आम्दानीको विवरण प्रस्तुत गर्दछ। आधारभूत प्रति शेयर आम्दानी शेयरधनिहरुलाई वितरणयोग्य नाफा नोक्सानलाई वित्तीय संस्थाको भारित औसत साधारण शेयरको संख्याले भाग गरी निकालिन्छ। डाइलुटेड प्रति शेयर आम्दानी साधारण शेयरधनिहरुलाई वितरणयोग्य नाफानोक्सान एवम् भारित औसत साधारण शेयर संख्यामा भविष्यमा सम्भावित साधारण शेयरमा परिणत हुने वित्तीय उपकरण भएमा त्यसको असरलाई समायोजन गरी निकालिन्छ।

**३.२१ ईकाई रिपोर्टिङ**

देशको विभिन्न ७ वटा प्रदेशमा हुने व्यवसायिक गतिविधिको आधारमा वित्तीय संस्थाले भौगोलिक इकाईहरुको पहिचान गरेको छ। साथै, वित्तीय संस्थाले क्षेत्रगत रुपमा निर्णय लिइने आधारमा बैंकिङ, ट्रेजरी, कार्ड र रेमिटेन्सजस्ता मूख्य इकाईको रुपमा वर्गिकरण गरेको छ। इकाईगत विवरण लेखासम्बन्धी टिप्पणीको बुँदा ५.४ मा उल्लेख गरिएको छ।

व्यवस्थापनले श्रोत बाँडफाँड र कार्यसम्पादन मूल्याङ्कन बारे निर्णय गर्न इकाईहरुको संचालन नतिजाको छुट्टाछुट्टै निगरानी गर्दछ। इकाईहरुको कार्यसम्पादन मूल्याङ्कन संचालन नाफा नोक्सानको आधारमा गरिन्छ जसको मापन विधि एकिकृत वित्तीय विवरणको संचालन नाफा नोक्सानको भन्दा केहि अर्थमा भिन्न हुन्छ। आयकरको व्यवस्था एकिकृत रुपमा गरिन्छ र संचालन इकाईहरुमा बाँडफाँड गरिँदैन। संचालन इकाईहरुबीच कारोबार हुने स्थानान्तरण मूल्यको निर्धारण तेश्रो पक्षसँगको कारोवारझैं तटस्थ (arm's length) आधारमा गरिन्छ।

## ३.२२ प्रतिवेदन मिति पछिका घटनाहरु

NAS १० 'Events after Reporting Date' अनुसार प्रतिवेदन मिति पछिका सबै महत्वपूर्ण घटनाहरू विश्लेषण गरिएको छ र वित्तीय विवरणमा उचित समायोजन वा खुलासाहरू गरिएका छन्।

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

## अनुसूचीहरु

### ४.१ नगद र नगद समान

(रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| नगद | ३५,६९३,६८८ | ३४,३४४,९७९ |
| वित्तीय संस्थामा रहेको मौज्दात | ३४२,१३०,१३६ | ४४६,३६३,५३८ |
| माग तथा अल्पसूचनामा प्राप्त हुने रकम | | |
| अन्य अल्पकालिन | | – |
| जम्मा | ३७७,८२३,८२४ | ४८०,७०८,५१७ |

### ४.२ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात र तिनुपर्ने

(रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| नेपाल राष्ट्र बैंकमा रहको वैधानिक मौज्दात | १३९,९२४,५४७ | १२४,३३०,६८९ |
| पुनर्बिक्रिको सम्झौता अनुसार खरिद गरिएको सुरक्षणपत्र | – | – |
| नेपाल राष्ट्र बैंकमा अन्य निक्षेप | ४४७,५३१,५९० | – |
| जम्मा | ५८७,४५६,१३७ | १२४,३३०,६८९ |

### ४.३ बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

(रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| स्वदेशी बैंक तथा वित्तिय संस्थामा रहेको मौज्दात | – | – |
| विदेशी बैंक तथा वित्तिय संस्थामा रहेको मौज्दात | – | – |
| घटाउने: जोखिम व्यवस्था | – | – |
| जम्मा | – | – |

### ४.४ बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

(रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| ब्यापारका लागि राखिएको | | |
| व्याजदर स्वाप | – | – |
| मुद्रा स्वाप | – | – |
| अग्रिम विनिमय सम्झौता | – | – |
| अन्य | – | – |
| जोखिम व्यवस्थापनका लागि राखिएको | | |
| व्याजदर स्वाप | – | – |
| मुद्रा स्वाप | – | – |
| अग्रिम विनिमय सम्झौता | – | – |

| | | |
|---|---|---|
| अन्य | – | – |
| जम्मा | – | – |

**४.५ बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात** (रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| ट्रेजरी बिल | – | – |
| सरकारी ऋणपत्र | – | – |
| नेपाल राष्ट्र बैंक ऋणपत्र | – | – |
| स्वदेशी इ.प्र. प्राप्त संस्थाको ऋणपत्र | – | – |
| इक्विटी | – | – |
| अन्य | – | – |
| जम्मा | – | – |

**४.६ वित्तीय संस्थालाई कर्जा सापटी** (रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| लघुवित्त वित्तीय संस्थालाई ऋण | ११०,६६६,६२५ | १४७,०७०,४३६ |
| अन्य | – | – |
| घटाउनेः हानी नोक्सानी व्यवस्था | (१,१०४,४५९) | (१,७६२,०७२) |
| जम्मा | १०९,५६२,१६७ | १४५,३०८,३६४ |
| लघुवित्त वित्तीय संस्थालाई प्रवाह गरिएको कर्जामा प्राप्त हुनु पर्ने व्याज | – | – |

**४.६.१ हानी नोक्सानीको लागि विशेष व्यवस्था** (रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| साउन १ मा रहेको मौज्दात | १,७६२,०७२ | २०४,५५४ |
| आर्थिक वर्षको हानी नोक्सानी | | |
| आर्थिक वर्षको हानी | | १,५५७,५१८ |
| असुल उपर गरिएको रकम | ६५७,६१३ | – |
| अपलेखन गरिएको रकम | – | – |
| असार मसान्तमा रहेको मौज्दात | १,१०४,४५९ | १,७६२,०७२ |

**४.७ ग्राहकलाई कर्जा सापटी** (रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| परिशोधित लागतमा मापन गरिएको ग्राहकलाई कजा सापटी | २,०००,८२३,३०९ | १,६६१,०६६,७९० |
| घटाउनेःहानी नोक्सानी व्यवस्था | | |
| सामुहिक हानी नोक्सानी (Collective Impairment) | (३०,१९२,७६४) | – |
| एकल हानी नोक्सानी (Individual Impairment) | (१६४,२८३,६६१) | (२१९,१६७,२५०) |

| | | |
|---|---|---|
| खुद रकम | १,८०६,३४६,८८४ | १,४४१,८९९,५४१ |
| FVTPL मा मापन गरिएको कर्जा सापटी | – | – |
| जम्मा | १,८०६,३४६,८८४ | १,४४१,८९९,५४१ |

कर्जा रकममा कर्जामा प्राप्त हुनु पर्ने व्याज रकम र कर्मचारीलाई प्रदान गरिएको कर्जा समेत समावेश गरिएको छ।
माथि उल्लेखित हानी नोक्सानी व्यवस्था बापतको रकम नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार रहेको छ।
नेपाल राष्ट्र बैंकको निर्देशन नं. २ अनुसारको हानि व्यवस्था निम्नानुसार रहेको छ।

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| सक्रिय कर्जा | १,७६०,४३१,०५४ | १,३९८,२२१,१८८ |
| असल कर्जा | १,४६७,८३९,३८८ | १,०९८,२९४,५५८ |
| सुक्ष्म निग्ररानी कर्जा | २९२,५९१,६६६ | २९९,९२६,६३० |
| निष्कृय कर्जा | १९९,९६०,९१६ | ३४८,०४४,८३३ |
| कमसल कर्जा | ७,५८६,१७० | १३३,४७०,३६६ |
| शंकास्पद कर्जा | १७,२८८,४७८ | १९७,११२,४५८ |
| खराब कर्जा | १७५,०८६,२६८ | १७,४६२,००९ |
| जम्मा | १,९६०,३९१,९७० | १,७४६,२६६,०२१ |
| थपः कर्मचारी कर्जा तथा प्राप्त हुनु पर्ने खुद व्याज | ४०,४३१,३३९.२४ | (८५,१९९,२२६) |
| जम्मा कर्जा | २,०००,८२३,३०९ | १,६६१,०६६,७९५ |

**कर्जा नोक्सानी बापतको व्यवस्था**

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| सक्रिय कर्जा | ३०,१९२,७६४ | ४२,२४६,७२७ |
| असल | १५,८४५,९३२ | २१,४२४,८०८ |
| सुक्ष्म निगरानी | १४,३४६,८३१ | २०,८२१,९१९ |
| निष्कृय कर्जा | १६४,२८३,६६१ | १७८,६८२,५९५ |
| कमसल | १,८१७,७८८ | ६४,२९७,१२५ |
| शंकास्पद | ७,४०५,४५३ | १०५,८५९,४७३ |
| खराब | १५५,०६०,४२० | ८,५२५,९९७ |
| जम्मा | १९४,४७६,४२५ | २२०,९२९,३२२ |

**४.७.१ कर्जा प्रकारको आधारमा कर्जा र सापटीको विश्लेषण** (रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| कर्जा प्रकार | | |
| आवधिक कर्जा | ९५१,८०७,०४२ | ६४६,५०७,६५७ |
| अधिविकर्ष कर्जा (व्यक्तिगत) | ९७,६८०,६१९ | ११४,७५८,०३३ |
| क्यास क्रेडिट कर्जा | २१०,४७९,०९३ | १२३,८७९,९३२ |

| | | |
|---|---|---|
| टि.आर. कर्जा/आयात कर्जा | – | १,१००,००० |
| व्यक्तिगत आवासीय कर्जा | २१७,१२२,४१८ | १२२,३९६,७२४ |
| रियल स्टेट कर्जा | ७७,९०४,३०६ | ११०,३६८,१३४ |
| मार्जिन प्रकृतिको कर्जा | १०२,४०६,०४३ | १३२,६३८,७३४ |
| हायर पर्चेज कर्जा | १५०,६८०,४७३ | १६४,१०३,९४१ |
| विपन्न वर्ग कर्जा | १००,२०५,८८५ | २६५,८३५,५०४ |
| बिल खरिद | – | – |
| कर्मचारी कर्जा | १४,९७२,१४३ | १७,८१०,१५३ |
| अन्य | ५२,१०६,०८९ | ६४,६७७,३६३ |
| जम्मा | १,९७५,३६४,११३ | १,७६४,०७६,१७४ |
| असुल उपर गर्न बाँकी ब्याज | २५,४५९,१९६ | ४३,८२९,९४६ |
| जम्मा | २,०००,८२३,३०९ | १,८०७,९०६,१२१ |

## ४.७.२: मुद्राको अधारमा कर्जा सापटीको विश्लेषण

(रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| नेपाली रुपैंया | २,०००,८२३,३०९ | १,८०७,९०६,१२१ |
| भारतीय रुपीया | – | – |
| अमेरिकी डलर | – | – |
| पाउण्ड स्टर्लिङ | – | – |
| युरो | – | – |
| जापानी येन | – | – |
| चाइनिज युवान | – | – |
| अन्य | – | – |
| जम्मा | २,०००,८२३,३०९ | १,८०७,९०६,१२१ |

## ४.७.३: धितोको अधारमा कर्जा सापटीको विश्लेषण

(रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| सुरक्षित | | |
| चल/अचल सम्पती | १,७१८,९४६,७६६ | १,२६७,८६१,३७४ |
| सुन/चाँदी | – | – |
| स्वदेशी बैंक तथा वित्तिय संस्थाको जमानत | ११०,६६६,६२५ | १३९,४३९,३२६ |
| सरकारी जमानत | २,६२७,२८२ | २,६२७,२८२ |
| अन्तराष्ट्रिय मान्यताप्राप्त बैंकको जमानत | – | – |
| निर्यात कागजपत्रको धितो | – | – |
| मुद्दती निक्षेपको रसिद | ५२,१९०,२९५ | ६६,५७९,२६७ |
| सरकारी सुरक्षणपत्र | – | – |

| | | |
|---|---|---|
| काउन्टर जमानत | – | – |
| व्यक्तिगत जमानत | ९७,२८७,१३१ | १२७,०२९,३९३ |
| अन्य धितो | ४,१६१,५०३ | ७,२३२,१०६ |
| जम्मा | १,९८५,८७९,६०३ | १,६१०,७६८,७४७ |
| सुरक्षण नभएको | – | – |
| जम्मा | १,९८५,८७९,६०३ | १,६१०,७६८,७४७ |

### ४.७.४: हानी नोक्सानीको व्यवस्था

(रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| हानी नोक्सानीको विशेष व्यवस्था | | |
| साउन १ गतेको मौज्दात | २१९,१६७,२५० | ८७,२७९,६६१ |
| आर्थिक वर्षको हानी | | |
| आर्थिक वर्षको हानी | (५४,८८३,५८८) | १३१,८८७,५८८ |
| असुल उपर गरेको रकम | | |
| अपलेखन | | |
| विदेशी मुद्राको विनिमय दरमा आएको भिन्नता | | |
| अन्य | | |
| असार मसान्तसम्मको रकम | १६४,२८३,६६१ | २१९,१६७,२५० |
| हानी नोक्सानीको सामुहीक व्यवस्था | | |
| साउन १ गतको मौज्दात | – | – |
| आर्थिक वर्षको हानी | | |
| आर्थिक वर्षको हानी | ३०,१९२,७६४ | – |
| असुल उपर गरेको रकम | | – |
| अन्य | – | – |
| असार मसान्तसम्मको रकम | ३०,१९२,७६४ | – |
| हानी नोक्सानीको कुल व्यवस्था | १९४,४७६,४२५ | २१९,१६७,२५० |

### ४.८ लगानी सुरक्षण पत्र

(रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| परिशोधित लागतमा मापन गरिएको लगानी सुरक्षण पत्र | १४२,५२३,१०३ | ४०५,०२९,६८८ |
| FVTOCI मा मापन गरिएको इक्विटीमा लगानी | ६६,१६८,९७५ | ९६,७७९,४९४ |
| जम्मा | २०८,६९२,०७८ | ५०१,८०९,१८१ |

वित्तीय संस्थाले यस शीर्षक अन्तर्गत गरेको वित्तीय उपकरणमा गरेको लगानीलाई दुई वर्गमा प्रस्तुत गरिएको छ अर्थात परिशोधित मुल्यमा मुल्याङ्कन गरिएको धितोपत्रमा लगानी र FVTOCI मा मुल्याङ्कन गरिएको धितोपत्रमा लगानी परिशोधित मुल्यमा मुल्याङ्कन गरिएको धितोपत्रमा लगानी बाहेक अन्य लगानी फेयर भ्याल्युमा मापन गरिएको छ र फेयर भ्याल्युमा भएको परिर्वतन अन्य विस्तृतआम्दानीमा जनाइएको छ। जब लगानीबाट भएको आम्दानी बोनस सेयरको रुपमा प्राप्त हुन्छ, लगानीको

मुल्यांकन त्यसको लागत मुल्य परिवर्तन नगरि, सेयर संख्या बढाएर गरिन्छ।

### ४.८.१ परिशोधित लागतमा मापन गरिएको सुरक्षणपत्र

(रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| ऋणपत्र | - | - |
| सरकारी ऋण पत्र | ११२,६८९,८४० | १२१,३७५,००० |
| सरकारी ट्रेजरी विल | ३०,४२३,४१४ | २८३,६५४,६८८ |
| नेपाल राष्ट्र बैंकको ऋण पत्र | - | - |
| नेपाल राष्ट्र बैंकको निक्षेप उपकरणहरु | - | - |
| अन्य | | - |
| घटाउनेः हानी नोक्सानीको लागि व्यवस्था | - | - |
| जम्मा | १४३,११३,२५४ | ४०५,०२९,६८८ |

सरकारी ऋणपत्रमा प्राप्त हुनु बाँकी व्याज रकम

### ४.८.२ अन्य विस्तृत आम्दानीको तालिकामा फेयर भेल्युमा मुल्याक्तन गरिएका शेयर लगानी

(रकम रु.मा)

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|
| शेयर उपकरणहरु | | |
| सुचिकृत शेयर | ५४,७१८,३८० | ९०,५७२,३३० |
| सुचिकृत नभएका शेयर | ११,४५०,५९४ | ६,२०७,१६४ |
| जम्मा | ६६,१६८,९७५ | ९६,७७९,४९४ |

लगानीको लागत इक्विटीको नेटवर्थभन्दा कम नहुने भन्ने अनुमान गरिएकोले सुचिकृत नभएका इक्विटी लगानीलाई लागतमा प्रस्तुत गरिएको छ।

### ४.८.३ इक्विटी लगानी सम्बन्धमा जानकारी

| विवरण | आ.व. २०८१/८२ | | आ.व. २०८०/८१ | |
|---|---|---|---|---|
| | लागत | फेयर भ्यालु | लागत | फेयर भ्यालु |
| सुचीकृत इक्विटीमा लगानी | ६१,२०९,०२६ | ५४,७१८,३८० | १०५,५३७,५०२ | ९०,५७२,३३० |
| नेरुडे लघुवित्त वित्तीय संस्था (संस्थापक सेयर) | | | | ५९५ |
| १ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| निर्धन उत्थान लघुवित्त वित्तीय संस्था (संस्थापक सेयर) | २,४६८,०७३ | २,७२७,६०० | २,४६८,०७३ | २,७२७,६०० |
| ४५४६ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| बुटवल पावर कम्पनी लि. | ४,२५० | ८,५६८ | ७,०५७,०४३ | ४,६३२,३३० |
| ९ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| चिलिमे हाइड्रोपावर कम्पनी लि. | | | ७०४,७२७ | ७०५,८७० |
| १३८० कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| रसुवागडी हाइड्रोपावर कम्पनी लि. | | | १,००१,०२० | ६९४,७२५ |
| २३५५ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| साञ्जेन जलविद्युत कम्पनी लि. | | | ६८३,९०६ | ५६७,४०० |
| २००० कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| नेको इन्स्योरेन्स कम्पनी लि. | १,७५४,६८८ | १,४३५,८५४ | १,७१४,३८८ | १,३४४,२८८ |
| २०११ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| एनएलजी इन्स्योरेन्स कम्पनी लि. | | | १,२४६,७०८ | १,११६,०४० |
| १३३१ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| सगरमाथा इन्स्योरेन्स कम्पनी लि. | १,२४९,६३९ | ८४६,८९४ | १,२४९,६३९ | ८३३,१४२ |
| ११४६ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लि. | १,२५०,९८६ | १,१०९,८२८ | १,२५०,९८६ | १,११०,९९१ |

| | | | | |
|---|---|---|---|---|
| १२९२ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| एसियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | १,२५१,२७९ | ७५९,३९० | १,२५१,२७९ | ९२७,६४७ |
| १४८९ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. | १,२४८,७५२ | ७०५,०३८ | १,२४८,७५२ | ६८०,९६२ |
| १५८४ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| हिमालयन लाइफ इन्स्योरेन्स | १,२७५,६९६ | ८२९,८४५ | १,२४७,५९६ | ६९१,२८८ |
| २०४९ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| नेशनल लाइफ इन्स्योरेन्स क. लि. | १,२६१,१४९ | ९७५,९९५ | १,२६१,१४९ | ८७८,८१५ |
| १५३७ कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| शिवम् सिमेन्ट लि. | ३,१६१,८६५ | १,३२४,३२० | ३,१६१,८६५ | १,१४७,७५६ |
| २४८० कित्ता सेयर प्रति कित्ता रु १०० ले चुक्ता | | | | |
| सर्वोत्तम सिमेन्ट लि. | | | २२६,५६५ | ४५५,६७३ |
| म्युचल फण्डमा लगानी | | | | |
| एनआइसी एसिया डाइनामिक फण्ड | २०,४९९,९९९ | २०,१९३,६१५ | २०,४९९,९९९ | २१,१८७,०५७ |
| १,९१०,४६५ युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| सिटिजन म्युचल फण्ड २ | ४,६३०,६४७ | ३,५६१,५२९ | ४,६३०,६४७ | ३,४१९,०६८ |
| ३३१३०५ युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| सिटिजन म्युचल फण्ड १ | | | ७,३४२,७९८ | ५,३७९,९८८ |
| ५५८०९० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| प्रभु सेलेक्ट फण्ड | | | ३,०००,००० | २,९३७,००० |
| ३००,००० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| एनआइसी एसिया सेलेक्ट ३० | २,०००,००० | १,८५४,००० | २,०००,००० | १,९२०,००० |
| २००,००० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |

| | | | | |
|---|---|---|---|---|
| सनराइज फस्ट म्युचल फण्ड | २,७४७,३२१ | २,००७,८४० | २,७४७,३२१ | १,९४५,८०० |
| १८८,००० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| सानिमा इक्वीटी फण्ड | | | २,१३५,३५९ | १,६३६,५०० |
| १५०,००० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| आरबीबी म्युचल फण्ड १ | २,०००,००० | १,९९२,००० | २,०००,००० | १,६३२,००० |
| २००,००० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| मेगा म्युचल फण्ड १ | ३,०००,००० | २,८७४,००० | ३,०००,००० | २,३१६,००० |
| ३००,००० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| नविल ब्यालेन्स फण्ड ३ | १६६,८०० | १६६,६३३ | १६६,८०० | १३०,१०४ |
| १६,६८० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| एनआइबिएल सहभागिता फण्ड | ३,२४०,८८३ | ३,०१८,७३१ | ३,२४०,८८३ | २,८२०,६९४ |
| २६७,६१८ युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| कुमारी धनवृद्धि योजना | १,०००,००० | १,००१,००० | १,०००,००० | ९६७,००० |
| १००,००० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| एनआइसी एसिया फ्लेक्सी क्याप फण्ड | १,०००,००० | १,०३५,००० | १,०००,००० | ९२५,००० |
| १००,००० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| ग्लोबल आइएमई ब्यालेन्स फण्ड १ | २,९९७,००० | ३,२९६,७०० | २०,०००,००० | १८,२००,००० |
| २९९,७०० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| कुमारी सुनौलो लगानी योजना | | | १,०००,००० | १,१८४,००० |
| १००,००० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
| हिमालय ८० २० | | | ३,०००,००० | २,९९७,००० |
| ३००,००० युनिट प्रति इकाई रु १० ले चुक्ता | | | | |
